# कोशी प्रदेश ऐन सङ्ग्रह

## खण्ड ४

## २०८२

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

# कोशी प्रदेश ऐन सङ्ग्रह

## खण्ड ४

## २०८२

(स्वास्थ्य, वन, वातावरण, पर्यटन तथा पूर्वाधार सम्बन्धी ऐनहरूमा
सम्वत् २०८२ साल असार मसान्तसम्मका
संशोधन समेत मिलाइएको)


<u>प्रकाशक</u>

कोशी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

विराटनगर, नेपाल

# विषय सूची


| क्र.सं. | ऐनको नाम | पृष्ठ नं. |
|---|---|---|
| १. | प्रदेश सिंचाई ऐन, २०७५ | १ |
| २. | बृहत विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६ | १७ |
| ३. | पर्यटन विकास ऐन, २०७६ | २३ |
| ४. | प्रदेश भवन ऐन, २०७६ | ३८ |
| ५. | प्रदेश स्वायत संस्था गठन ऐन, २०७६ | ५० |
| ६. | प्रदेश विद्युत ऐन २०७६ | ५३ |
| ७. | कोशी प्रदेशको वातावरण संरक्षण ऐन २०७६ | ६५ |
| ८. | कोशी प्रदेश वन ऐन, २०७७ | ९४ |
| ९. | प्रदेश सार्वजनिक सडक ऐन, २०७७ | १३७ |
| १०. | कोशी प्रदेशको जनस्वास्थ्य ऐन, २०७७ | १५० |

# प्रदेश सिंचाई ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५/७/२८

संवत् २०७५ सालको ऐन नं. २२

**प्रस्तावना:** जलस्रोतको उपयोगबाट सिंचाई सेवाको विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न भरपर्दो, पहुँचयोग्य र सहभागितामूलक सिंचाई सेवा उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सिंचाई ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ६ र ७ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित अवधिभित्र निर्माण सम्पन्न गरी सञ्चालन र व्यवस्थापन गर्न तय गरिएका कुनै सिंचाई योजना सम्झनु पर्छ र सो शब्दले सिंचाईसम्बन्धी कार्यक्रम समेतलाई जनाउँछ।

(ग) "उपभोक्ता" भन्नाले सिंचाई आयोजनाबाट प्रत्यक्षरूपमा कृषिजन्य लाभ प्राप्त गर्ने जग्गाधनी, मोही वा त्यस्तो जग्गाधनी र मोहीको परिवारको कुनै सदस्य वा सम्बन्धित कृषक वा अन्य कुनै त्यस्ता कृषकको परिवारको कुनै सदस्य समेतलाई सम्झनु पर्छ।

(घ) "कृषकव्यवस्थित सिंचाई प्रणाली" भन्नाले उपभोक्ताले आफ्नो लगानीमा निर्माण, व्यवस्थापन वा सञ्चालन गरेको सिंचाई प्रणाली सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकार वा अन्य निकायको सहयोग प्राप्त गरी पुनःर्स्थापना भएका सिंचाई प्रणालीहरू समेतलाइ जनाउँछ।

(ङ) "कोष सञ्चालक समिति" भन्नाले दफा २२ बमोजिम सिंचाई विकास कोष सञ्चालक समिति सम्झनु पर्छ।

(च) "जल उपभोक्ता संस्था" भन्नाले यस ऐनबमोजिम जल उपभोक्ताहरूले गठन गरेको संस्था सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम दर्ता भएको सिंचाई जल उपभोक्ता सहकारी संस्था समेतलाई जनाउँछ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(झ) "बहुउद्देश्य उपयोग" भन्नाले सिंचाईको साथ साथै जलविद्युत, पर्यटन, खानेपानी, मत्स्यपालन, जलविहार आदि कार्यहरूसम्झनु पर्छ।

(ञ) "भूमिगत सिंचाई" भन्नाले डीप ट्यूबवेल, स्यालो ट्यूबवेल, इनार वा अन्य प्रविधिबाट जमिनमुनिको पानी तानी गरिने सिंचाई सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको सिंचाईसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्दछ।

(ठ) "बिशेष सिञ्चित क्षेत्र" भन्नाले दफा १५ बमोजिम प्रदेश सरकारले घोषणा गरेको विषेश सिञ्चित क्षेत्र सम्झनु पर्छ।

(ड) "सिंचाई" भन्नाले प्राकृतिकरूपमा उपलब्ध पानीलाई बोटविरूवा तथा बाली विकासको लागि कृत्रिम तरिकाबाट पानी पुर्‍याउने प्रकृया सम्झनु पर्छ।

(ढ) "सिंचाई अधिकृत" भन्नाले दफा १८ को उपदफा (२) बमोजिम प्रदेश सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

(ण) "सिंचाई आयोजना" भन्नाले सिंचाईको लागि पानीको संकलन, प्रवाहीकरण (कन्भेयान्स), भन्डारण वा वितरण लगायत पानीको अन्य उपयोगसमेत गर्ने आयोजना सम्झनु पर्छ।

(त) "सिंचाई संरचना" भन्नाले सिंचाई उपलब्ध गराउनको लागि मुहानदेखि सिञ्चित क्षेत्रसम्म निर्माण गरिएका भौतिक संरचना र यसले चर्चेको जमिन, त्यसैसँग सम्बन्धित सडक, बाटो वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले सिञ्चित क्षेत्रबाट पानी निकासका संचरना (ड्रेनेज) समेतलाई जनाउँछ।

(थ) "सिंचाई सेवा शुल्क" भन्नाले सिंचाई सेवा उपयोग गरेवापत उपभोक्ताले भुक्तानी गर्नुपर्ने रकमलाई सम्झनु पर्छ।

(द) "सिंचाई विकास कोष" भन्नाले सिंचाई विकासका लागि प्रदेश सरकारले स्थापना गरेको दफा २१ बमोजिमको सिंचाई विकास कोष सम्झनु पर्छ।

(ध) "सिञ्चित क्षेत्र" भन्नाले कुनै खास सिंचाई सेवा पुगेको वा पुग्ने क्षेत्रलाई सम्झनु पर्छ।

३. <u>**सिंचाई आयोजनाको क्षेत्राधिकार:**</u> (१) प्रदेश सरकारबाट नयाँ निर्माण गरिने तथा निर्मित आयोजनाहरूको सञ्चालन र सुदृढीकरण हुने सिंचाई आयोजनाहरू देहायबमोजिम हुनेछन्ः-

(क) तराई मधेशमा २०० (दुई सय) हेक्टरदेखि २०,०००(बिस हजार) हेक्टरसम्मको सिंचाई आयोजना,

(ख) पहाडमा ५० (पचास) हेक्टरदेखि १,००० (एक हजार) हेक्टरसम्मको सिंचाई आयोजना।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि यदि स्थानीय तहबाट माग तथा अनुरोध भई आएमा प्रदेश सरकारले पहाडी क्षेत्रमा ५० (पचास) हेक्टरभन्दा घटी र तराई मधेशमा २०० (दुई सय) हेक्टरभन्दा घटी क्षमताका सिंचाई आयोजनाहरू निर्माण गर्न र प्रदेश सरकारले माग तथा अनुरोध गरेमा केन्द्र सरकारले २०,००० (बीस हजार) हेक्टरभन्दा कम क्षमताका सिंचाई आयोजनाहरू निर्माण गरिदिन सक्नेछ।

(३) तराई मधेशमा २००० (दुई हजार) हेक्टरदेखि ३०००० (तिस हजार) हेक्टरसम्म सिञ्चित क्षेत्र भएको निर्मित सिंचाई आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा सुदृढीकरण कार्य प्रदेश सरकारले गर्नेछ।

(४) पहाडी क्षेत्रको हकमा निर्मित सिंचाई आयोजनाको मर्मत सम्भार, सञ्चालन तथा सुदृढीकरण कार्यतोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि पहाडी क्षेत्रमा ५० (पचास) हेक्टरभन्दा घटी र तराई मधेशमा २०० (दुई सय) हेक्टरभन्दा घटी क्षमताका डीप ट्यूवेल सिंचाई आयोजना वा यस्तै कुनै नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको सर्वेक्षण, निर्माण, विकास र सञ्चालन प्रदेश सरकारले गर्न सक्नेछ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय कानूनले उपदफा (१) र (२) भन्दा फरक ढंगले न्यूनतम र अधिकतम सीमा तोकेमा संघीय कानून बमोजिम हुनेछ।

४. **सिंचाई प्रणालीको विकासको मार्गचित्र:** (१) प्रदेश सरकारले जलस्रोतको विकास र उपयोगको लागि प्रदेशको समग्र सिंचाई प्रणालीको योजना बनाई सोको मार्गचित्र तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मार्गचित्रमा जलस्रोतको उपयोग, उपयोग गर्ने तरिका, व्यवस्थापनको ढाँचा, सञ्चालन तथा नियमन गर्ने विधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सिंचाई प्रणालीको विकासका लागि प्रदेश सरकार, जल उपभोक्ता संस्था वा प्रदेश सरकार र निजी क्षेत्रको साझेदारी वा निजी क्षेत्र मात्रैले सिंचाई प्रणालीको विकास, सञ्चालन, नियमन, वितरण र मर्मत सम्भारको कार्य गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

५. **अनुमति विना सिंचाई प्रणालीको निर्माण र विकास गर्न नहुने:** (१) कसैले पनि प्रदेश सरकारबाट वा प्रदेश सरकारले तोकेको निकाय वा अधिकारीको अनुमति प्राप्त नगरी कुनै किसिमको सिंचाई प्रणालीको सर्वेक्षण, निर्माण र विकास गर्न वा सिंचाईको प्रयोजनका लागि जलस्रोतको प्रयोग गर्न वा गराउन हुँदैन।

तर, प्रदेश सरकार आफैले सिंचाई प्रणालीको सर्वेक्षण, निर्माण र विकास गर्न चाहेमा कुनै किसिमको अनुमति लिनु पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो व्यक्तिगत सिंचाई प्रयोजनको लागि सानो आकारको कूलो वा पैनी खनी सिंचाई गर्न कुनै अनुमति लिनु पर्ने छैन।

६. **सिंचाई प्रणालीको निर्माण तथा विकास गर्न अनुमितपत्र लिनुपर्ने:** (१) दफा (७) बमोजिमको सर्वेक्षण अनुमति लिई तोकिएको समयभित्र सर्वेक्षणको कार्य समाप्त भएपछि सिंचाई प्रणालीको निर्माण, विकास, सञ्चालन, व्यवस्थापन र वितरणमध्ये सबै वा केही कार्य गर्न अनुमतिपत्रको लागि तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निवेदन उपर जाँचबुझ गरी तोकिएको अधिकारीले पचहत्तर दिनभित्र अनुमति दिनु पर्नेछ। तर सो अवधिभित्र अनुमति दिन नसक्ने अवस्था भए आधार र कारण खोली निर्णय गरी पैतालिस दिनको अवधि थप गरी अनुमति दिइनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति दिन नसकिने भए सोको आधार र कारण खुलाई निवेदकलाई अनुमति दिन नसक्ने भनि निर्णय गरेको मितिले दश दिन भित्र लिखित जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको लिखित जानकारी उपर चित्त नबुझ्ने पक्षले जानकारी पाएको तिस दिनभित्र मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले सो उपर तिस दिनभित्र आवश्यक जाँचबुझ गरी निर्णय दिनु पर्नेछ र मन्त्रालयको त्यस्तो निर्णय अन्तिम हुनेछ।

७. **सर्भेक्षण अनुमतिपत्र लिनुपर्नेः** (१) कुनै किसिमको सिंचाई प्रणालीको निर्माण र विकास गर्न चाहने व्यक्ति वा संस्थाले दफा ६ बमोजिमको अनुमति लिनु पूर्व तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा सर्वेक्षण अनुमतिका लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निवेदन उपर जाँचबुझ गरी तोकिएको अधिकारीले साठ्ठी दिनभित्र सर्वेक्षण अनुमति दिनु पर्नेछ। तर सो अवधि भित्र अनुमति दिन नसक्ने अवस्था भए आधार र कारण खोली निर्णय गरी तिस दिनको अवधि थप गरी अनुमति दिइनेछ।

(३) उपदफा (१) बमोजिको निवेदन उपर जाँचबुझ गर्दा सर्वेक्षण अनुमतिपत्र दिन मनासिव नदेखिएमा तोकिएको अधिकारीले अनुमतिपत्र दिन नसक्नुको आधार र कारण खुलाई अनुमति दिन नसक्ने निर्णय गरेको मितिले दश दिन भित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको लिखित जानकारी प्राप्त गर्ने निवेदकलाई त्यस्तो लिखित जानकारी उपर चित्त नबुझेमा जानकारी पाएको मितिले तिस दिन भित्र मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ र मन्त्रालयले त्यस्तो निवेदन उपर छानविन गरी पैंतालीस दिन भित्र निर्णय दिनेछ।

८. **अन्य प्रयोजनका लागि पानीको प्रयोग गर्न सकिनेः** प्रदेश सरकारले प्रदेशअन्तर्गत निर्माण वा विकास गरेको वा निर्माणाधीन वा अनुमति प्राप्त सिंचाई प्रणाली वा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको सिंचाई प्रणालीमा उपलब्ध रहेको पानीबाट सिञ्चित क्षेत्रको सिंचाई सेवामा प्रतिकूल असर नपर्ने गरी खानेपानी, घरेलू उपयोग, पशुपालन र प्रचलित कानून बमोजिम मत्स्यपालन, जलपरिवहन, जलविहार, विद्युत उत्पादन वा तोकिए बमोजिमको अन्य प्रयोजनमा पानीको उपयोग गर्न सक्नेछ।

९. **आयोजनाको छनौट तथा निर्माणः** यस ऐन बमोजिम प्रदेश सरकारले सिंचाई आयोजनाको छनौट तथा निर्माण गर्दा तोकिए बमोजिमको मापदण्ड पूरा गरी देहायको प्रक्रियासमेत अवलम्वन गर्नु पर्नेछः-

(क) सम्भव भएसम्म स्थानीय तह, जलउपभोक्ता संस्थाका प्रतिनिधि एवं सरोकारवालासँग परामर्श गर्ने,

(ख) आयोजना निर्माण वा कार्यान्वयन गर्दा उपभोक्ताहरूले तोकिए बमोजिमको लागत सहभागिता वा जनसहभागिता जनाउनु पर्ने।

१०. **प्रतिकूल असर पर्ने गरी सिंचाई योजना कार्यान्वयन गर्न नहुनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै जलस्रोतबाट निर्मित सिंचाई प्रणालीलाई प्रतिकूल असर पार्ने गरी सोही आयोजनाको माथिल्लो भाग (अपस्ट्रिम) मा नयाँ आयोजनाको निर्माण गर्न सकिने छैन।

तर, प्रदेश सरकारले व्यापक सार्वजनिक उपयोगका लागि त्यस्तो स्रोतको माथिल्लो भागमा नयाँ आयोजना छनौट र विकास गर्न यो दफाले प्रतिकूल असर पार्ने छैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले देहायको अवस्थामा भएको जलस्रोतको उपयोग सम्झनु पर्छः-

(क) विद्यमान उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई प्रतिकूल असर नपर्ने गरी सोभन्दा बढी जनसंख्यालाई लाभ हुने सिंचाई आयोजना भएमा,

(ख) सामाजिक न्यायको दृष्टिकोणले नयाँ आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने र त्यसरी आयोजना कार्यान्वयन गर्दा विद्यमान सिंचाई प्रणाली उपर सारभूतरूपमा प्रतिकूल असर नपर्ने भएमा,

(ग) विद्यमान आयोजना र नयाँ आयोजनाका उपभोक्ताबीच पानीको बाँडफाँड गर्न सहमति भएमा।

(२) उपदफा (१) बमोजिम नयाँ आयोजना छनौट तथा निर्माण गरेको कारणबाट तत्काल कायम रहेको सिंचाई प्रणालीका उपभोक्तालाई सारभूतरूपमा प्रतिकूल असर पर्ने भएमा त्यस्ता उपभोक्तालाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

११. **निजी क्षेत्रसंग सहकार्य गर्न सक्ने:** (१) कुनै खास सिंचाई प्रणाली वा सिंचाईको साथसाथै जलस्रोतको अन्य उपयोग गर्दा व्यवसायिक दृष्टिकोणले संभाव्य देखिएमा प्रदेश सरकारले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत सम्भार, सुधार, सञ्चालन वा व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीको आधारमा निजी क्षेत्रसँग तोकिए बमोजिम सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मतसम्भार वा व्यवस्थापनमध्ये आवश्यकता अनुसार कुनै वा सबै कामहरूमा निजी क्षेत्रलाई संलग्न वा जिम्मा दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनाको आफैले अध्ययन, पहिचान, छनौट, निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मतसम्भार वा व्यवस्थापन गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनी स्थापना गरी अनुमतिपत्र प्राप्त गर्न तोकिएको निकायसमक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

१२. **सिंचाई प्रणाली हस्तान्तरण गर्न सकिने:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश सरकारबाट सञ्चालन हुने भनी संघीय सरकारबाट तोकिएको वा प्रदेश सरकारबाट निर्माण भएको कुनै सिंचाई आयोजना जलउपभोक्ता संस्था, स्थानीय तह वा निजि क्षेत्रलाई वा संयुक्त रुपमा प्रदेश सरकारले देहाय बमोजिम हस्तान्तरण गर्न सक्नेछः-

(क) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सिंचाई प्रणालीको सञ्चालन, व्यवस्थापन, मर्मत तथा सुधार कार्य प्रदेश सरकारले हस्तान्तरण गर्दाका बखत जारी गरेको हस्तान्तरणपत्रमा उल्लेखित सर्तबमोजिम गर्नु पर्नेछ।

(ख) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको आयोजना वा सिंचाई प्रणालीको सञ्चालन, व्यवस्थापन, मर्मत तथा सुधारको लागि आवश्यक रकम तथा स्रोतको व्यवस्था उपदफा (१) बमोजिमको संस्था आफैले गर्नु पर्ने वा प्रदेश सरकारले तोकेको सर्त अनुसार हुनेछ।

(ग) सिंचाई प्रणालीको हस्तान्तरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **सिंचाई प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण:** (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सिंचाई आयोजनाको सञ्चालन, व्यवस्थापन, मर्मत तथा सम्भारको जिम्मेवारी प्रदेश सरकारले तोकेबमोजिम सम्बन्धित जल उपभोक्ता संस्था,

स्थानीय तह वा जलउपभोक्ता संस्था, स्थानीय तह र निजी क्षेत्रलाई संयुक्त रुपमा दिन सक्नेछ र अन्य सिंचाई प्रणालीहरूको सञ्चालन, व्यवस्थापन वा संरक्षण र आयोजना क्षेत्रको अन्य प्रयोग सम्बन्धी व्यवस्था जिम्मेवारी तोकिए बमोजिम हुनेछ।

१४. **सिंचाई प्रणालीसँग सम्बन्धित भौतिक संरचनासम्बन्धी व्यवस्थाः** (१) सिंचाई प्रणालीको संरचना र सोसँग सम्बन्धित जमिन वा अन्य भौतिक संरचना, सिंचाई वा जलस्रोतको बहुउद्देश्यीय उपयोगको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने छैन।

(२) कुनै व्यक्तिको निजी जग्गामा सिंचाई आयोजना सम्बन्धी निर्माण भएका संरचना वा सोसँग सम्बन्धित जग्गामा निजको स्वामित्व वा भोगचलन सम्बन्धी विषय तोकिए बमोजिम हुनेछ।

(३) प्रदेश सरकारबाट लगानी भई निर्माण वा सुदृढीकरण गरी सञ्चालनमा रहेका सिंचाई प्रणालीसँग सम्बन्धित संरचना र सोसँग सम्बन्धित जग्गा वा भौतिक संरचना कुनैपनि व्यक्ति वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गरिने छैन।

तर, आयोजनालाई कुनै हानी नोक्सानी नहुने गरी कुनै सार्वजनिक हित वा व्यापारिक प्रयोजनका लागि प्रदेश सरकारको पूर्व स्वीकृति लिई प्रयोग गर्न यो दफाले कुनै बाधा पर्ने छैन।

१५. **विशेष सिञ्चित क्षेत्र घोषणा गर्न सकिनेः** (१) प्रदेश सरकारले तोकिएको मापदण्ड पुरा गर्ने वा पूरा हुन सक्ने कुनै सिञ्चित क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष सिञ्चित क्षेत्रको रूपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित सिञ्चित क्षेत्रमा सम्भव भएसम्म बाह्रै महिना सिंचाई सुविधाको व्यवस्थापन गरिनेछ र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सिञ्चित क्षेत्रमा तोकिए बमोजिम सघन कृषि विकास कार्यक्रम वा अन्य त्यस्तै कार्यक्रम लागु गरी सञ्चालन गर्न सकिनेछ।

१६. **विशेष सिञ्चित क्षेत्रको संरक्षणः** (१) घोषित विशेष सिञ्चित क्षेत्रमा कृषिजन्य र जडिबुटीजन्य उत्पादन बाहेक अन्य कुनै उत्पादन गरिने छैन।

(२) कसैले उपदफा (१) बमोजिमको क्षेत्रमा जडीबुटी, कृषिजन्य उत्पादन कार्यक्रम बाहेकका अन्य कार्यक्रम सञ्चालन गर्नु परेमा तोकिएको निकायबाट तोकिए बमोजिम स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृति प्राप्त नगरी गरिएको जडीबुटी र कृषिजन्य बाहेकको उत्पादनलाई प्रदेश सरकारले रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाएको अवस्थामा गरिएको गैर कृषिजन्य उपयोगसँग सम्बन्धित संरचना, उपकरण, स्रोत र उत्पादन प्रदेश सरकारले जफत गर्न सक्नेछ।

१७. **विशेष सिञ्चित क्षेत्रमा भौतिक संरचना निर्माणः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा १५ बमोजिम  घोषित सिञ्चित क्षेत्रमा कुनै प्रकारको व्यापार, व्यवसाय, शैक्षिक वा औद्योगिक संचरना वा भौतिक पूर्वाधार संरचनाको निर्माण गर्न पाइने छैन।

तर प्रदेश सरकारको स्वीकृति लिई तोकिएको मापदण्ड पूरा गरी कुनै भौतिक संरचनाको निर्माण गर्न भने यो दफाले कुनै बाधा पुग्ने छैन।

१८. **सिंचाई कार्यालयको व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विभिन्न कार्यक्षेत्रसमेत तोकी सिंचाई कार्यालयको स्थापना गर्न सक्नेछ।

(२) प्रदेश सरकारले लगानी गरी निर्माण, सुदृढीकरण वा व्यवस्थापन गरी सञ्चालनमा ल्याएका वा संघीय सरकारले तोकेको आयोजना वा सिंचाई प्रणालीहरू प्रदेश सरकारले सञ्चालन गर्न तोकिए बमोजिमको योग्यता पुगेको अधिकृतलाई प्रदेश सरकारले सिंचाई अधिकृतको रूपमा कार्य सम्पादन गर्ने गरी जिम्मेवारी तोक्न सक्नेछ।

(३) सिंचाई अधिकृतको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१९. **जल उपभोक्ता संस्थाको गठनः** (१) सामूहिक हितका लागि कुनै सिंचाई प्रणालीको विकास, मर्मत सम्भार र संरक्षण गर्न तथा त्यसबाट वितरण हुने पानी उपयोग गर्न चाहने त्यस्तो सिंचाई प्रणालीसँग सम्बन्धित उपभोक्ताहरूले तोकिएबमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् र त्यस्तो संस्थाको दर्ता, गठन, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित जल उपभोक्ता संस्थाले आफ्नो संस्थालाई सहकारी संस्थाको रुपमा तोकिए बमोजिम रुपान्तरण गर्न चाहेमा त्यस्तो जल उपभोक्ता संस्थालाई प्रचलित कानून बमोजिम सहकारी संस्थाको रुपमा गठन गरी रुपान्तरण गर्न सकिनेछ।

२०. **सिंचाई सेवा शुल्क बुझाउनु पर्नेः** (१) सिंचाई प्रणालीको सेवा उपभोग गर्ने उपभोक्ताहरूले तोकिएबमोजिम निर्धारण भएको सिंचाई सेवा शुल्क उठाई तोकिए बमोजिमको अंशहरू प्रदेश सरकारको कोषमा, सिंचाई विकास कोषमा र सम्बन्धित उपभोक्ता समितिको कोषमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिंचाई सेवा शुल्क तोक्न देहाय बमोजिमको अध्यक्ष र सदस्यहरू रहने गरी एक सिंचाई सेवा शुल्क निर्धारण समिति गठन हुनेछः

| | | |
|---|---|---|
| (क) | सम्बन्धित सिंचाई कार्यालयका प्रमुख | -अध्यक्ष |
| (ख) | सम्बन्धित स्थानीय तहले तोकेको कृषि अधिकृत वा अन्य कुनै अधिकृत | -सदस्य |
| (ग) | सम्बन्धित जलउपभोक्ता समितिको अध्यक्ष वा समितिले तोकेको प्रतिनिधि | -सदस्य |
| (घ) | सम्बन्धित प्रदेश जल उपभोक्ता संघको प्रतिनिधि | -सदस्य |
| (ङ) | मन्त्रालयले तोकेको २ जना प्रतिनिधि | -सदस्य |
| (च) | जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | -विशेष आमन्त्रित सदस्य |
| (छ) | सम्बन्धित स्थानीय तहको प्रमुख, उपप्रमुख वा तोकिएको प्रतिनिधि | -आमन्त्रीत सदस्य |

(३) उपदफा (२) बमोजिम गठन भएको सिंचाई सेवा शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार एंव उपभोक्ताको दायित्व सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको सिंचाई सेवा शुल्कको बाँडफाँड गर्दा उठेको सिंचाई शुल्कको कम्तीमा २० (बिस) प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला हुने गरी तोक्नु पर्नेछ र बाँडफाँड सम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको सिंचाई सेवा शुल्कको निर्धारण, असुली तथा अन्य प्रकृया तोकिए बमोजिम हुनेछ।

**२१. <u>सिंचाई विकास कोषः</u>** (१) प्रदेश सरकारले सिंचाई प्रणालीको विकास गरी कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एक सिंचाई विकास कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारबाट निर्माण गरिएको सिंचाई आयोजनाहरू वा सिंचाई योजनाको बहुउद्देश्यीय उपयोगबाट आय आर्जन गरी प्राप्त गरेको रकम,

(ख) प्रदेश सरकारबाट सिंचाई विकासका लागि सिंचाई विकास कोषमा प्रत्येक वर्ष विनियोजन हुने र अनुदानबाट प्राप्त हुने रकम,

(ग) संघीय कानूनबमोजिम कुनै स्वदेशी वा विदेशी संघ संस्थाबाट प्राप्त हुने रकम,

(घ) सिंचाई विकास कोषको रकम लगानीबाट प्राप्त हुने ब्याज, मुनाफा वा जरिवाना वा अन्य शूल्क तथा दस्तुर वापत प्राप्त हुने रकम,

(ङ) तोकिए बमोजिमका अन्य रकम।

(३) सिंचाई विकास कोषको सञ्चालन र व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) सिंचाई विकास कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यलयबाट हुनेछ।

२२. **सिंचाई विकास कोष सञ्चालक समितिः** (१) प्रदेश सरकारले सिंचाई प्रणालीको समग्र विकास गरी त्यसको दिगो व्यवस्थापन गर्न, जल उपभोक्ता संस्था र सिंचाई सहकारी संस्थालाई ऋण, अनुदान तथा प्राविधिक सेवा उपलब्ध गराउन एक सिंचाई विकास कोष सञ्चालक समिति स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, सिंचाईसँग सम्बन्धित मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रतिनिधि,आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, कृषि, भूमिसुधार तथा सहकारी मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (ङ) | प्रतिनिधि, प्रदेश जल उपभोक्ता महासंघको अध्यक्ष | -सदस्य |
| (च) | मन्त्रालयले तोकेको एकजना सिंचाई विज्ञ | -सदस्य |
| (छ) | प्रमुख कार्यकारी अधिकृत, सिंचाई विकास कोष | -सदस्य सचिव |

(३) सिंचाई कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२३. **प्रमुख कार्यकारी अधिकृतको नियुक्तिः** (१) प्रदेश सरकारले सिंचाई विकास कोष सञ्चालक समितिको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालय वा सो अन्तर्गतको इञ्जिनियरिङ्ग सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत मध्येबाट प्रमुख कार्यकारी अधिकृत तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२४. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) सिंचाई विकास कोष सञ्चालक समितिलाई आवश्यक पर्ने कर्मचारी तोकिए बमोजिम नियुक्त हुनेछन्।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको सेवाका सर्तहरू तोकिए बमोजिम हुनेछ।

२५. **सिंचाई विकास समन्वय समितिः** (१) प्रदेश सरकारले सिंचाईसम्बन्धीनेपालको संविधानको अनुसूची-७ र अनुसूची-९ बमोजिमको साझा अधिकारको विषय र प्रदेश भित्रका विभिन्न सिंचाई आयोजनाहरूको बिचमा समन्वय र सहकार्य गर्नदेहाय बमोजिमको एक सिंचाई विकास समन्वय समिति गठन गर्न सक्नेछः-

(क) सचिव, सम्बन्धित मन्त्रालय –अध्यक्ष

(ख) प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय –सदस्य

(ग) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय –सदस्य

(घ) प्रतिनिधि, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय –सदस्य

(ङ) प्रतिनिधि, भूमिव्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय –सदस्य

(च) प्रतिनिधि, प्रदेशस्तरीय नगरपालिका तथा गाँउपालिका संघ –सदस्य

(छ) सिंचाई विज्ञ, सिंचाईसँग सम्बन्धित मन्त्रालयले तोकेको एकजना –सदस्य

(ज) अध्यक्ष, प्रदेश जल उपभोक्ता महासंघ – सदस्य

(झ) सिंचाईसँग सम्बन्धित महा शखा प्रमुख, भौतिक पूर्वाधार मन्त्रालय –सदस्य सचिव

(३) उपदफा (१) बमोजिमगठन हुने सिंचाई विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२६. **<u>वातावरणीय संरक्षणसम्बन्धी व्यवस्था:</u>** (१) सिंचाई प्रणालीको विकास गर्दाप्रचलित वातारणसम्बन्धी कानूनको पूर्ण पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) का अतिरिक्त वातावरण संरक्षणसम्बन्धी अन्य व्यवस्थातोकिए बमोजिम हुनेछ।

२७. **<u>पानीको गुणस्तरः</u>** सिंचाई आयोजना सञ्चालन गर्दा सिंचाई सेवामा उपयोग हुने पानीको गुणस्तर तोकिए बमोजिम हुनेछ।

२८. **<u>कसूर मानिने:</u>** (१) यस ऐनको प्रयोजनको लागि देहायका कार्यहरूलाई कसुर गरेको मानिनेछः-

(क) सिंचाईको प्रयोजनको लागि राखिएको संकेत वा चिन्ह विगार्ने वा हटाउने,

(ख) सिंचाई संरचनामा आउने वा पठाउने पानीको मात्रा अनाधिकृत रूपमा घटाउने वा बढाउने,

(ग) अनुमति बिना सिंचाई संरचनामा अनाधिकृतरूपले प्रवेश गर्ने,

(घ) अनुमितपत्र नलिइ सिंचाई प्रणालीको निर्माण, विकास र सञ्चालन गरेमा,

(ङ) सिंचाई संरचनाको पानी प्रदुषण गरेमा,

(च) यस ऐन विपरीत अन्य प्रयोजनको लागि पानीको प्रयोग गरेमा,

(छ) अनुमति विना आयोजना क्षेत्रभित्र चौपाया हिंडाउने, चराउने, छाडा छोड्ने वा घाँसपात कटान गर्ने,

(ज) सिंचाई प्रणालीलाई प्रतिकूल असर पर्ने गरी नदी, खोला, छहारा, ताल, पोखरी वा त्यसको कुनै भागलाइ मिच्ने वा च्याप्ने,

(झ) सिंचाई प्रणालीलाई प्रतिकूल असर पर्ने गरी खोलाको धारमा अवरोध खडा गर्ने वा पानीको वहावलाई नियन्त्रण गर्ने,

(ञ) सिंचाई प्रणाली वा आयोजनामा जडान गरिएको कुनै यन्त्र वा उपकरणको पार्टपूर्जाहरूलाई चलाउने, सार्ने वा विगार्ने,

(ट) आयोजनाले चर्चेको जग्गाका रूख विरूवा मास्ने वा काट्ने वा नष्ट गर्ने,

(ठ) आयोजना भएको नहरको डिल कटान गरी पानी वा सिंचाईको लागि प्रयोग भएको नहरको संरचना विगारी पानीको वहाव अदलबदल गर्ने,

(ड) अनुमति विना भौतिक संरचना निर्माण गर्ने,

(ढ) अनुमति विना पम्पिङ्ग सेट वा त्यस्तो अन्य उपकरण प्रयोग गरी सिंचाई प्रणालीको पानी तान्ने तर निश्चित क्षमता सम्मको पम्पिङ सेटबाट सिंचाई गर्न सकिनेछ तर सो सम्बन्धी प्रकृया तोकिए बमोजिम हुनेछ।

(ण) अनुमति विना व्यवसायिक प्रयोजनका लागि भूमिगत पानीको प्रयोग गर्ने,

(त) कुनै पनि सरकारी कर्मचारी वा सम्बन्धित व्यक्तिले आफ्नो दायित्व अनुसारको कार्य गर्दा वाधा अवरोध गर्ने,

(थ) यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीले निषेध गरेको अन्य कार्य गर्ने वा गराउने।

(२) उपदफा (१)बमोजिम ठहर भएका कसूरहरूको सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि सिंचाई प्रणाली वा आयोजना क्षेत्रको मुख्य स्थान, जिल्ला प्रशासन कार्यालय, सिंचाई कार्यालय र स्थानीय तहहरूमा सूचना टाँस गर्नु पर्नेछ।

२९. <u>**दण्ड सजायः**</u> (१) देहायको कसुर गर्नेलाई सिंचाई अधिकृतले देहाय बमोजिम सजाय गर्नेछः-

(क) दफा २८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (ङ) र (छ) बमोजिमको कसूर गर्नेलाईएक लाख रूपैंयासम्म जरिवाना र अन्य कसूर गर्नेलाईएक लाख पचास हजारसम्म जरिवाना हुनेछ।

(ख) खण्ड (क) बमोजिमको जरिवानाका अतिरिक्त सिंचाई अधिकृतलेसो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीकोक्षतिपूर्तीसमेत भराई दिनु पर्नेछ।

(ग) दफा २८ को उपदफा (१) बमोजिमको कसूर गर्न उक्साउने वा सहयोग गर्ने व्यक्तिलाईखण्ड (क) मा लेखिएको सजायको आधा सजाय हुनेछ।

३०. **<u>पुनरावेदनः</u>** दफा २९ बमोजिम सिंचाई अधिकृतले दिएको सजायको आदेशमा चित्त नबुझेमात्यस्तो आदेश वा निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३१. **<u>अदालतलाई भए सरहको अधिकार हुनेः</u>** यस ऐनको प्रयोग गरी सिंचाई अधिकृतले कुनै कारवाही गर्दा सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार हुनेछ।

३२. **<u>बाधा अड्चन पुर्‍याएमा हुने सजायः</u>** यस ऐनबमोजिम सरकारी कर्मचारीले आफ्नो पदीय कर्तव्य पालना गर्दा कसैले बाधा अड्चन पुऱ्याएमा निजलाई सिंचाई अधिकृतले बीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

३३. **<u>अनुमतिपत्र खारेज गर्न सक्नेः</u>** (१) सिंचाई प्रणालीको विकास र सञ्चालन अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लेखित सर्तहरू पालना नगरेमा सर्तहरूको पालना गर्न दुई पटकसम्म आदेश दिंदा पनि आदेशको पालना नगरेमा वा सर्त विपरीत काम गरेमा तोकिएको अधिकारीले निजको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्दा अनुमितपत्र प्राप्त व्यक्ति वा संस्थालाई तोकिए बमोजिम आफ्नो सफाई पेश गर्न उचित मौका दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेजीको निर्णयमा चित नबुझ्नेले पैंतिस दिनभित्र सम्बन्धित मन्त्रालयमा निवेदन दिन सक्नेछ र मन्त्रालयले त्यस्तो निवेदन उपर जाँचबुझ गरी निवेदन परेको तिस दिनभित्र निर्णय दिनु पर्नेछ।

३४. **<u>अरूको घर जग्गामा प्रवेश गर्न सक्नेः</u>** (१) सिंचाई आयोजना वा बहुउद्देश्यीय आयोजनाको सर्वेक्षण वा सिंचाईको सञ्चालन, व्यवस्थापन, मर्मत सुधार वा पानीको उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा प्रदेश सरकारको अनुमतिप्राप्त कर्मचारीले सम्बन्धित घर/जग्गाधनीलाई पूर्व सूचना दिईवा सूचना टाँस गरी त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश गर्दा त्यस्तो घर/जग्गाधनीको कुनैपनि सम्पत्तिमा कुनै हानी नोक्सानी हुन गएमा वा घर जग्गाको प्रयोग वा उपयोग गर्नु परेमा सम्बन्धित निकायले मनासिव माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ र उक्त क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **पुरस्कृत गर्न सक्ने:** (१) प्रदेश सरकारले प्रत्येक बर्ष उत्कृष्ट सिंचाई प्रणाली सञ्चालन गर्ने कुनै एक कम्पनी वा संस्थालाई सम्बन्धित सिंचाई अधिकृतको सिफारिसमा पुरस्कृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कम्पनी वा संस्थालाई पुरस्कृत गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

३६. **यसै ऐन बमोजिम हुने:** यस ऐनमा लेखिएकोमा यसैऐनबमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ।

३७. **असल नियतले गरेको काम कारवाही उपर कुनै सजाय नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि ऐनले दिएको अधिकार प्रयोग गरी कुनै कर्मचारी वा अधिकार प्राप्त अधिकारीलेआफ्नो कर्तव्य पालानाको सिलसिलामा असल नियतले गरेको काम कारवाहीप्रति निजलाई कुनै कारवाही गरिने छैन।

तर असल नियतले कुनै कार्य गरेको भन्ने विषयको आधार र कारण सम्बन्धित कर्मचारी वा अधिकारीले खुलाउनु पर्नेछ।

३८. **बाधा अड्चन फुकाउने:** यस ऐनको कार्यान्वयनमा कुनै जटिलता उत्पन्न भई कार्य सम्पादनमा बाधा पर्न गएमा प्रदेश सरकारले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।तर त्यस्तो बाधा अड्काउ फुकाउने निर्णयको जानकारी प्रदेश सभाको सम्बन्धित विषयगत समितिलाई दिनु पर्नेछ।

३९. **नियम बनाउने अधिकार:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

# बृहत विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण मितिः- २०७६।०१।१७

संवत् २०७६ सालको ऐन नं. २

__प्रस्तावना__ः मोरङ्ग र सुनसरी जिल्लाका केही नगरपालिका र गाउँपालिकाको आवश्यक क्षेत्रलाई समेटेर बृहत विराट विकास क्षेत्र बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाइ लागू गरेको छ।

१. __संक्षिप्त नाम र प्रारम्भः__ (१) यो ऐनको नाम **"बृहत विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. __परिभाषा__ः विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस ऐनमा,

(क) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ख) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ।

(ग) **"विषय विज्ञ"** भन्नाले सम्बन्धित विषयमा स्नातक उतिर्ण गरी कम्तिमा बिस वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(घ) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ङ) **"नगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँछ।

(च) **"समिति"** भन्नाले यस ऐन बमोजिम गठन हुने बृहत बिराट विकास क्षेत्र समिति सम्झनु पर्छ।

३. __बृहत विराट विकास क्षेत्र सम्बन्धी व्यवस्था__ः (१) सुनसरी र मोरङ्ग जिल्लाका अनुसूची-१ बमोजिमका गाउँपालिका र नगरपालिकाको क्षेत्र समेटेर एक बृहत विराट विकास क्षेत्र रहनेछ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा प्रदेश सरकारले एकिकृत विकास आयोजना सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको आयोजना सञ्चालन गर्दा प्रदेश सरकार एक्लैले वा अन्तराष्ट्रिय सहयोग, संघीय सरकार, सम्बन्धित गाउँपालिका वा नगरपालिका तथा निजी क्षेत्रसँगको समेत साझेदारी गर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम आयोजना सञ्चालन गर्नु पूर्व प्रदेश सरकारले आयोजना सञ्चालन सम्बन्धी निर्देशिका जारी गर्नेछ।

४. **समितिको गठनः** (१) दफा ३ बमोजिमको क्षेत्रको एकीकृत विकासका निम्ती संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बिचमा समन्वय गर्न र संचालित एकीकृत विकास आयोजनाको ढाँचा, खाका र मापदण्ड निर्धारण गर्न साथै आयोजना सञ्चालन, अनुगमन र समन्वय गर्न प्रदेश सरकारले एक बृहत विराट विकास क्षेत्र समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) भौतिक पूर्वाधार विकास मन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारले मानोनय गरेको प्रदेश सभाका सदस्यहरू मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

(ग) प्रदेश सरकारले महानगरपालिकाका, उपमहानगरपालिका र गाँउपालिका प्रमुखहरू मध्येबाट मनोनयन गरेको ३ जना - सदस्य

(घ) प्रदेश सरकारले मनोनयन गरेको अर्थशास्त्र, इन्जिनियरीङ्ग, कानून, व्यवस्थापन, शहरी योजना (Urban Planning) विषयका विज्ञ व्यक्तिहरू मध्येबाट एक जना महिला सहित ३ जना - सदस्य

(ङ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव मध्येबाट प्रदेश सरकारले तोकेको सचिव - सदस्य

(च) भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव - सदस्य

(छ) प्रमुख कार्यकारी निर्देशक -सदस्य सचिव

५. **प्रमुखकार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) बृहत विराट विकास क्षेत्र समितिको प्रत्यक्ष निर्देशनमा रही समितिको दैनिक प्रशासनिक कार्य सञ्चालन र समितिद्वारा गरिने कार्य सम्पादन गर्न एक प्रमुख कार्यकारी निर्देशक रहने छ।

(२) प्रमुख कार्यकारी निर्देशक प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ।

(३) प्रमुख कार्यकारी निर्देशकको पारिश्रमिक सेवा सुविधा प्रदेश सरकारको मन्त्रालयको सचिव सरह हुनेछ र समितिले आवश्यक ठानेमा कार्यबोझलाई समेत बिचार गरी थप सुविधा उपलब्ध गराउँन सक्नेछ।

६. **<u>प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>**ः प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) समितिको प्रशासनिक प्रमुख भई कार्य गर्ने,

(ख) अध्यक्षको निर्देशनमा समितिको बैठक वोलाउने,

(ग) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) संचालित आयोजनाको अनुगमन गरी अनुगमनको मुल्याङ्कन प्रतिवेदन समिति समक्ष पेश गर्ने, गराउने,

(ङ) सञ्चालन गरिने आयोजनाका निम्ति निजी क्षेत्र र स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) तोकिएका अन्य कार्य गर्ने।

७. **<u>बैठक सम्बन्धी व्यवस्था</u>**ः (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा बस्नेछ।

(२) बैठक सम्बन्धी कार्यविधि समिति स्वयमले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>प्रमुख कार्यकारी निर्देशकको योग्यता</u>**ः प्रमुख कार्यकारी निर्देशकको नियुक्तीका लागि देहायबमोजिमको योग्यता आवश्यक हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र वा व्यवस्थापन वा इञ्जिनियरिङ्ग वा शहरी योजना (Urban Planning) वा कानून विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) नियुक्त हुँदाको बखत पैंतिस वर्ष उमेर पूरा भएको,

(घ) प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।

९. **<u>प्रमुख कार्यकारी निर्देशकको नियुक्ती सम्बन्धी व्यवस्था</u>**ः (१) दफा ६ बमोजिमको प्रमुख कार्यकारी निर्देशकको नियुक्ति गर्न प्रदेश सरकारले तोके बमोजिमको छनौट समितिले तोकिए बमोजिमको परीक्षा लिई तीन जना व्यक्तिको नाम प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ र प्रदेश सरकारले तीन जना उम्मेदवार मध्ये एकजना व्यक्तिलाई प्रमुख कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियूक्त प्रमुख कार्यकारी निर्देशकको अवधि पाँच वर्षको हुनेछ।

(३) समितिले आफ्नो कार्य सम्पादन गर्न प्रदेश सरकारले तोकेबमोजिमको कार्यालय संरचना र प्रदेश सरकारबाट स्वीकृत दरबन्दीमा प्रदेश सरकारबाट खटिएका कर्मचारीहरू रहनेछन्।

१०. **<u>प्रमुख कार्यकारी निर्देशकको पदमुक्ति सम्बन्धी व्यवस्था</u>:** प्रमुख कार्यकारी निर्देशकको पदमुक्ति देहाय बमोजिम हुनेछः-

(क) निजले अध्यक्ष समक्ष राजिनामा दिएमा।

(ख) मृत्यू भएमा।

(ग) पदमा रहेकै बखत प्रचलित कानूनले अयोग्य ठहऱ्याएमा।

(घ) समयावधि समाप्त भएमा।

(ङ) कार्य क्षमताको अभाव भएको कारणले प्रदेश सरकारले पदमुक्त गरेमा।

**<u>स्पष्टिकरण</u>:** तर खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा निजलाई सफाई पेश गर्ने मौका दिईनेछ।

११. **<u>बृहत विराट विकास क्षेत्र समितिको काम, कर्तव्य र अधिकार</u>:** बृहत विराट विकास क्षेत्र समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारको भू-उपयोग नीतिको अधिनमा रही क्षेत्रको समग्र भौतिक पूर्वाधार तथा आर्थिक विकासको गुरुयोजना निर्माण गर्नेछ।

(ख) नीतिगत उद्देश्य प्राप्तिको लागि आर्थिक विश्लेषण गरी प्रदेश सरकारमा पेश गर्नेछ।

(ग) अन्तराष्ट्रिय संघीय, प्रादेशिक र स्थानीय तहले लागत व्यहोर्ने क्षेत्रहरूको निर्धारण गरी नीजि क्षेत्रसँगको साझेदारी कार्ययोजना निर्माण गर्नेछ।

(घ) प्रदेश सरकारको स्वीकृतिमा अन्तराष्ट्रिय, संघीय, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय र लगानीमा पहल गर्नेछ।

(ङ) एकिकृत योजनाहरूको निर्माण तथा सञ्चालन गर्नेछ।

(च) कार्य सञ्चालनमा आवश्यक संरचना र जनशक्तिको प्रस्ताव प्रदेश सरकारमा पेश गर्नेछ।

(छ) प्रदेश सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नेछ।

(ज) प्रदेश सरकारबाट प्राप्त निर्देशानुसार अन्य कार्य गर्नेछ।

१२. **प्रत्यायोजित व्यवस्थापनः** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली, निर्देशिका वा मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ।

अनुसूची-१

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>बृहत विराट विकास क्षेत्रमा समावेश हुने गाउँ तथा नगरपालिकाहरूको नामावली</u>**

| | | |
|---|---|---|
| १. | विराटनगर महानगरपालिका | - मोरङ्ग जिल्ला |
| २. | सुन्दरहरैचा नगरपालिका | - मोरङ्ग जिल्ला |
| ३. | इटहरी उपमहानगरपालिका | - सुनसरी जिल्ला |
| ४. | बर्जु गाँउपालिका | - सुनसरी जिल्ला |
| ५. | रामधुनी नगरपालिका | - सुनसरी जिल्ला |
| ६. | गढी गाँउपालिका | - सुनसरी जिल्ला |
| ७. | इनरुवा नगरपालिका | - सुनसरी जिल्ला |
| ८. | धरान उपमहानगरपालिका | - सुनसरी जिल्ला |
| ९. | दुहवी नगरपालिका | - सुनसरी जिल्ला |
| १०. | बुढीगंगा गाँउपालिका | - मोरङ्ग जिल्ला |
| ११. | ग्रामथान गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १२. | कटहरी गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १३. | जहदा गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १४. | कोशी गाँउपालिका | - सुनसरी जिल्ला |
| १५. | वराहक्षेत्र नगरपालिका | - सुनसरी जिल्ला |
| १६. | रंगेली नगरपालिका | - मोरङ्ग जिल्ला |
| १७. | केरावारी गाँउपालिका | - मोरङ्ग जिल्ला |
| १८. | धनपालथान गाँउपालिका | - मोरङ्ग जिल्ला |

# पर्यटन विकास ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०४।१२

केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२: २०८२।०३।२९

२०७६ सालको ऐन नं. ११

**प्रस्तावना**: प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको व्यवस्थापन एवं प्रवर्द्धन गरी यस प्रदेशलाई पर्यटकीय महत्वको क्षेत्रको रुपमा विकास गर्न र जनताको आर्थिक हितलाई मध्यनजर गर्दै आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले।

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम **"पर्यटन विकास ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ट्राभल एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा विभिन्न स्थानहरूमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने सवारी साधन उपलब्ध भएको व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ख) **"ट्रेकिङ्ग एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई विभिन्न स्थानहरूमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ग) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) **"पथ प्रदर्शक"** भन्नाले पारिश्रमिक लिई पर्यटकको साथमा रहने गरी पथ प्रदर्शनको लागि काम गर्ने यस ऐन बमोजिम ईजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ङ) **"पर्यटक"** भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिकलाई सम्झनु पर्छ र सो

शब्दले प्रदेश भित्र पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक समेतलाई बुझाउँछ।

(च) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेश को मन्त्रिपरिषद् सम्झनु पर्दछ।

(छ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको पर्यटनसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्दछ र सो शब्दले मन्त्रालय वा सो अन्तर्गतको विभाग, निर्देशनालय वा मन्त्रालयले तोकेको कार्यालय समेतलाई जनाउँछ।

(ज) **"होटल"** भन्नाले यस ऐन बमोजिम दर्ता भई संचालन हुने होटल सम्झनु पर्दछ।

(झ) **"होमस्टे"** भन्नाले स्थानीय मौलिक संस्कृति झल्किने गरी निजी घरमा खाने बस्ने र मनोरञ्जन समेत गराउने उद्देश्यले शुल्क लिई पर्यटकको लागि गरिने घरायसी प्रबन्ध सम्झनु पर्छ।

## परिच्छेद-२

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको काम गर्न ईजाजतपत्र लिनु पर्ने**: (१) कोशी प्रदेश भित्र कार्य क्षेत्र तोकी ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने फर्म वा व्यक्तिले यस ऐन बमोजिम ईजाजतपत्र लिनुपर्नेछ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने फर्म वा व्यक्तिले तोकिए बमोजिम विवरण खुलाई मन्त्रालय वा तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालय वा तोकिएको अधिकारीले जाँचबुझ गरी दरखास्त वालालाई ट्राभल वा ट्रेकिङ एजेन्सिको मापदण्ड पूरा गरेमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम एक महिनाभित्र इजाजतपत्र प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजतपत्र प्रदान गर्नका लागि मन्त्रालय वा तोकिएको अधिकारीले थप विवरण वा थप कागजपत्र आवश्यक महसुस गरेमा पन्ध्र दिनको समय दिई त्यस्तो विवरण वा कागजपत्र पेस गर्न सम्बन्धित दरखास्त वालालाई आदेश दिन सक्नेछ र दरखास्त वालाले तोकिएको समयमा बुझाउनु पर्ने विवरण वा कागजात बुझाउनु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम जाँचबुझ गर्दा वा थप विवरण र कागजात अध्ययन गर्दा इजाजत दिन नसकिने देखिएमा इजाजत दिन नसक्ने कारण र आधार समेत खुलाई निर्णय गरी निर्णय गरेको मितिले सात दिनभित्र दरखास्त वालालाई मन्त्रालय वा तोकिएको अधिकारीले लिखित जानकारी दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको जानकारी पाउने व्यक्तिले त्यस्तो जानकारी उपर चित्त नबुझेमा तिस दिनभित्र तोकिएको अधिकारीको निर्णय भए मन्त्रालय समक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकार समक्ष लिखित निवेदन दिनुपर्नेछ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालय वा प्रदेश सरकारले तिस दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

४. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण**: (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई मन्त्रालयले तोकेबमोजिम सुविधा दिन सक्नेछ।

५. **अयोग्यता**: दफा ४ को उपदफा (२) बमोजिमको इजाजतपत्र देहायको व्यक्तिलाई दिइनेछैन।

(क) करार सम्बन्धी प्रचलित कानुन बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति वा फर्म,

(ख) साहूको दामासाहीमा परेको व्यक्ति वा फर्म,

(ग) दफा ९ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज भै सो मितिले तीन बर्ष अवधि भुक्तान गरी नसकेको व्यक्ति वा फर्म,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाई कैद भुक्तान भएको एक वर्षको अवधि ननाघेको व्यक्ति,

(ङ) गम्भीर प्रकृतिको फौजदारी अपराधमा अदालतमा मुद्दा चलिरहेको व्यक्ति वा फर्म,

(च) कालो सूचिमा परेको अवधी तीन वर्ष व्यतित नगरेको व्यक्ति वा फर्म।

६. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनु पर्ने**: यस ऐन बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले आफूले उपलब्ध गराएको सुविधा बापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनुपर्नेछ।

७. **परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी गर्नु पर्ने**: यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा संघीय सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी तोकिए बमोजिम गर्नुपर्नेछ।

८. **इजाजतपत्र निलम्बन गर्ने अधिकार**: (१) देहायको अवस्थामा मन्त्रालयले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र बढीमा ६ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ।

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरेमा, वा

(ख) दफा ५ बमोजिम अयोग्य भएमा, वा

(ग) मन्त्रालयलाई दिनुपर्ने सूचना नदिएमा वा गलत सूचना दिएमा।

(२) उपदफा (१) बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोल्ने इजाजतपत्र निलम्बन गर्नु अगाडि आफ्नो सफाई पेस गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ।

९. **<u>इजाजतपत्र खारेज गर्न सक्ने</u>**: (१) दफा ८ बमोजिम निलम्बन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले इजाजतपत्र खारेज गरेमा सम्बन्धित व्यक्तिले खारेजीको जानकारी पाएको मितिले तिस दिन भित्र प्रदेश सरकार समक्ष उजुरी दिन सक्नेछ।

१०. **<u>अनुमति पाई सञ्चालन भइरहेको ट्रेकिङ्ग एजेन्सीले इजाजत लिनु पर्ने</u>**: (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल सरकार वा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी ट्रेकिङ्ग एजेन्सी सञ्चालन गरिरहेका व्यक्ति वा फर्मले पनि यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र तोकिएको विवरण खुलाई यो ऐन बमोजिमको इजाजत पत्र सूचिकृत गर्न मन्त्रालय वा तोकिएको अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र दरखास्त दिने व्यक्ति वा फर्मलाई तिस दिनभित्र मन्त्रालय वा तोकिएको अधिकारीले उक्त ट्रेकिङ्ग एजेन्सीलाई सूचिकृत गरी ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र दिनेछ।

११. **<u>दण्ड सजाय</u>**: (१) यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा मन्त्रालय वा तोकिएको अधिकारीले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(२) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग ऐजिन्सीको इजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी काम गरेमा निजलाई पचास हजार रुपैयाँ जरिवाना गर्न र मन्त्रालयले त्यस्तो व्यक्ति वा फर्मले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र समेत खारेज गर्न सक्नेछ।

(३) दफा ६ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशित नगर्ने व्यक्ति वा फर्मलाई मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले पहिलो पटक कसुर गरेको भए पचास हजार रुपैयाँ र दोश्रो पटकदेखि पटकै पिच्छे एक लाख रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(४) यस दफा बमोजिमको आदेशमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित प्रदेशमा रहेको उच्च अदालत समक्ष पैतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद - ३

## पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार सम्बन्धी व्यवस्था

१२. **होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र बार दर्ताः** (१) कसैले पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिम दर्ता गरी इजाजत लिनुपर्नेछ।

(२) कुनै व्यक्ति वा फर्मले आफ्नो होटल, लज, रेष्टुराँ, रिसोर्ट वा बारलाई पर्यटकस्तरमा दर्ता गराउन मन्त्रालय वा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ र त्यसरी दरखास्त दिँदा होटलको हकमा तोकिएको वर्गीकरणमा दर्ता हुने गरी दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालय वा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी तिस दिनभित्र तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पूर्व निवेदनसाथ संलग्न विवरणमा थप व्यहोरा खुलाउनु पर्ने भए खुलाउन लगाउन वा थप कागजपत्र आवश्यक भए त्यस्तो कागजपत्र दाखिला गराउन मन्त्रालय वा तोकिएको अधिकारीले पन्ध्र दिनको म्याद दिई आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश भएमा आदेश बमोजिमको विवरण वा कागजपत्र प्राप्त भएको एक्काईस दिनभित्र र आदेश दिनु नपर्ने भए निवेदन परेको मितिले तिस दिनभित्र त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, बारको दर्ता गरी तोकिए बमोजिमको शुल्क लिई मन्त्रालय वा तोकिएको अधिकारीले दर्ता गरी इजाजतपत्र दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता गरी इजाजतपत्र दिन नसकिने भए त्यस्तो आधार र कारण खोली दर्ता गर्न नमिल्ने व्यहोराको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

(७) उपदफा (६) बमोजिमको लिखित जानकारी दिने अधिकारीको निर्णयमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले तिस दिनभित्र तोकिएको अधिकारीको निर्णय भए मन्त्रालय समक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकार समक्ष निवेदन दिनुपर्नेछ र त्यस्तो निवेदन परेकोमा आवश्यक जाँचबुझ गरी तिस दिनभित्र मन्त्रालय

वा प्रदेश सरकारले आवश्यक निर्णय गर्नु पर्नेछ र मन्त्रालय वा प्रदेश सरकारको त्यस्तो निर्णय अन्तिम हुनेछ।

१३. **स्तर निर्धारण समितिको गठन**: (१) होटल, लज, रेष्टुराँ तथा रिसोर्ट वा बारलाई दर्ता तथा नवीकरण तथा वर्गीकरण गर्ने सम्बन्धमा सुझाव दिनको लागि मन्त्रालयले अध्यक्ष सहित बढीमा पाँच जना सदस्य रहने गरी स्तर निर्धारण समिति गठन गर्नेछ र त्यस्तो समितिले तोकिए बमोजिम स्तर निर्धारण सम्बन्धी सुझाव मन्त्रालय समक्ष पेस गर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिमा रहने अध्यक्ष र सदस्यहरू मन्त्रालयले तोकेबमोजिम हुनेछ र समितिमा रहने सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ।

(३) स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) को समितिको सिफारिसमा मन्त्रालयले स्तर निर्धारण गर्नेछ।

१४. **निरीक्षण वा परीक्षण गर्ने अधिकार**: (१) मन्त्रालय वा तोकिएको अधिकारीले दफा १२ बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ वा रिसोर्ट तथा बारको नियमित वा आकस्मिक निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र अन्य सुविधा तथा बस्तु सम्बन्धी परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ वा रिसोर्ट तथा बारको निरीक्षण वा त्यसमा प्रयोग हुने सामान र सुविधा परीक्षण गर्दा तोकिएको स्तर बमोजिमको नपाइएमा मन्त्रालय वा तोकिएको अधिकारीले त्यस्तो होटल, लज, रेष्टुराँ वा रिसोर्ट तथा बारलाई तोकिएको स्तर कायम गर्न तोकिए बमोजिमको सूचना दिइ म्याद दिनेछ।

(३) उपदफा (२) बमोजिम म्याद दिंदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा मन्त्रालय वा तोकिएको अधिकारीले दफा १३ बमोजिमको स्तर निर्धारण समितिको राय लिई त्यस्तो होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको दर्ता निलम्बन गर्न वा तल्लो स्तरको उपयुक्त वर्गीकरण तोक्न सक्नेछ र त्यसरी निलम्बन वा बर्गीकरण तोक्नुभन्दा पहिला आधार र कारण खोली सफाई पेस गर्ने मौका दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता निलम्बन भएको वा तल्लो स्तरको वर्गीकरणमा तोकिएको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले साविकमा तोकिएको स्तर कायम गरेमा होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारलाई पुनः साविकको स्तरको वर्गीकरणमा दर्ता गर्न वा दर्ता निलम्बन गरिएकोमा निलम्बन फुकुवा गरी पाऊँ भनी

सम्बन्धित होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले मन्त्रालयमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा तिस दिनभित्र त्यस्तो निवेदन उपर जाँचबुझ गरी आवश्यक निर्णय गरी मन्त्रालयले निर्णयको जानकारी निवेदकलाई तत्काल दिनुपर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्ममा साविकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारको हकमा मन्त्रालय वा तोकिएको अधिकारीले आधार र कारण समेत उल्लेख गरी दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो खारेजीको सूचना सम्बन्धित पक्षलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता खारेज गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी पाएको पैतिस दिनभित्र दर्ता खारेजको निर्णय चित्त नबुझने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**१५.** **दररेटको सूचना प्रकाशित गर्नुपर्ने**: दफा १२ बमोजिम दर्ता भएको प्रत्येक होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले आफ्नो दर वा मूल्यको सूचना मन्त्रालय वा तोकिएको अधिकारी समक्ष पठाउनु पर्नेछ र तोकिए बमोजिम प्रकाशित गरी प्रचार समेत गर्नुपर्नेछ।

**१६.** **पर्यटनस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार उपर बन्देज**: दफा १२ बमोजिम दर्ता नभएको पर्यटनस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बारले देहायको कुनै काम गर्न पाउने छैन।

(क) पर्यटनस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोवारमा प्रयोग गर्न, वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्ध गर्नको निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग बिना अनुमति सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न।

**१७.** **दण्ड सजाय**: (१) दफा १२ बमोजिम दर्ता नगराई पर्यटकस्तरको नभएकोलाई पर्यटकस्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ, रिसोर्ट तथा बार सञ्चालन गरेमा वा दफा १६ (क) उलंघन गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा पर्यटकसँग मन्त्रालयको अनुमति वेगर विदेशीसँग सोझै सम्पर्क राखेमा पहिलो पटक भए पच्चिस हजार रुपैयाँ, दोश्रो पटक भए पचास हजार रुपैयाँ र तेश्रो पटक देखि प्रत्येक पटकको एक लाख रुपैयाँ मन्त्रालयले जरिवाना गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम मन्त्रालय वा तोकिएको निकायबाट खटिएका कर्मचारीलाई होटल, लज, रेष्टुराँ तथा रिसोर्ट वा बार निरीक्षण गर्न वा त्यसमा

प्रयोग गरिने खाने पिउने सामानहरूको परीक्षण गर्न कसैलै बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई मन्त्रालय वा तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको अधिकारी वा मन्त्रालयले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालत समक्ष पैंतिस दिनभित्र उजूरी दिन सक्नेछ।

१८. **<u>होमस्टे दर्ता र सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः (१) कसैले होमस्टे सञ्चालन गर्न चाहेमा त्यस्तो व्यक्ति वा संस्थाले दर्ता गराई सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता र सञ्चालन हुने होमस्टेको नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## <u>पथ प्रदर्शक सम्बन्धी व्यवस्था</u>

१९. **<u>पथ प्रदर्शक काम गर्न इजाजतपत्र लिनुपर्ने</u>**ः (१) यो ऐन बमोजिम तोकिएका पर्यटकीय स्थानको लागि पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिम इजाजतपत्र लिनुपर्नेछ।

(२) पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले मन्त्रालय वा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त दिने व्यक्तिले तोकिए बमोजिम परीक्षा वा तालिममा सम्मिलित हुनुपर्नेछ र त्यस्ता परीक्षा वा तालिममा उत्तीर्ण हुने व्यक्तिलाई मन्त्रालय वा तोकिएको अधिकारीले तोकिएको दस्तुर लिई तोकिएको ढाँचाको इजाजतपत्र दिनेछ।

२०. **<u>अयोग्यता</u>**ः देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजतपत्र दिइने छैनः-

(क) नैतिक पतन देखिने फौजरी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय भुक्तान भएको दुई वर्ष समय व्यतित नभएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) यस ऐन बमोजिम पथ प्रदर्शकको इजाजतपत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको।

२१. **<u>इजाजतपत्रको म्याद</u>**ः (१) पथ प्रदर्शकको इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवधी सकिनु तीन महिनाअघि तोकिए बमोजिमको पथ प्रदर्शकले तोकिए बमोजिम इजाजतपत्र नवीकरण गर्नुपर्नेछ।

२२. **<u>पथ प्रदर्शकको वर्गीकरण</u>**ः पथ प्रदर्शकको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

२३. **इजाजतपत्र हराएमा अर्को इजाजतपत्र लिन सकिने**: (१) कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजतपत्र हराएमा तोकिएको म्यादभित्र मन्त्रालय वा तोकिएको अधिकारी समक्ष अर्को इजाजतपत्रको लागि दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले तोकिएको दस्तुर लिई तोकिए बमोजिम पुनः अर्को इजाजतपत्र दिन सक्नेछ।

२४. **पथ प्रदर्शकले गर्न नहुने कामहरू**: पथ प्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैनः-

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरीद गर्ने वा अरु कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित विक्रेता वा अरु कुनै व्यक्तिसँग नगदी वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउन भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजतपत्र अरुलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन,

(घ) आफूले पथ प्रदर्शन गरेको पर्यटक विरुद्ध कुनै षडयन्त्र गर्न धोका दिन निजको कानून विपरित गोपनीयता भंग गर्न।

२५. **इजाजतपत्र खारेज गर्न सकिने**: (१) देहायको कुनै अवस्थामा मन्त्रालय वा तोकिएको अधिकारीले कुनै पथ प्रदर्शकको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैद सजाय पाएमा,

(ख) दफा २० को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा २४ बमोजिमको कुनै कुरा उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत खारेज गर्नु अगाडी निजलाई आफ्नो सफाई पेस गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज भएमा त्यस्तो खारेजीको निर्णयमा चित्त नबुझेमा पथ प्रदर्शकले तोकिएको अधिकारीको निर्णय भए मन्त्रालय समक्ष र मन्त्रालयको निर्णय भए प्रदेश सरकार समक्ष तिस दिनभित्र निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन परेको तिस दिनभित्र मन्त्रालय वा प्रदेश सरकारले आवश्यक निर्णय गर्नुपर्नेछ, त्यस्तो निर्णय अन्तिम हुनेछ।

२६. **दण्ड सजाय**: (१) देहायको कसुर गर्ने व्यक्तिलाई मन्त्रालयले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(क) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पच्चीस हजार रुपैयाँ जरिवाना गरी निजलाई दुई

वर्षसम्म पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ।

(ख) यस ऐन बमोजिम इजाजतपत्र नवीकरण नगरी पथ प्रदर्शकको काम चालु राखेमा पच्चीस हजार रुपैयाँ जरिवाना र एक वर्षसम्म पथ प्रदर्शकको कार्य गर्न नपाउने गरी प्रतिवन्ध लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखिए देखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा मन्त्रालय वा तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) यस दफा बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष उजुर गर्न सक्नेछ।

## परिच्छेद-५

## अन्य पर्यटन व्यवसाय सम्बन्धी

२७. **जलयात्रा सम्बन्धी व्यवस्थाः** (१) कसैले पनि यस ऐन वा प्रचलित कानून बमोजिम अनुमति नलिई जलयात्रा सम्बन्धी व्यवसाय वा कुनै व्यावसायीक कार्य गर्नु हुदैन।

(२) प्रदेश सरकारले तोकेका नदीहरूमा जलयात्रा सम्बन्धी व्यवसाय गर्न चाहने व्यक्तिले मन्त्रालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भए पछि मन्त्रालयले तोकिए बमोजिम छानविन र जाँचबुझ गरी अनुमति दिन मनासिव देखिएमा मन्त्रालयले इजाजतका लागि एक महिनाभित्र तोकिए बमोजिम प्रदेश सरकार समक्ष सिफारिस सहित प्रस्ताव पेस गर्नेछ र प्रदेश सरकारले त्यस्तो प्रस्ताव प्राप्त भएको दुई महिनाभित्र तोकिए बमोजिम इजाजत सम्बन्धी आवश्यक निर्णय गर्नेछ।

(४) उपदफा (२) बमोजिमको प्रस्तावमा निर्णय भएपछि मन्त्रालयले १५ दिनभित्र तोकिए बमोजिम आवश्यक सर्त समेत उल्लेख गरी इजाजत पत्र प्रदान गर्नेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको निवेदन उपर मन्त्रालयले छानविन गर्दा अनुमतिको प्रकृया अगाडी बढाउन मनासिव नदेखे मनासिव नदेखिनुको कारण र आधार समेत उल्लेख गरी निर्णय गरी निवेदकलाई निवेदन परेको मितिले तीन महिनाभित्र लिखित जानकारी दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम जानकारी उपर चित्त नबुझेमा निवेदकले तिस दिनभित्र प्रदेश सरकार समक्ष निवेदन दिन सक्नेछ र प्रदेश सरकारले पैँतालीस दिनभित्र आवश्यक निर्णय गर्नेछ, त्यस्तो निर्णय अन्तिम हुनेछ।

(७) यस दफा बमोजिम इजाजतपत्र नलिइ वा यस दफाको उलंघन गर्ने गरी कुनै कार्य गरेमा मन्त्रालयले तोकिए बमोजिमको प्रक्रिया पुरा गरी एक लाखसम्म जरिवाना गर्न सक्नेछ।

२८. **<u>अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था</u>**ः ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइङ, केवलकार, रकक्लाइविङ, क्यानोइङ, धार्मिक पर्यटन र तोकिएका अन्य पर्यटन व्यवसायको दर्ता गर्ने इजाजत लिने, नवीकरण गर्ने, सञ्चालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ६

## <u>विविध</u>

२९. **<u>पर्यटकले ल्याएको मालसामानहरूको खरीद विक्रीमा प्रतिवन्ध लगाउन सक्ने</u>**ः (१) प्रदेश सरकारले सूचना प्रकाशित गरी तोकिएको मालसामान कुनै पर्यटकले प्रदेशभित्र ल्याई यस प्रदेशमा विक्री वा दानदातव्य गरी वा अरु कुनै प्रकारबाट हक छाडी दिन नपाउने गरी आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश विपरीत कुनै मालसामान लिए दिएमा लिनेबाट सम्बन्धित मालसामान जफत गरी दिनेलाई विगो बमोजिम सम्मको मन्त्रालय वा तोकिएको अधिकारीले जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतिस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

३०. **<u>प्रतिवेदन वा विवरण पेस गर्ने गराउने अधिकार</u>**ः (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा दफा (१२) बमोजिम होटल, लज वा यस ऐन बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने फर्म वा व्यक्तिले तोकिए बमोजिम आवधिक प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक मन्त्रालयले समयसमयमा ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त फर्म वा व्यक्ति वा यस ऐन बमोजिम इजाजत प्राप्त होटल लज वा अन्य पर्यटन व्यवसाय दर्ता गरी व्यवसाय सञ्चालन गर्ने, गराउने फर्म वा व्यक्तिसँग आवश्यक देखिएमा अन्य विवरण समेत माग गर्न सक्नेछ।

(३) प्रदेश सरकार वा मन्त्रालय वा तोकिएको अधिकारीले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा होटल वा लज वा यस ऐन बमोजिमको पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कार्वाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाब किताब तथा अन्य अभिलेख जाँच्न जँचाउन सक्नेछ।

३१. **<u>अरुलाई काम गर्न दिन नहुने</u>**: ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा होटल वा लज वा यस ऐन बमोजिमको अन्य पर्यटन व्यवसाय दर्ता गराउने फर्म वा व्यक्तिले आफ्नो व्यवसाय अरुलाई धितोबन्धक दिन वा अरु कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरु कसैलाई त्यस्तो व्यवसाय सञ्चालन गर्न दिन हुँदैन।

तर, यस ऐन बमोजिम इजाजत लिई सञ्चालन गरेको पर्यटन व्यवसायले कुनै बैंक तथा वित्तिय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

३२. **<u>नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था</u>**: (१) नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) प्रदेश सरकारले समय समयमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लेखित कुनै व्यवस्था नेपाली पर्यटकहरूको सम्बन्धमा लागू नहुने गरी तोकिदिन सक्नेछ।

३३. **<u>विवरणमा हेरफेर भएमा सूचना दिनु पर्ने</u>**: ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि वा होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार वा दफा २८ बमोजिमको पर्यटन व्यवसायको दर्ताको लागि दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको तिस दिनभित्र उक्त कुराको सूचना पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा फर्मले मन्त्रालय वा तोकिएको अधिकारी समक्ष सूचना दिनुपर्नेछ।

३४. **<u>व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्ने</u>**: (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा फर्मले यस ऐन बमोजिम होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार, जलयात्रा, ग्लाइडिङ, जंगल, सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइङ, फिसिङ वा कुनै पर्यटन व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यक्ति वा फर्मले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले तिस दिनभित्र मन्त्रालय वा तोकिएको अधिकारी समक्ष सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना नदिएमा निजले प्रदेश सरकारलाई बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

**३५. पर्यटकीय क्षेत्रको घोषणा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि एक स्थानीय तहको कुनै पनि स्थान वा एक भन्दा बढी स्थानीय तहको खास क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, र अधिकार र त्यस्ता समितिको क्षमता लगायतका विषय तोकिए बमोजिम हुनेछ।

**३६. प्रदेश पर्यटन वोर्ड गठनः** (१) प्रदेश सरकारले प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा एक आकर्षक पर्यटन स्थलका रुपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार गरी प्रदेशलाई चिनाउन प्रदेश पर्यटन बोर्ड गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरू सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३७. प्रदेश पर्यटन बोर्डको उद्देश्यः** (१) प्रदेश पर्यटन बोर्डको उद्देश्य देहाय बमोजिमको हुनेछ।

(क) कोशी प्रदेश लाई एक आकर्षक पर्यटन स्थलका रुपमा विकसित गरी अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने।

(ख) प्रदेशको प्राकृतिक तथा सास्कृतिक सम्पदा एवम् वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने।

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी वढी भन्दा वढी रोजगारीका अवसरहरूको सृजना गर्ने।

(घ) प्रदेशलाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटनस्थलका रुपमा विकसित गरी राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतमा प्रदेश तथा नेपालको छवीलाई उच्च एवम् मर्यादित ढंगबाट स्थापित गर्ने।

(ङ) पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने।

(२) प्रदेश पर्यटन वोर्डका सदस्यहरूको सेवा/सुविधा तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३८. **<u>पर्यटकीय क्षेत्रको पूर्वाधार विकास</u>**: (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकारले आफैंले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी, व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवं संरक्षण र सञ्चालन गर्न आवश्यक निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको पूर्वाधार विकास लगायत अन्य व्यवस्था प्रचलित कानुन वा तोकिए बमोजिम हुनेछ।

(४) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्नेछ।

(५) उपदफा (४) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकारले आफैले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवम् संरक्षण र सञ्चालन गर्न आवश्यक निर्णय गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको पूर्वाधार विकास गर्दा प्रदेश सरकारले आफैले लगानी गर्न वा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वा निजी क्षेत्रको मात्रै लगानी, व्यवस्थापन र त्यस्तो पूर्वाधारको विकास एवम् संरक्षण र सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको पूर्वाधार विकास लगायत अन्य व्यवस्था प्रचलित कानुन वा तोकिए बमोजिम हुनेछ।

(८) प्रदेश गौरवका आयोजनाहरू सञ्चालन गरेर पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन गर्न सक्नेछ।

📖(९) <u>यस दफामा प्रदेश कानुन बमोजिम पूर्वाधारको विकास गरी सञ्चालन गरिएका पर्यटकीय क्षेत्रको शुल्क, दस्तुर तोकिए बमोजिम हुनेछ।</u>

३९. **<u>पर्यटक प्रहरी व्यवस्थापन सम्बन्धी व्यवस्था</u>**: (१) पर्यटकीय क्षेत्र र स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न प्रदेश सरकारले पर्यटक प्रहरीको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्यटक प्रहरीको नियुक्ति, सेवा, सुविधा, परिचालन र व्यवस्थापन सम्बन्धी कार्य तोकिए बमोजिम हुनेछ।

---

📖 केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले संशोधन

४०. **निर्देशन दिने अधिकार**: ट्राभल वा ट्रेकिङ्ग एजेन्सी यस ऐन बमोजिम दर्ता भएको होटल, लज, रेस्टुराँ, रिसोर्ट, बार तथा जलयात्रा वा यस ऐन बमोजिम दर्ता भएको कुनै पर्यटन व्यवसाय गर्ने व्यक्ति, फर्म वा अन्य समिति लगायतलाई प्रदेश सरकारले आवश्यक विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

४१. **जरिवाना र उजुरी**: (१) देहायको कुनै काम गर्ने व्यक्तिलाई मन्त्रालय वा तोकिएको अधिकारले पचास हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(क) यस ऐन बमोजिम पेस गर्नुपर्ने प्रतिवेदन तोकिए बमोजिम पेस नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(ख) यस ऐन बमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम दिनु पर्ने सूचना जानकारी वा विवरण पेस नगरेमा,

(घ) यस ऐन बमोजिमको निर्देशनको पालना नगरेमा,

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतिस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

४२. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: (१) यस ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार मातहतको कुनै अधिकारी तोकी त्यस्तो अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४३. **नियम बनाउने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

# प्रदेश भवन ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०५।१५

१) प्रदेश भवन (प्रथम संशोधन) ऐन, २०८१: २०८१।११।२९

२) केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२: २०८२।०३।२९

**प्रस्तावनाः** आवासीय, व्यवसायिक तथा संस्थागत भवन निर्माण कार्यलाई सुरक्षित एवं सुविधा युक्त बनाउन डिजाइन, नक्सापास, निर्माण अनुमती, मापदण्ड निर्धारण तथा नियमनका विषयमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः** (१) यस ऐनको नाम "प्रदेश भवन ऐन" २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"भवन"** भन्नाले यस ऐनको प्रयोजनका लागि आवासीय, औद्योगिक, व्यापारिक, संयुक्त आवास गृह, कार्यालय, सभागृह, अस्पताल, शीतभण्डार, संग्रहालय, होटल, स्कूल, कलेज, थिएटर, रंगशाला, बसपार्क, भ्यू टावर, घण्टा घर, प्रदर्शन भवन, संस्थागत भवन, गोदाम घर वा अन्य कुनै प्रयोगको लागि बनेको कुनै भवन सम्बन्धी संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्तो संरचनाको कुनै भागलाई समेत जनाउँदछ।

✎(ख) **"भवन संहिता"** भन्नाले कसैले भवन निर्माण गर्नु पूर्व पालना गर्नु पर्ने दफा ५ बमोजिमको प्रदेश भवन संहिता सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारबाट जारी भएको राष्ट्रिय भवन संहिता समेतलाई जनाउँछ।

(ग) **"भवन निर्माण"** भन्नाले यस ऐन बमोजिम अनुमति लिई बनाउने, नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनःनिर्माण गर्ने तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौसी, दलान आदि थपघट गरी बनाउने, कम्पाउण्ड वाल लगाउने वा सोसँग सम्बन्धित अन्य कार्यलाई जनाउँदछ।

(घ) **"नक्सा"** भन्नाले भवन संरचना निर्माणसम्बन्धी सम्पूर्ण रेखाचित्र, विवरण र सोसँग सम्बन्धित अन्य कागजपत्रलाई जनाउँदछ।

---

✎ पहिलो संशोधनद्वारा संशोधित

(ङ) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिकालाई जनाउँदछ।

(च) **"नगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँदछ।

(छ) **"सरकारी निकाय"** भन्नाले प्रदेश सरकारको मन्त्रालय, सचिवालय, विभाग, निर्देशनालय तथा कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गठन भएको आयोग, परिषद्, समिति तथा संघ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकाय समेतलाई जनाउँदछ।

(ज) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जनाउँदछ।

(झ) **"कार्यालय"** भन्नाले खण्ड (ज) बमोजिको मन्त्रालय अन्तर्गतको कार्यालयलाई जनाउँदछ।

(ञ) **"समिति"** भन्नाले दफा १४ बमोजिम गठन भएको भवन निर्माण समितिलाई जनाउँदछ।

(ट) **"परिषद्"** भन्नाले नेपाल ईन्जिनियरिङ परिषद्लाई जनाउँदछ।

*(ठ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

✍३. **भवन निर्माण सम्बन्धी अनुमति तथा क्षेत्राधिकार:** (१) कुनै व्यक्ति, संस्था वा सरकारी निकायले दफा ४ को उपदफा (२) बमोजिमको भवन सम्बन्धी संरचना प्रदेशभित्र निर्माण गर्दा भवन संहिता र तोकिएको मापदण्ड अनुरुप मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयबाट तोकिए बमोजिमको प्रकृया पूरा गरी पूर्व अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्व अनुमति प्राप्त भएपछि मात्र त्यस्तो व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गरिने सम्बन्धित स्थानीय तहमा नक्सा पाससम्बन्धी आवश्यक प्रकृया प्रारम्भ गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कसैले भवन निर्माणका लागि पूर्व अनुमति माग गरेमा मन्त्रालय वा कार्यालयले आवश्यक जाँचबुझ तथा छानबीन गरी एक महिनाभित्र अनुमति दिने छ।

---

* पहिलो संशोधनद्वारा थपिएको

✍ पहिलो संशोधनद्वारा संशोधित

(४) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबीन गर्दा पूर्व अनुमति दिन कुनै कुरा खुलाउनु पर्ने वा कुनै विवरण पेश गर्नु पर्ने भएमा समय तोकी त्यस्ता विषय खुलाई पेश गर्न कार्यालयले आदेश दिन सक्नेछ र यसरी आदेश गरिएकोमा सो अनुसार नगरेमा वा भवन निर्माणका लागि पूर्व अनुमति दिन मनासिव नदेखिएमा मनासिव नदेखिनुको कारण र आधार खोली निबेदकलाई लिखित जानकारी गराउनु पर्नेछ।

✎४. **<u>भवनको वर्गीकरणः</u>** (१) भवन संहिताको तर्जुमा एवं कार्यान्वयन गर्ने प्रयोजनका लागि भवनलाई "क", "ख", "ग" र "घ" वर्गमा वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम **"क" वर्ग** अन्तर्गत देहाय बमोजिमका भवन संरचना पर्दछनः-

(क) भवन निर्माणका लागि इन्टरनेशनल स्टेट अफ आर्ट विल्डिङ्ग कोडमा आधारित हुने गरी अन्तर्राष्ट्रिय स्तरमा अपनाइएका असल अभ्यास एवं मापदण्ड तथा भवन संहिताको पालना गरी बनाइने अत्याधुनिक भवन संरचना,

(ख) व्यवसायिक, व्यापारिक, औद्योगिक एवं सेवामूलक प्रयोजनका लागि प्लिन्थ एरिया तीन हजार वर्ग फिट वा सोभन्दा बढी क्षेत्रफल भई भुइँतलासहित सात तला वा सोभन्दा बढी उचाई भएको भवन संरचना,

(ग) पचास परिवार वा सोभन्दा बढीको लागि निर्माण गरिने संयुक्त आवास संरचना,

(घ) पच्चिस बेड वा सोभन्दा बढी क्षमता भएको अस्पताल संरचना,

(ङ) एक हजार पाँच सय विद्यार्थी वा सोभन्दा बढी संख्यामा विद्यार्थी अटाउने क्षमता भएको विद्यालय वा क्याम्पसको संरचना,

(च) एक हजार वा सोभन्दा बढी मानिस अटाउने क्षमता भएको सभागृह निर्माण सम्बन्धी संरचना,

(छ) पच्चिस मिटर वा सोभन्दा बढी उचाई भएको वा एक पटकमा एक सय जना वा सोभन्दा धेरै मानिस अटाउन सक्ने भ्यू टावर,

(ज) दुई हजार वर्ग फिट वा सोभन्दा धेरै प्लिन्थ एरिया भएको संग्रहालय,

✎ पहिलो संशोधनद्वारा संशोधित

(झ) एक हजार जना वा सोभन्दा बढी मानिस अटाउन सक्ने क्षमता भएको थिएटर हल वा दुई हजार जना वा सोभन्दा बढी मानिस अटाउन सक्ने क्षमता भएको रंगशाला।

(३) उपदफा (१) बमोजिम **"ख" वर्ग** अन्तर्गत प्लिन्थ एरिया एक हजार वर्ग फिटभन्दा बढी भएका वा भुइँतलासहित तीन देखि सात तलासम्म भएका वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच मिटरभन्दा बढी भएका र "क" वर्गमा नसमेटिएका भवन तथा अन्य स्टिलका संरचनाहरू पर्दछन्।

(४) उपदफा (१) बमोजिम **"ग" वर्ग** अन्तर्गत प्लिन्थ एरिया एक हजार वर्ग फिटसम्म भएका वा भुइँतलासहित तीन तलासम्म भएका वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच मिटरसम्म भएका र "क" तथा "ख" वर्गमा नसमेटिएका भवनहरू पर्दछन्।

(५) उपदफा (१) बमोजिम **"घ" वर्ग** अन्तर्गत "क", "ख" र "ग" वर्गमा नसमेटिएका काँचो वा पाको ईटा, ढुंगा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने घर तथा टहरा पर्दछन्।

५. **भवन संरचना निर्माण संहिता सम्बन्धी व्यवस्थाः** (१) यस ऐनको दफा १४ बमोजिमको समितिले *दफा ४ अनुसारको भवन वर्गीकरण समेतका आधारमा प्रादेशिक भवन संहिता स्वीकृत गरी लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमेजिमको संहिता स्वीकृत गर्दा भौगोलिक, वातावरणीय, मौलिक संस्कृति झल्कने गरी प्रदेश भर एकै किसिमको वा प्रत्येक जिल्ला स्थानीय तह वा निश्चित स्थानको लागि अलग अलग मापदण्ड तयार गरी लागू गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम भवन संरचना निर्माण संहिता जारी भई मापदण्ड तोकिएपछि त्यस्तो मापदण्डको सबै निकाय, कार्यालय, स्थानीय तह र व्यक्तिले पालना गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको मापदण्ड हेरफेर गर्नुपर्ने अवस्था देखिएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका, निकाय कार्यालय वा व्यक्तिले सोको आधार र कारण खोली मापदण्ड हेरफेर गर्न मन्त्रालय समक्ष लिखित प्रस्ताव पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएपछि त्यस्तो प्रस्ताव उपयुक्त देखिएमा प्रदेश सरकारले सम्बन्धित गाउँपालिका वा नगरपालिका क्षेत्र वा सम्बन्धित स्थानमा लागू हुने गरी मापदण्ड हेरफेर गर्न सक्नेछ र त्यस्तो हेरफेरको प्रस्ताव प्राप्त भएको

---

* पहिलो संशोधनबाट थपिएको

मितिले तिस दिनभित्र त्यस्तो प्रस्तावको सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गर्नुपर्नेछ तर समिति आफैले संहितामा उल्लेखित मापदण्ड हेरफेर गर्नु आवश्यक महसुस गरेमा कारण र आधार समेत एकिन गरी समितिको निर्णय बमोजिम हेरफेर गर्न सकिनेछ।

(६) कुनै पनि सरकारी वा सार्वजनिक भवन वा संरचना निर्माण गर्दा अपाङ्ग र सेवाग्राहीमैत्री किसिमको डिजाईन बनाउनुपर्नेछ।

*(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश भवन संहिता जारी नभएसम्म नेपाल सरकारले जारी गरेको भवन संहिता बमोजिम निर्माण कार्य गर्नु पर्नेछ।

*(८) भवन संहिता कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>भवन संहिताबमोजिम भवन निर्माण गर्नुपर्ने:</u>** (१) कुनै व्यक्ति, संस्था वा सरकारले दफा ४ बमोजिमको भवन संरचना निर्माणको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा नक्सा पासको स्वीकृतीको लागि निवेदन दिनु पूर्व तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष पूर्व अनुमतिको लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी थप सर्तहरू तोक्न आवश्यक देखिएमा सोसमेत तोकी निवेदन परेको मितिले एक महिनाभित्र भवन निर्माणको लागि तोकिएको ढाँचामा मन्त्रालयले तोकेको निकाय वा अधिकारीले पूर्व अनुमति दिनुपर्नेछ र त्यस्तो अनुमति पत्र समेत संलग्न गरी नक्सा पासको स्वीकृतिको लागि सम्बन्धित गाँउ रनगरपालिकामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पूर्व अनुमति दिन नमिल्ने भए सम्बन्धित अधिकारीले निवेदन दिएको मितिले पन्ध्र दिनभित्र पूर्व अनुमति दिन नमिल्नाको आधार र कारण खुलाई निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको लिखित जानकारी उपर चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले पन्ध्र दिनभित्र सम्बन्धित मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ र यसरी निवेदन परेको पन्ध्र दिनभित्र सम्बन्धित मन्त्रालयले अनुमति दिन मिल्ने वा नमिल्ने सम्बन्धमा अन्तिम निर्णय दिनुपर्नेछ।

---

* पहिलो संशोधनबाट थपिएको

७. **मापदण्ड बमोजिम नक्सा स्वीकृत गर्नुपर्नेः** ✎(१) स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम भवनको नक्सा पासको अनुमति दिने अधिकारप्राप्त स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले भवन संरचनाको निर्माण सम्बन्धी नक्सा पास गर्दा यस ऐन बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा कार्यालयले दिएको पूर्व अनुमतिपत्र बमोजिम गर्नु पर्नेछ।

✎(२) यस ऐन बमोजिम भवन संरचना निर्माण सम्बन्धमा जाँचबुझ गर्दा स्थानीय तहको कुनै प्रमुख प्रशासकीय अधिकृतले यो ऐन विपरीत हुने गरी नक्सा पासको अनुमति दिएको पाइएमा सम्बन्धित कार्यालय वा अधिकारीले सोको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

✎(३) उपदफा (२) बमोजिमको प्रतिवेदन उपर छानबिन गर्दा मनासिब कारण देखिएमा सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई यस ऐन बमोजिम तोकिएको अधिकारी वा निकायबाट प्राप्त पूर्व अनुमतिपत्र बमोजिम गर्न गराउन लिखित निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले त्यस्तो निर्देशन बमोजिमको आवश्यक सर्त र मापदण्डमा संशोधन गरी लेखिए बमोजिम गर्ने गरी भवन संरचना निर्माण सम्बन्धमा नक्सा पासको स्वीकृति वा इजाजत दिनुपर्नेछ। स्वीकृति वा इजाजत दिई सकेको भए आवश्यक सर्तहरू उल्लेख गरी भवन निर्माणकर्तालाई जानकारी दिनुपर्नेछ।

८. **भवन डिजाइन गर्ने व्यक्तिको योग्यता:** ✎(१) देहायको योग्यता भएको व्यक्ति भवन वा संरचना डिजाइन कार्यको लागि योग्य हुनेछः-

(क) "क" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल, आर्किटेक्चर वा सो सरह इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भई भवन तथा संरचना डिजाइनको क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

तर स्ट्रक्चरल डिजाइनको हकमा स्ट्रक्चर वा अर्थक्वेक इन्जिनियरिङमा स्नातकोत्तर उपाधि हासिल गरेको हुनु पर्नेछ।

---

✎ पहिलो संशोधनद्वारा संशोधित

(ख) "ख" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भई भवन वा संरचना डिजाइनको क्षेत्रमा कम्तीमा तीन वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

(ग) "ग" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भई डिजाइनको क्षेत्रमा कम्तीमा एक वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

(घ) "घ" वर्गको भवन वा संरचनाको डिजाइन गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चरमा प्रविणता प्रमाणपत्र तह (सब-इन्जिनियर) वा सो सरह उत्तीर्ण गरी डिजाइनको क्षेत्रमा कम्तीमा एक वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भवन वा संरचनाको प्रकृति हेरी भवन वा संरचना निर्माण गर्न पूर्व अनुमति दिने मन्त्रालय वा कार्यालयले आवश्यकता अनुसार थप योग्यता निर्धारण गर्न सक्नेछ।

*८क. **<u>स्टान्डर्ड ड्रइङ्गस तयार गर्नुपर्ने:</u>** (१) मन्त्रालयले भवन डिजाइन तथा निर्माण गर्दा आवश्यक पर्ने मुख्य-मुख्य विषयहरूलाई समावेश गरी स्टान्डर्ड ड्रइङ्गस (Standard Drawings) निर्देशिका तयार गर्न सक्नेछ।

(२) स्टान्डर्ड ड्रइङ्गस (Standard Drawings) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

*८ख. **<u>डिजाइन म्यानुअल (Design Manual) तयार गर्नुपर्ने:</u>** (१) मन्त्रालयले भवन संरचनाको डिजाइन तथा निर्माण कार्यमा सहजताको लागि भवन संहिताको भवन डिजाइन कोड श्रृङ्खलाहरूको सही कार्यान्वयन हुने गरी डिजाइन म्यानुअल तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिने डिजाइन म्यानुअल (Design Manual) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

* पहिलो संशोधनबाट थपिएको

९. **व्यापारिक, व्यवसायिक र सेवामूलक भवन निर्माणको संरक्षण, सहयोग र साझेदारीः** (१) ✍दफा ४ को उपदफा (२) र (३) बमोजिमका निजी क्षेत्रले निर्माण गर्ने भवनहरूको आवश्यक संरक्षण र सुरक्षा गर्ने कार्य तोकिए बमोजिम हुनेछ।

(२) व्यापारिक, व्यवसायिक एवम् सेवाजन्य भवन संरचना निर्माण गर्दा प्रदेश सरकार र निजी क्षेत्र, प्रदेश सरकार र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह वा संघीय सरकार र प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको आपसी साझेदारीमा निर्माण, व्यवस्थापन र संचालन गर्न सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

*९क. **राजस्व छुट तथा वित्तीय सहयोगः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रादेशिक महत्वको कुनै भवन निर्माण भएमा र त्यस्तो भवनको उपयोगबाट एक सय जनाभन्दा बढी व्यक्तिको लागि नयाँ रोजगारी सृजना हुने तथा वार्षिक पाँच हजारभन्दा बढी विदेशी तथा छिमेकी मुलुकबाट पर्यटक आकर्षित गर्न सकिने देखिएमा प्रदेश सरकारले तोकिएको सर्तका अधीनमा रही त्यस्तो भवन निर्माण गर्ने व्यक्ति वा संस्थालाई राजस्व छुट तथा वित्तीय सहयोग प्रदान गर्न सक्नेछ।

🕮१०. **प्रोत्साहन गर्नेः** सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा व्यापारिक, व्यवसायिक र सेवामुलक भवन निर्माण गर्न प्रदेश निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण मार्फत सञ्चालन हुने परियोजनालाई सार्वजनिक निजी सहकारी साझेदारी प्राधिकरण ऐन, २०७६ बमोजिमको सेवा सुविधा उपलब्ध हुन सक्नेछ।

११. **राजश्व तथा अन्य शूल्कः** यस ऐन बमोजिम भवन निर्माण गर्ने व्यक्ति, संस्था स्थानीय तह वा निकायले प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्व तथा अन्य शुल्क/दस्तुर तोकिए बमोजिम हुनेछ।

१२. **सजायको व्यवस्थाः** (१) कसैले यस ऐन बमोजिम पूर्व अनुमति लिनुपर्ने निकायबाट त्यस्तो पूर्व अनुमति नलिई वा स्थानीय तहबाट नक्सा स्वीकृत नगराई वा उल्लिखित मापदण्ड विपरीत हुनेगरी भवन निर्माण गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो निर्माण कार्य तुरुन्त रोक्नु पर्नेछ र सोको जानकारी तत्काल * मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय वा अधिकारीलाई दिनुपर्नेछ।

✍(२) कसैले यस ऐन बमोजिम पूर्व अनुमति नलिई नक्सा वा भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुने गरी भवन निर्माण गरेमा मन्त्रालय वा

---

✍ पहिलो संशोधनद्वारा संशोधित

* पहिलो संशोधनबाट थपिएको

🕮 केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

मन्त्रालयले तोकेको कार्यालय वा अधिकारीले त्यस्तो भवन वा त्यसको कुनै भाग प्रबलीकरण वा अन्य विधिबाट मापदण्ड बमोजिम परिमार्जन गर्न वा भत्काउन आदेश दिई त्यस्तो कार्य गर्ने सरकारी निकाय, व्यक्ति वा संस्थालाई पचास हजार देखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले भवन निर्माणको कुनै भाग भत्काउने आदेश दिएकोमा सो भाग नभत्काएसम्म त्यस्तो सम्पत्ति कसैलाई पनि कुनै व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न, त्यस्तो निर्माण भएको भवनमा धारा, बिजुली, टेलिफोन आदि वितरण तथा वितरण गरिसकेको भए पनि त्यस्तो धारा, बिजुली, टेलिफोन आदिको लाइन काट्न समेत सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि लेखी आएबमोजिम तत्काल गरि दिनुपर्नेछ।

(४) क्षतिपूर्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

✎(क) भवन वा संरचनाले निर्धारण गरेको भारवहन गर्न नसकी वा आवश्यक गुणस्तर नभई वा स्वीकृत प्रयोजनभन्दा फरक प्रयोजनमा उपभोग गरेको कारणले उक्त भवन वा संरचनाको तोकिएको आयुभन्दा अगावै दुर्घटना भई जनधनको क्षति भएमा भवन वा संरचना निर्माण गर्ने सरकारी निकाय, व्यक्ति वा संस्थाले दफा १२ को उपदफा (४) को खण्ड (ग) र उपदफा (५) बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

तर भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ लगायतका प्राकृतिक प्रकोपका कारण भवन वा संरचनाको क्षति भएको अवस्थामा क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछैन।

(ख) दफा १२ (४) (क) बमोजिमका क्षति भएका भवन तथा संरचनाको डिजाइन, सुपरीवेक्षण गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित निकायले एक लाख देखि पाँच लाखसम्म जरिवाना गर्न सक्नेछ।

✎(ग) खण्ड (क) बमोजिमको अवस्था सिर्जना भई कसैको मृत्यु भएमा सम्बन्धित स्थानीय तहले सम्बन्धित घरधनी वा

---

✎ पहिलो संशोधनद्वारा संशोधित

संस्थाको सञ्चालक वा सरकारी निकायबाट पाँच लाख क्षतिपूर्ति र घाइते भएमा उपचार खर्च भराउनु पर्नेछ।

✎(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) को खण्ड (ग) बाहेक खण्ड (क) बमोजिमको अन्य क्षतिपूर्ति सम्बन्धित घरधनी, संस्थाको सञ्चालक वा सरकारी निकाय र निर्माण व्यवसायी बिचको करार सम्झौता बमोजिम हुनेछ।

**१३. पुनरावेदनः** दफा १२ को उपदफा (२) र (४) बमोजिम सजाय गरिएकोमा चित्त नबुझेमा त्यस्तो आदेश पाएको मितिले तिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

**१४. भवन निर्माण ✂..........तथा व्यवस्थापन समितिः** (१) भवन निर्माण तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश र स्थानीय तह तथा प्रदेश र संघबीच आवश्यक समन्वय र सहकार्य गर्न तथा यस ऐन बमोजिम भवन निर्माण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश सरकारले एक भवन निर्माण ✂....... तथा व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको ✎भवन निर्माण तथा व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | - अध्यक्ष |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | - सदस्य |
| (ग) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (घ) | ✎ प्रतिनिधि, नगरपालिका महासँघ, कोशी प्रदेश | - सदस्य |
| *(घ१) | प्रतिनिधि, गाउँपालिका महासँघ, कोशी प्रदेश | - सदस्य |
| (ङ) | समितिले तोकेको *एक जना महिला सहित विषय विज्ञ दुईजना | - सदस्य |
| (च) | प्रदेशस्तरीय निर्माण व्यवसायी ✎ महासंघको प्रतिनिधि | - सदस्य |
| (छ) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य सचिव |

✂ पहिलो संशोधनबाट झिकिएको

* पहिलो संशोधनबाट थपिएको

✎ पहिलो संशोधनद्वारा संशोधित

⁂(२क) उपदफा (२) बमोजिमको समितिले बैठक, निर्णय र निर्णय कार्यान्वयन सम्बन्धी  कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

(३) भवन ⁂ निर्माण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐन बमोजिम भवन संहिता स्वीकृत गर्ने।

(ख) भवन संरचना निर्माणसम्बन्धी समस्या वा विवाद उत्पन्न भएमा त्यस्तो समस्या वा विवादका सम्बन्धमा आवश्यक निर्णय गर्ने वा निर्देशन दिने।

(ग) प्रदेश सरकारलाई भवन संरचना निर्माण सम्बन्धमा आवश्यक नीतिगत सुझाव दिने।

*(ग१) स्थानीय तहसँग आवश्यक समन्वय गर्ने।

(घ) तोकिएबमोजिम अन्य कार्य गर्ने।

**१५. पुनरावेदन र खर्चको असुल उपर:** (१) यस ऐन विपरीत हुने गरी कसैले भवन संरचना निर्माण गरेमा र त्यस्तो निर्माण रोक्का राख्न वा भत्काउन आदेश दिएकोमा त्यस्तो आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले निर्माण कार्य रोक्का राखी आदेश भएको मितिले तिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्नुपर्नेछ र पुनरावेदन परेकोमा सम्बन्धित निकाय अधिकारी वा स्थानीय तहले फैसला बमोजिम गर्नुपर्नेछ र पुनरावेदन नपरेमा पुनरावेदन गर्ने म्याद नाघे पछि आदेश बमोजिमको कार्य गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायले त्यस्तो भवन वा त्यसको कुनै भाग नभत्काएमा भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको निकाय वा अधिकारीले त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (२) बमोजिम भवन वा त्यसको कुनै भाग भत्काउँदा भरमग्दुर प्रयास गर्दागर्दै पनि भत्काउनु पर्ने भागभन्दा बढी भाग भत्किन गएमा मन्त्रालय जवाफदेही हुने छैन र त्यसरी भत्काउनु पर्नेभन्दा बढी भाग भत्किन गई क्षति पुग्न गए वापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउनेछैन।

---

⁂ पहिलो संशोधनद्वारा संशोधित

* पहिलो संशोधनबाट थपिएको

(४) उपदफा (२) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायले भवन वा त्यसको कुनै भाग भत्काउँदा सम्बन्धित गाउँपालिका अथवा नगरपालिकामा कम्तीमा तीन दिन अगावै जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी दिए पनि त्यसरी भवन वा संरचना भत्काउँदा स्थानीय तहको कार्यपालिकाले तोकेको एक जना आधिकारिक प्रतिनिधि र अन्य दुईजना स्थानीय बासिन्दालाई रोहवरमा राख्नु पर्नेछ।

१६. **सहयोग गर्नुपर्ने:** दफा (१६) को उपदफा (२) बमोजिम मन्त्रालयले भवन वा त्यसको कुनै भाग भत्काउँदा कसैले बाधा विरोध गरेमा स्थानीय प्रशासन तथा सम्बन्धित गाउँपालिका, नगरपालिका वा अन्य सम्बन्धित निकायको सहयोग माग गर्न सक्नेछ र त्यसरी सहयोग माग भएमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेछ।

१७. **आदेश दिन सक्ने:** प्रदेश सरकारले कुनै जोखिमयुक्त वा विशेष क्षेत्रहरू घोषणा गरी त्यस्ता क्षेत्रहरूमा भवन निर्माण नगर्न आदेश दिन सक्नेछ र ज्यादै पुराना तथा जोखिमयुक्त भवनहरूलाई भत्काउन र सुदृढीकरण गर्न समेत आदेश दिन सक्नेछ।

१८. **सूचना प्रकाशन गर्नु पर्ने:** प्रदेश सरकारले भवन संहिता लागू गरिएको सूचना सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

१९. **अधिकार प्रत्यायोजन:** मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार स्थानीय तह वा मातहतका निकाय वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **यसै ऐन बमोजिम हुने:** यसऐनमा लेखिए जतिकुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. **वाधा अड्काउ फुकाउन सक्ने:** यो ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले यो ऐनको प्रतिकूल नहुने गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

२२. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ ।

# प्रदेश स्वायत संस्था गठन ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०५।१७

२०७६ सालको ऐन नं. १५

**प्रस्तावनाः** उद्योग, पर्यटन, कृषि, वन तथा वातावरण, संचार, उर्जा तथा प्रविधि लगायत सामाजिक, आर्थिक क्षेत्रको विकास र प्रवर्द्धन गर्न प्रदेश सरकार अन्तर्गत गठन हुने विभिन्न समिति, वोर्ड, प्राधिकरण, प्रतिष्ठान लगायतका स्वायत्त एवम् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था गठन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **"प्रदेश स्वायत संस्था गठन ऐन, २०७६"** रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अधिकृत"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिम गठन हुने स्वायत संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत स्वीकृत हुने नियम बमोजिम गठन हुने संस्थाको अध्यक्ष सम्झनु पर्छ।

(ग) **"मन्त्री"** भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्को सदस्यलाई सम्झनु पर्छ, सो शब्दले मुख्यमन्त्री समेतलाई बुझाउँछ।

(घ) **"तोकिए"** वा **"तोकिएबमोजिम"** भन्नाले यस ऐनबमोजिम मन्त्रिपरिषद्बाट स्वीकृत भई लागु हुने नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(च) **"सदस्य"** भन्नाले यस ऐन र यस ऐन बमोजिम स्वीकृत भई हुने नियमावली बमोजिम गठन हुने पदेन सदस्य र नियुक्त हुने सदस्य सम्झनु पर्छ।

(छ) **"संस्था"** भन्नाले यस ऐन अन्तर्गतको नियमावली बमोजिम गठन हुने प्रदेश सरकार अन्तर्गतको कुनै स्वायत संस्था, समिति, वोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै किसिमको अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था सम्झनु पर्छ।

३. **प्रदेश संस्था गठनका आधारः** (१) यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम गठन हुने संस्थाको अध्यक्षमा प्रत्येक संस्थाका लागि स्वीकृत हुने नियमावली

बमोजिम प्रदेश सरकारको मन्त्री वा प्रदेश सरकारको प्रमुख सचिव वा प्रदेश मन्त्रालयका सचिववा अन्य अधिकृत वा अन्य विज्ञ मध्येबाट हुनेछ।

(२) यस ऐन बमोजिम गठन हुने संस्थामा अध्यक्ष वाहेक तोकिए बमोजिमका श्रेणी वा तहका अधिकृत, कर्मचारी, पदेन सदस्य र अन्य तोकिए बमोजिमका सदस्यहरू बढीमा पाँच जनासम्म रहने छन् र अन्य सदस्यको योग्यता, नियुक्ति प्रक्रिया कार्यकाल र अन्य विषय तोकिए बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम वा तोकिए बमोजिम गठन हुने प्रत्येक संस्थामा एक मुख्य प्रशासनिक प्रमुख भई पूर्णकालिन रुपमा कार्य गर्ने अधिकृत नियुक्त हुने छन् र त्यस्तो अधिकृतको कार्यकाल तोकिए बमोजिम बढीमा चार वर्षको हुनेछ।

(४) उपदफा (३) बमोजिम नियुक्त हुने व्यक्तिको छनौट तोकिए बमोजिमको छनौट समितिद्वारा तोकिए बमोजिमको प्रकृया पूरा गरी छनौट हुनेछ।

(५) उपदफा (४) बमोजिम छनौट भएका व्यक्तिलाई गठन हुने संस्थामा प्रदेश सरकारले नियुक्त गर्नेछ।

४. **<u>पदाधिकारीको योग्यता एवम् सेवा, सुविधा र शर्त सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम गठन हुने प्रत्येक संस्थाको पदेन बाहेकका अन्य सदस्य एवम् अधिकृतको योग्यता एवम् सेवा, सुविधा र शर्त तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको योग्यता तोक्दा सदस्यको हकमा कम्तिमा पाँच वर्षको अनुभव र अधिकृतको हकमा कृषि, इन्जिनियरिङ्ग, विज्ञान व्यवस्थापन, अर्थशास्त्र, जनप्रशासन, समाजशास्त्र, कानून वा सम्बन्धित विषयमा मान्यता प्राप्त विश्व विद्यालयबाट न्युनतम स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा सम्बन्धित विषयमा दश वर्षको अनुभव हुनु पर्नेछ। स्नातकोत्तर उत्तीर्णको हकमा पाँच बर्षको अनुभव हुनु पर्नेछ र सेवा सुविधा तोक्दा प्रचलित संघीय एवं प्रादेशिक कानूनलाई आधार मान्नु पर्नेछ।

५. **<u>पदमुक्त हुने व्यवस्थाः</u>** (१) यस ऐनको दफा ३ को उपदफा (२) बमोजिमका सदस्य र अन्य सदस्य देहायको अवस्थामा पद मुक्त हुनेछः

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग लागि कसूरदार ठहरिएमा,

(ङ) प्रदेश सरकारले कार्यक्षमताको अभावमा पदमुक्त गरेमा,

तर खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मौका दिइनेछ।

(२) यस ऐनको दफा ३ को उपदफा (३) बमोजिम नियुक्त हुने अधिकृत देहाय बमोजिम पदमुक्त हुनेछः

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(घ) फौजदारी अभियोग लागि कसूरदार ठहरिएमा,

(ङ) प्रदेश सरकारले कार्यक्षमताको अभावमा पदमुक्त गरेमा।

तर खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा पदमुक्त हुने अधिकृतलाई सफाई पेश गर्ने मौका दिइनेछ।

६. **<u>पुनः नियुक्ति सम्बन्धी व्यवस्था</u>**ः यस ऐन बमोजिम नियुक्त हुने पदेन वाहेकका अन्य सदस्य तथा अधिकृत पुनः एक कार्यकालको लागि नियुक्त हुन सक्नेछ।

७. **<u>संस्था गठनका क्षेत्र</u>**ः यस ऐन बमोजिम प्रदेश सरकारले समिति, आयोग, वोर्ड, प्राधिकरण वा प्रतिष्ठान गठन गर्दा कृषि, पर्यटन, उर्जा, वन तथा वातावरण, उद्योग, संचार, सामाजिक विकासको क्षेत्रमा खास विषयमा प्रवर्द्धन र विकास गरी सरकारले लिएको लक्ष्य एवम् उद्देश्य पूर्तिका लागि गठन हुनेछ।

८. **<u>संस्था गठन हुने अन्य व्यवस्था</u>**ः (१) संस्था गठन गर्दा प्रत्येक संस्थाको उद्देश्य, क्षेत्राधिकार र कोष संचालन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था सम्बन्धित संस्था गठन गर्ने नियमावलीमा स्पष्ट हुनुपर्नेछ।

(२) यस ऐन बमोजिम गठन हुने संस्थाको बजेट र कर्मचारी सम्बन्धि, व्यवस्था सम्बन्धित संस्था गठन सम्बन्धी नियमावलीमा उल्लेख गर्नुपर्नेछ।

(३) यस ऐन बमोजिम गठन हुने संस्थाको गठन गर्दा त्यस्तो संस्था आफ्नै सामर्थ्यमा संचालन हुन सक्ने आधार र प्रक्रिया समेतलाई ख्याल गर्नुपर्नेछ।

(४) यस ऐन बमोजिम गठन हुने संस्थाको समिति गठन गर्दा समावेशी सिद्धान्तलाई ध्यान पुर्याउनुपर्नेछ।

९. **<u>अन्य कानून सम्बन्धमा</u>**ः माथिका दफामा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सभाबाट पारित ऐन बमोजिम कुनै खास आयोग, समिति, वोर्ड, प्राधिकरण, प्रतिष्ठान गठन गर्न र त्यस्तो संस्था सञ्चालन गर्न यो ऐनले कुनै बाधा पार्ने छैन।

१०. **<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था</u>**ः (१) यस ऐन बमोजिम प्रदेश सरकारले प्रत्येक संस्था गठन गर्न, त्यस्तो संस्थाको सञ्चालन, व्यवस्थापन र नियमन गर्नको लागि नियमावली स्वीकृत गरी लागु गर्नु पर्नेछ ।

# प्रदेश विद्युत ऐन २०७६

प्रमाणीकरण मितिः २०७६।०५।२६

**प्रस्तावनाः** प्रदेशमा उपलब्ध जलस्रोत, सौर्य शक्ति, वायु, कोईला, तेल, प्राकृतिक ग्यास, वायो ग्यास र फोहोरजन्य पदार्थ लगायतका शक्ति जस्ता प्राकृतिक श्रोतहरूको उपयोग गरी भरपर्दो, स्तरीय एवम् सुरक्षा युक्त विद्युत सेवा उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागू गरेकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश विद्युत ऐन २०७६"** रहेकोछ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"विद्युत"** भन्नाले पानी, खनिजतेल, कोइला, ग्याँस, सौर्यशक्ति, वायुशक्ति, वायोग्यास वा अन्यकुनै स्रोतबाट उत्पादनहुने विद्युत शक्ति सम्झनु पर्छ।

(ख) **"अनुमतिपत्र"** भन्नाले यस ऐन बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ।

(ग) **"आयोजना भन्नाले"** निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालन गरिने विद्युत आयोजना सम्झनु पर्छ।

(घ) **"ग्राहक"** भन्नाले विद्युत सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(ङ) **"महशुल"** भन्नाले यस ऐन वा नियम बमोजिम विद्युत सेवा उपयोग गरे वापत ग्राहकबाट लिइने शुल्क सम्झनु पर्छ।

(च) **"अनुमतिपत्र प्राप्त व्यक्ति"** भन्नाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ।

(छ) **"निरीक्षक"** भन्नाले यस ऐन बमोजिम नियुक्त भएको विद्युत निरीक्षक सम्झनु पर्छ र सो शब्दले प्रमुख विद्युत निरीक्षकलाई समेत जनाउँछ।

(ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको उर्जा तथा जलस्रोतसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(ञ) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

३. **आयोजनाको क्षेत्राधिकारः** (१) संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका जतिसुकै क्षमताकाभए पनि त्यस्ता आयोजना वा प्रदेश सरकारबाट स्वयम् आफैले निर्माण गर्ने वा प्रदेश सरकारले अनुमति दिने एक मेगावाट भन्दा बढीका र

संघीय कानून वा तोकिए बमोजिमको क्षमताका आयोजनाको निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालन तथा संघीय कानून वा तोकिए बमोजिमको क्षमताको प्रसारण लाईनको सर्भेक्षण, निर्माण, प्रसारण र संचालनको क्षेत्राधिकार प्रदेश सरकारमा रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यदि स्थानीय तहबाट माग भई आएमा र प्रदेश सरकारले उपयुक्त ठानेमा एक मेगावाट भन्दा कम क्षमताका आयोजनाहरू प्रदेश सरकार आफैले वा यस ऐन बमोजिम अरु कसैलाई सर्भेक्षण, निर्माण, उत्पादन, वितरण, प्रसारण र संचालनको अनुमति दिन सक्नेछ र यदि प्रदेश सरकारले माग गरेमा केन्द्र सरकारले तोकेबमोजिमका क्षमता भएको विद्युत आयोजना र एक सय बत्तिस के.भि.ए. भन्दा कम क्षमता भएको प्रसारण लाइनको सर्वेक्षण, निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालन गरिदिन सक्नेछ।

४. **<u>योजनाको विकासको मार्गचित्रः</u>** प्रदेश सरकारले प्रदेशको समग्र विद्युत विकासको गुरूयोजना बनाई मार्गचित्र तयार गरी त्यस्तो मार्गचित्रलाई आधार मानी विद्युत आयोजनाको निर्माण, उत्पादन, वितरण, प्रसारण र संचालन सम्बन्धी आवश्यक प्रणालीको विकास गर्न सक्नेछ।

५. **<u>सर्भेक्षण, निर्माण, उत्पादन, प्रसारण, वितरण र संचालनको लागि अनुमति लिनुपर्नेः</u>** (१) यस ऐन बमोजिमको आयोजना सर्भेक्षण, उत्पादन, प्रसारण, वितरण र संचालनको लागि यस ऐन बमोजिम अनुमति लिनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक मेगावाटसम्म क्षमताको आयोजनाको सर्भेक्षण, निर्माण, उत्पादन, प्रसारण र वितरण र संचालनको लागि सर्भेक्षण कार्य प्रारम्भ गर्नु पूर्व तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ र त्यस्ता आयोजनाको लागि यस ऐन बमोजिम अनुमति लिनु पर्नेछैन र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>अनुमति नलिई आयोजनाको सर्भेक्षण गर्न नहुनेः</u>** (१) यो ऐन बमोजिम अनुमतिपत्र नलिई कसैले पनि आयोजना सर्वेक्षण गर्न पाउने छैन।

७. **<u>सर्भेक्षण अनुमतिपत्र लिने सम्बन्धी व्यवस्थाः</u>** (१) विद्युत आयोजना सर्वेक्षण गर्न चाहने व्यक्ति वा संस्थाले सर्वेक्षणको लागि अनुमति लिनुपर्नेछ र त्यस्तो अनुमतिको लागि तोकिएको निकाय वा अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा सम्बन्धित निकाय वा अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो निवेदन उपर तोकिए बमोजिम कारवाही गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गरी त्यस्तो निवेदकलाई तोकिए बमोजिमको अवधिमा तोकिए बमोजिमको प्रकृया पूरा गरी आवश्यक शर्त सहित सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेकोमा त्यस्तो निवेदन उपर जाँचबुझ गर्दा सर्वेक्षण अनुमतिपत्र दिन नसकिने भए सो कुराको जानकारी तोकिए बमोजिमको अवधि भित्र निवेदकलाई दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सर्बेक्षण अनुमतिपत्र प्राप्त गर्न नसक्ने पक्षले तोकिए बमोजिमको निकायमा उजुरी गर्न सक्नेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार आफैंले कुनै विद्युत आयोजनाको निर्माण गर्ने भएमा त्यस्तो आयोजनाको लागि सर्वेक्षण अनुमति लिइ रहनु पर्नेछैन।

८. **निर्माण, उत्पादन, प्रसारण र वितरण अनुमति सम्बन्धी व्यवस्थाः** (१) दफा ७ बमोजिमको सर्भेक्षण अनुमतिपत्र प्राप्त गरी सर्भेक्षण कार्य समाप्त गरेको तीन महिनाभित्र तोकिए बमोजिमको विवरण सहित तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई आयोजना निर्माण, उत्पादन, वितरण र संचालन गर्न तोकिए बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा प्रदेश सरकार वा प्रदेश सरकारले तोके बमोजिमको अधिकारीले तोकिए बमोजिम कारवाही गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर तोकिएको निकाय वा अधिकारीले आवश्यक जाँचबुझ गर्नु पर्नेछ र त्यस्तो जाँचबुझ गर्दा अनुमति दिन मनासिव देखिएमा सम्बन्धित निकाय वा अधिकारीले तोकेबमोजिमको समयभित्र आयोजनाको निर्माण, उत्पादन, प्रशारण, वितरण र संचालनको लागि आवश्यक शर्त तोकि अनुमतिपत्र दिनुपर्नेछ। त्यस्तो अनुमतिपत्रमा नै आयोजनाको वित्तीय व्यवस्थापन, निर्माण कार्यको प्रारम्भ र समापनको समय तालिका समेत उल्लेख गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गरी अनुमति दिन नसकिने भएमा सम्बन्धित अधिकारीले त्यस्तो अनुमति दिन नसक्नुको आधार र कारण खुलाई तोकिएको समयभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको जानकारी प्राप्त गर्ने निवेदकले जानकारी प्राप्त गरेको ३५ दिन भित्र तोकिए बमोजिमको निकायमा निवेदन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा सम्बन्धित निकायले निवेदन परेको ४५ दिन भित्र जाँचबुझ गरी आवश्यक निर्णय गर्नुपर्नेछ।

९. **अनुमतिपत्रको अवधिः** (१) विद्युत आयोजनाको सर्भेक्षण अनुमतिपत्र पाएको मितिबाट दुई वर्ष भित्र सर्भेक्षण सम्बन्धी कार्य सम्पन्न गर्नुपर्नेछ तर कुनै प्राकृतिक विपद् वा कावु बाहिरको परिस्थिति उत्पन्न भई दुई वर्षमा सर्भेक्षण कार्य नसकिने भएमा त्यस्तो परिस्थितिको मनासिब आधार खोली दफा ७ को प्रकृया बमोजिम निवेदन दिएमा तोकिए बमोजिमको थप दस्तुर लिई एक बर्ष अवधि थप गरी अनुमति दिन सकिनेछ।

(२) आयोजना उत्पादन, प्रसारण, वितरण र संचालनको लागि दिइने अनुमतिपत्रको अवधि बढीमा पैतिस वर्षको हुनेछ।

(३) उपदफा (२) मा तोकिएको अवधि भन्दा कम अवधिको लागि अनुमतिपत्र दिइएकोमा उक्त अवधि समाप्त हुनुभन्दा एक वर्ष अगावै तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

१०. **अनुमतिपत्र हस्तान्तरण र अनुमतिपत्र दिन बन्देज सम्बन्धी व्यवस्थाः** (१) विद्युत अनुमतिपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम कुनै क्षेत्रमा विद्युत उत्पादन, प्रसारण, वितरण र संचालनको लागि कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमति पत्र दिइएकोमा त्यस्तो अनुमति पत्रको अवधि भर सोही क्षेत्रमा सोही प्रकृतिको कामको लागि अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमतिपत्र दिइने छैन।

११. **प्रदेश सरकारले करार गरी विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न सक्नेः** (१) प्रदेश सरकारले कुनै स्थानीय तह, सरकारी निकाय व्यक्ति वा संस्थासँग द्विपक्षीय वा बहुपक्षीय करार गरी सोही करार वा सम्झौतामा उल्लिखित शर्तहरूको आधारमा तोकिए बमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकाले यदि आफैले विद्युत उत्पादन, प्रसारण, वितरण र संचालन गर्न चाहेमा यो व्यवस्थाले कुनै बाधा पुर्याएको मानिने छैन।

१२. **<u>अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्तहरू:</u>** अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विद्युतको सर्भेक्षण, उत्पादन, प्रसारण वितरण र संचालन सम्बन्धमा पालना गर्नु पर्ने शर्तहरू तोकिए बमोजिम हुनेछ।

१३. **<u>अनुमतिपत्र खारेजगर्न सक्ने:</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले निश्चित अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ त्यस्तो आदेश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त संस्थाले आवश्यक सुधार नगरेमा तोकिए बमोजिमको निकाय वा अधिकारीले खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि खारेज गर्न पाउने अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई तिस दिनको समय दिई आफ्नो सफाई पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ र त्यस्तो सफाई उपर जाँचबुझ गरी तिस दिनभित्र अनुमतिपत्र खारेज गर्नुको आधार र कारणसमेत उल्लेख गरी निर्णयगर्नु पर्नेछ र त्यस्तो निर्णयको लिखित जानकारी सम्बन्धित पक्षलाई निर्णय गरेको मितिले पन्ध्र दिनभित्र दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको जानकारी पाएको तिस दिनभित्र त्यस्तो निर्णयमा चित नबुझ्ने पक्षले तोकिएको निकाय वा अधिकारी समक्ष, निवेदन दिनु पर्नेछ र प्रदेश सरकारले खारेज गरेको भए प्रदेश सरकार समक्ष पुनः दोहोर्याई पाउन तिस दिनभित्र निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन उपर तोकिएको निकाय वा अधिकारीले जाँचबुँझ गरी निवेदन परेको मितिले साठी दिनभित्र निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

१४. **<u>अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थासँग सम्झौता गर्न सक्ने:</u>** मन्त्रालयले अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थासँग विद्युतको एकमुष्ट वा आंशिक खरीद, लगानी गरिने आवश्यक पूँजी वा त्यस्तो पूँजीको जमानत वा अन्य आर्थिक एवं प्राविधिक विषयमा सम्झौता गर्न सक्नेछ र त्यस्तो सम्झौताका आवश्यक शर्तहरू तोकिए बमोजिम हुनेछ।

१५. **<u>प्रदेश सरकारको स्वामित्व हुने:</u>** (१) तोकिएको निश्चित प्रतिशतभन्दा बढी स्वदेशी तथा विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानीमा स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनसँग सम्बन्धित जग्गा, भवन, उपकरण संरचना

लगायतका सबै बस्तुमा अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि प्रदेश सरकारको स्वामित्व रहनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको स्वामित्वमा आएको सम्पति विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न पूर्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले चाहेमा विद्युत गृह, उपकरण, जग्गा, भवन र अन्य बस्तु निर्धारण गरिएको मूल्यमा लिन सक्नेछ र त्यसरी सम्पति प्राप्त गरेपछि निजले प्रदेश सरकारसँग सम्झौता गरी सो सम्झौता बमोजिम विद्युतको उत्पादन, प्रसारण, वितरण र संचालन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको पूर्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले मुल्य तिरी नलिएमा प्रदेश सरकारले आफैं वा तोकिए बमोजिम अन्य व्यक्ति वा संस्थालाई व्यवस्थापन र संचालन गर्न दिनसक्नेछ।

(४) उपदफा (२) बमोजिमको मूल्य निर्धारणको प्रयोजनको लागि प्रदेश सरकारले बढिमा पाँच जनाको विज्ञहरूको एक समिति गठन गर्नेछ र त्यस्तो समितिले गरेको मूल्य निर्धारण यसै ऐन बमोजिम भएको मानिनेछ र मूल्य निर्धारण सम्बन्धी प्रकृया तोकिए बमोजिम हुनेछ।

(५) तोकिएको निश्चित प्रतिशतसम्म विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानी विना स्थापना गरिएको विद्युत उत्पादन केन्द्र वा प्रसारण तथा वितरण लाइनको सञ्चालन तथा व्यवस्थापनका लागि अनुमतिपत्रमा तोकिएको अवधि समाप्त भएपछि पूर्व अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई तोकिए बमोजिम प्रदेश सरकारले सम्झौता गरी दिन सक्नेछ ।

१६. **रोयल्टी बुझाउनुपर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलविद्युतको व्यापारिक उत्पादन शुरू गरेको पन्ध्र बर्षसम्म प्रति जडित किलोवाट वार्षिक एक सय रुपैंया र प्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्रि मूल्यको दुई प्रतिशतका दरले सरकारलाई रोयल्टी बुझाउनुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित (किलोवाट) वार्षिक एक हजार रुपैंयाप्रति युनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दस प्रतिशतका दरले प्रदेश सरकारलाइ रोयल्टी बुझाउनु पर्नेछ।

१७. **प्रदेश सरकारको सहयोग र समन्वयः** (१) प्रदेश सरकारले विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनको क्षेत्रमा संलग्न व्यक्ति वा सँस्थालाई जग्गा प्राप्ति, संरचना निर्माण, मेशिनरी औजार आयात, वन तथा वातावरण सम्बन्धी निकायसँगको समन्वय, निर्माण सामग्रीको आपूर्ति, पहुँच मार्ग निर्माण, उत्पादित विद्युतको बजारीकरण गर्दा

बन, व्यक्ति वा समुदायले कुनै विवाद गर्न पाउने छैन उक्त कार्य गर्दा स्थानीयस्तरमा उठ्ने समस्यालाई समाधान गर्न प्रदेश सरकारले पूर्ण सहयोग गर्नुपर्नेछ।

तर राष्ट्रिय बनको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) विद्युत प्रसारण लाईन, विद्युतको व्यापार र विद्युत योजना निर्माण स्थल सम्मको पहुँच मार्गको व्यवस्था नगरिकन विद्युत योजनाको निर्माण गरिने छैन।

१८. **<u>सरकारीकरण नगरिने:</u>** (१) नीजि क्षेत्रबाट संचालित कुनै विद्युत उत्पादन, प्रसारण वा वितरण सम्बन्धी जग्गा, भवन, उपकरण तथा संरचनाको कानून बमोजिम बाहेक सरकारीकरण गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले एक हजारकिलोवाट वा सो भन्दा कम जलविद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनाहरू व्यापक सार्वजनिक उपयोगको लागि आफूले लिई विकास गर्न सक्नेछ।

**स्पष्टिकरण:** यस दफा प्रयोजनका लागि "व्यापक सार्वजनिक उपयोग"भन्नाले हाल उपयोग भएकोबाट लाभान्वित हुने जनसंख्या भन्दा बढी जनसंख्यालाई लाभान्वित हुने उपयोग सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम लिएको जग्गा, भवन, उपकरण तथा संरचना वापत प्रदेश सरकारले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ र क्षतिपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **<u>जलविद्युत उत्पादन केन्द्र आदि खरीद गर्नुपर्ने:</u>** कुनै व्यक्ति वा संस्थाले यस ऐनमा उल्लेख भए बमोजिम आयोजना निर्माण, प्रसारण र उत्पादन गरी वितरण गरिरहेको क्षेत्रमा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत वितरण गर्ने भएमा त्यसरी जलविद्युत उत्पादन गरी वितरण गरिरहेको व्यक्ति वा संस्थाले आफूले सञ्चालन गरेको जलविद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाइन बिक्री गर्न चाहेमा उक्त अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो जलविद्युत उत्पादन केन्द्र प्रसारण तथा वितरण लाइनको वर्तमान मूल्य तोकिए बमोजिमको शर्तहरूकोआधारमा आपसी सम्झौताद्वारा यकिन गरिएको मूल्यमा खरीद गर्नु पर्नेछ।

२०. **<u>विद्युत संरचनाको सुरक्षा:</u>** (१) कुनै विद्युत उत्पादन केन्द्र, रूपान्तरण केन्द्र, उपकेन्द्र, विद्युत उत्पादनको लागि बनाइएको पोखरी वा विद्युतसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा सँस्थाको अनुरोधमा वा स्वयम् त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा प्रदेश सरकारले आवश्यक सुरक्षा प्रबन्ध गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिवा संस्थाको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमतिपत्र प्राप्त व्यक्तिवा संस्थाले व्यहोर्नु पर्नेछ।

२१. **विदेशी विनिमयको सुविधाः** जलविद्युत उत्पादन, प्रसारण वा वितरणको लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी गरिएकोमा ऋणको साँवा वा व्याज भुक्तानी गर्न वा लगानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक पर्ने विदेशी विनिमयको सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

२२. **बिमा, बास स्थान र बोनस सम्बन्धी व्यवस्थाः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतको उत्पादन, प्रसारण वा वितरण र संचालनको काममा संलग्न कामदार तथा कर्मचारीको बिमा, बास स्थान तथा बोनसको व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **सुरक्षात्मक व्यवस्थाः** विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्ने सिलसिलामा अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **विद्युत महसुल र अन्य दस्तुर लिन सक्नेः** (१) प्रदेश सरकार वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विद्युत सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपभोग गर्ने व्यक्तिसँग दफा २५ बमोजिमको आयोगले निर्धारण गरिएको महसुल र अन्य दस्तुर लिन सक्नेछ।

२५. **विद्युत महसुल र अन्य दस्तुरको निर्धारणः** विद्युत महसुल र अन्य दस्तुरहरू निर्धारण गर्न प्रदेश सरकारले सम्वन्धित विज्ञहरू सम्मिलित एक महसुल निर्धारण आयोग गठन गर्नेछ र त्यस्तो आयोगको महसुल निर्धारण गर्ने विधि र प्रकृया तोकिए बमोजिम हुनेछ।

२६. **छुट्टै महसुल र दस्तुर निर्धारण गर्न सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय ग्रिडबाट असंलग्न रही विद्युतको वितरण गर्ने भएमा त्यसरी वितरण हुने विद्युतको महसुल र अन्य दस्तुर प्रदेश सरकार आफैले विद्युत वितरण लाभांश प्राप्त हुनेगरी निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमाजिमको विद्युत महसुल र अन्य दस्तुर निर्धारण गर्दा विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनमा लगाएको सम्पूर्ण लगानी सामान्यतया पच्चीस बर्षमा फिर्ता हुने गरी ह्रास कट्टी तथा शेयर पूँजीमा पच्चीस प्रतिशत लाभाँश प्राप्त हुने गरी निर्धारण गर्नुपर्नेछ।

२७. **विद्युत सेवा बन्द गर्न सकिनेः** देहायको अवस्थामा विद्युत सेवा बन्द गर्न सकिने छः

(क) विद्युत सम्वन्धी उपकरण तथा लाइनको जाँचबुझ, मर्मत वा अन्य कुनै महत्वपूर्ण काम गर्नु परेमा,

(ख) बाढी, पहिरो, अगलागी, भुईंचालो जस्ता दैवी प्रकोप वा हडताल, तालाबन्दी, दङ्गा वा अन्य यस्तै काबु बाहिरको कुनै असाधारण परिस्थिति आइपरेमा,

(ग) कुनै ग्राहकले बुझाउनु पर्ने महशुल र अन्य दस्तुर नबुझाएमा,

(घ) कुनै ग्राहकले अनाधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत सेवा उपभोग गरेमा।

२८. **राष्ट्रिय प्रसारण लाइन वा ग्रिड तोक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्रसारण लाइन वा ग्रिडलाई प्रादेशिक प्रसारण लाइन वा ग्रिड भनी तोक्न सक्नेछ।

२९. **उत्पादित विद्युतको बिक्रीः** (१) प्रदेश सरकारले कसैले यस ऐन बमोजिम उत्पादन गरेको विद्युत एकमुष्ठ बिक्री गर्न चाहेमा प्रादेशिक ग्रिडमा समावेश हुने गरी खरीद गर्न वा गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खरीद गरिने विद्युतको खरीद दर निर्धारण तोकिए बमोजिम हुनेछ।

३०. **विद्युतको आयात तथा निर्यातः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रदेशभित्र विद्युत आयात गरी वितरण गर्न चाहेमा तोकिए बमोजिम प्रदेश सरकारको पूर्व स्वीकृति लिई आयात गर्न सक्नेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफूले उत्पादन गरेको विद्युत विदेशमा निर्यात गर्न चाहेमा प्रदेश सरकारसँग सम्झौता गरी प्रचलित कानून बमोजिम निर्यात गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विद्युत निर्यात गर्दा प्रदेश सरकारलाई निर्यात कर वा दस्तुर बुझाउने सम्बन्धि व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३१. **विद्युतको गुणस्तर तोक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी यो ऐन बमोजिम उत्पादन, प्रसारण वा वितरण गरिने विद्युतको गुणस्तर तोक्न सक्नेछ।

(२) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नुपर्नेछ।

३२. **वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः** विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा यस ऐन र प्रचलित कानून बमोजिम वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्ने गरी गर्नुपर्नेछ।

३३. **दण्ड जरिवानाः** (१) कसैले यस ऐनबमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालना नगरी विद्युत उत्पादन, प्रसारण, वितरण र संचालन गरेमा त्यस्तो कार्यको छानबिन गरी दोषि पाईएमा त्यस्तो व्यक्ति

वा संस्थालाई पाँच लाख रुपैयासम्म जरिवाना गरी तोकिएको अधिकारीले त्यस्तो कार्य तत्काल बन्द गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवना गर्ने अधिकारी र प्रकृया तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यबाट कसैलाई हानी नोक्सानी हुन गएमा उपदफा (२) बमोजिम त्यस्तो हानी नोक्सानी वापतको मनासिव क्षतिपूर्तिसमेत भराई दिनुपर्नेछ।

(४) कसैले बदनियतपुर्वक कुनै विद्युत उत्पादन वा वितरण केन्द्र, प्रसारण लाईन, वितरण लाईन वा सोसँग सम्बन्धित अन्य कुनै संरचनामा प्रतिकूल असर पार्ने कुनै काम गर्नुहुदैन र यदि कसैले कुनै विद्युत संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा त्यस्तो काम गर्न उक्साएमा, प्रोत्साहन गरेमा, त्यस्तो गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानी बराबरको बिगो र सो बिगोको पच्चीस देखि पचास प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ। त्यस्तो विगो र जरीवाना तोक्ने अधिकारी र प्रकृया तोकिए बमोजिम हुनेछ।

३४. **पुनरावेदनः** दफा ३३ बमोजिम तोकिएको अधिकारीले दिएको सजाय वा आदेशमा चित नबुझ्ने ब्यक्ति वा संस्थाले तिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

३५. **भोल्ट तथा अन्य प्राविधिक कुराहरूको स्तरः** (१) विद्युत उत्पादन, प्रसारण वा वितरणका लागि विद्युतको भोल्ट तथा अन्य प्राविधिक विषयहरूको स्तर तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको स्तर विद्युत उत्पादन, प्रसारण वा वितरण गर्नेले कायम गर्नुपर्नेछ।

३६. **मर्मत संभारः** विद्युत उत्पादन केन्द्र, प्रसारण वा वितरण लाइन वा अन्य कुनै संरचनाको मर्मत संभार गर्नको लागि वा अन्य कुनै कारणले विद्युतको आपूर्ति रोक्नु पर्ने आवश्यकता परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सो कुराको जानकारी सर्वसाधारण जनतालाई कम्तीमा चैवीस घण्टा अगावै सार्वजनिक सूचनाद्वारा दिनुपर्नेछ र त्यस्तो सूचना तोकिएको अधिकारीलाई समेत दिनुपर्नेछ।

३७. **विशेष अवस्थाः** (१) कुनै विशेष अवस्था परी कुनै क्षेत्रमा विद्युत उत्पादन, प्रसारण वा वितरण बन्द गर्नु परेमा वा कुनै क्षेत्रमा विद्युत तत्काल पुर्‍याउनु पर्ने भएमा प्रदेश सरकारले सम्बन्धित विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने व्यक्ति वा संस्थालाई अवश्यक आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु निजको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्दा पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति प्रदेश सरकारले व्यहोर्नेछ।

३८. **अरूको घर जग्गामा प्रवेशगर्न सक्ने:** (१) प्रदेश सरकारले वा तोकिए बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा संचालन गर्ने सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश गर्दाकुनै हानी नोक्सानी हुन गएमा तोकिए बमोजिमको क्षतिपूर्ति दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्युतको अनाधिकृत प्रयोग, चोरी भइरहेको शङ्का हुने मनासिव माफिकको कारण भए वा अन्य कुनै हानी नोक्सानी, शंङ्का भएमा सो कुराको जाँचबुँझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना विना नै सम्बन्धित घर जग्गामा प्रवेश गर्न सकिनेछ।

३९. **अरूको घर जग्गाको उपयोग वा प्राप्ति:** (१) विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने प्रयोजनको लागि सरकारी वा अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रदेश सरकार समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रदेश सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचिलत कानून बमोजिम त्यस्तो घर जग्गा उपलब्ध गराई दिन सक्नेछ र त्यस्तो घर वा जग्गा वा घर जग्गाको हर्जाना, क्षतिपूर्ति वा मुआब्जा सम्बन्धित पक्षले बुझाउनु पर्नेछ।

(३) प्रदेश सरकारले वा अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य गरेमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँ वरिपरी तोकिएको दूरीमा पर्ने कसैको स्वामित्वको घर जग्गा कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी प्रदेश सरकारले निषेध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी वापत प्रदेश सरकार वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले तोकिए बमोजिमको क्षतिपूर्ति दिनुपर्नेछ।

४०. **विद्युत विकास इकाई:** विद्युतको विकास गर्ने, विद्युतको विकासमा नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने तथा विद्युत विकास सम्बन्धी कामहरूको अनुगमनका लागि सम्वन्धित मन्त्रालयमा एक विद्युत विकास माहाशाखा, शाखा वा इकाई रहनेछ र

त्यस्तो माहाशाखा, शाखा वा ईकाइको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४१. **<u>निरीक्षकको नियुक्तिः</u>** (१) विद्युत उत्पादन, प्रसारण वा वितरण र संचालनको निरीक्षण र रेखदेखका लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रमुख विद्युत निरीक्षक र विद्युत निरीक्षकहरू खटाउन सक्नेछ।

(२) प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४२. **<u>नविकरण सम्बन्धी व्यवस्थाः</u>** यस ऐन बमोजिम प्राप्त हुने अनुमतिपत्रको नविकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **<u>निर्देशन दिनसक्नेः</u>** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले मन्त्रालय, सम्बन्धित निकाय वा सम्बन्धित अधिकारी र मन्त्रालयले सम्बन्धित निकायवा सम्बन्धित अधिकारीलाई समय समयमा आवाश्यक निर्देशन दिन सक्नेछ।

४४. **<u>संघीय कानून बमोजिम हुनेः</u>** यस ऐनको दफा ३ मा उल्लिखित प्रदेश सरकारको क्षेत्राधिकार संघीय कानून भन्दा फरक हुन गएमा संघीय कानून बमोजिम हुनेछ।

४५. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

४६. **<u>बाधा अड्काउ सम्बन्धी व्यवस्थाः</u>** यस ऐनको कार्यान्वयनको लागि कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो वाधा अड्काउ पर्नुको आधार र कारण समेत खोली यस ऐनको उद्देश्य विपरित नहुने गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

४७. **<u>यसै ऐन बमोजिम हुनेः</u>** यस ऐनमा लेखिए जति विषयमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

# कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।१२।२०

कोशी प्रदेश वातावरण संरक्षण (पहिलो संशोधन) ऐनः २०८१।११।२९

**प्रस्तावनाः** नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई सुनिश्चित गर्न, वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गर्न तथा वातावरण अनुकूल प्रभावलाई बढोत्तरी गर्न प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापन गरी वातावरण संरक्षण गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६"** रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुकूलन"** भन्नाले जलवायू परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानी, नोक्सानी, रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) **"उत्सर्जन"** भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुँवा वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले दफा ३५ बमोजिम प्रदेश वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(घ) **"जलवायु परिवर्तन"** भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले पृथ्वीको वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखापर्ने परिवर्तन सम्झनु पर्छ।

(ङ) **"जलवायु परिवर्तन व्यवस्थापन"** भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति,

संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ।

(च) **"जोखिमपूर्ण पदार्थ"** भन्नाले मानव स्वास्थ्य, जीवजन्तु, वनस्पति, सूक्ष्म जीवाणु लगायत प्राकृतिक वातावरणमा असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी संक्षारक (कोरोसिभ) गुण भएका रासायनिक तथा भौतिक फोहोर सम्झनु पर्छ।

(छ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणालीको विविधता (इकोसिस्टम डाईभर्सिटि), प्रजातीय विविधता (स्पेसिज डाईभर्सिटि) तथा वंशाणु विविधता (जेनेटिक डाईभर्सिटि) सम्झनु पर्छ।

(ज) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) **"न्यूनीकरण"** भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(ञ) **"परिषद्"** भन्नाले दफा ३६ बमोजिम गठन हुने परिषद् सम्झनु पर्छ।

(ट) **"प्रदूषण"** भन्नाले फोहोरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ठ) **"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ड) **"प्रस्ताव"** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन प्रचलित कानून बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, उद्योग वा आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ढ) **"प्रस्तावक"** भन्नाले उद्योग वा आयोजना वा परियोजना वा कार्यक्रमहरूको प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध

सरकारी वा गैर सरकारी निकाय वा संस्था वा कम्पनी सम्झनु पर्छ।

(ण) **"प्रारम्भिक वातावरणीय परीक्षण"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(त) **"पूरक वातावरणीय अध्ययन"** भन्नाले एकपटक स्वीकृत भइसकेको सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा उद्योग वा आयोजनाको क्षमता वा पुँजी वृद्धि गर्न वा उद्देश्य परिवर्तन गर्नको लागि पेस भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय अध्ययन सम्झनु पर्छ।

(थ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको वातावरण हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(द) **"फोहोरमैला"** भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको ठोस, तरल, ग्याँस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ।

(ध) **"वातावरण"** भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूको बिचको अन्तरक्रिया तथा अन्तर-सम्बन्ध सम्झनु पर्छ।

(न) **"वातावरणीय अध्ययन प्रतिवेदन"** भन्नाले सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(प) **"वातावरणीय प्रभाव मूल्याङ्कन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्ने

सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ।

(फ) **"सम्बन्धित निकाय"** भन्नाले प्रस्ताव कार्यान्वय गर्ने तथा वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्न तोकिएका निकाय सम्झनु पर्छ र सो शब्दले त्यस्तो कारबाही र निर्णय गर्ने अधिकारी समेतलाई जनाउँछ।

(ब) **"सम्पदा"** भन्नाले प्रदेशको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(भ) **"संरक्षण"** भन्नाले वातावरण तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

(म) **"सङ्क्षिप्त वातावरणीय अध्ययन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सङ्क्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ।

(य) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिमको गठन भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उप-महानगरपालिका तथा महानगरपालिकालाई समेत जनाउँछ।

(र) **"स्थानीय समुदाय"** भन्नाले कुनै पनि तोकिएको क्षेत्रभित्र वा सोको वरिपरि बसोबास गर्ने समुदाय सम्झनु पर्छ।

## परिच्छेद-२

## वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्था

**३. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने:** (१) प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने अनुसूची-१ बमोजिमका विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा कुनै उद्योग वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन स्वीकृतिको लागि मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

[⊕]तर, वातावरणीय प्रभाव मूल्याङ्कन र प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रमा कार्यान्वयन हुने एवं वन पैदावार सम्बन्धी कच्चा पदार्थ प्रयोग हुने उद्योग वा आयोजनासँग सम्बन्धित प्रस्ताव बाहेक संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षणसँग सम्बन्धित प्रस्ताव अध्ययन तथा मूल्याङ्कन गर्ने दक्षता एवं क्षमता एकिन गरी सम्बन्धित मन्त्रालयबाट नै स्वीकृत गर्न सक्ने गरी मन्त्रालयले अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(३) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने तर राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्य तथा उद्योग वा आयोजना बाहेकको प्रस्तावको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए तोकिए बमोजिमको प्रकृया पुरा गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहले स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा उद्योग वा आयोजनाको प्रस्तावको सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन समेत स्वीकृतिका लागि मन्त्रालय वा सम्बन्धित निकाय समक्ष पेस गर्न सक्नेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **उपयुक्त विकल्पको आधार र कारण पेस गर्नु पर्ने:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने उल्लेखनीय प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपर्युक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण खुलाई प्रस्ताव सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा प्रस्तावकले उद्योग वा आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवम्

[⊕] पहिलो संशोधनबाट थपिएको

दीर्घकालीन प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ।

५. **कार्यसूची तथा क्षेत्र निर्धारणः** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व सङ्क्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा कार्यसूची र क्षेत्र निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालय वा सम्बन्धित निकाय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको प्रस्ताव सम्बन्धी कार्यसूची र क्षेत्र निर्धारणका सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायले बढीमा एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी स्वीकृति दिनेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृति दिनु पूर्व मन्त्रालय वा सम्बन्धित निकायले थप कुरा बुझ्नु पर्ने भएमा थप समय दिई थपकुरा बुझ्न सक्नेछ र त्यसरी थप कुरा बुझिसके पछि पन्ध्र दिनभित्र त्यस्तो प्रस्तावमा सुझाव वा सर्त भए त्यस्तो सुझाव वा सर्त सहित स्वीकृति दिनेछ।

(४) कार्यसूची तथा क्षेत्र निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **मापदण्ड र गुणस्तर तथा क्षतिपूर्तिः** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीत नहुने गरी प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड र गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड र गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेस भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन र सम्बन्धित परामर्शदाताले प्रस्तावकले बेहोरा परेको क्षतिपूर्ति रकम समेत भराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाउँदा वा क्षतिपूर्ति भराउने निर्णय गर्दा आधार र कारण समेत खोली निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निर्णय गरेको पन्ध्र दिनभित्र परामर्शदातालाई दिनु पर्नेछ।

तर यस दफा बमोजिम निर्णय गर्नु पूर्व सम्बन्धित परामर्शदातालाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(४) क्षतिपूर्ति निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने:** यो ऐन प्रारम्भ भएपछि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई प्रस्तावसँग सम्बन्धित कुनै पनि कार्य गर्न वा गराउन पाइने छैन।

⊕तर कसैले यो ऐन प्रारम्भ हुनुअघि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कुनै उद्योग सञ्चालन गरेको भए यो ऐन प्रारम्भ भएका मितिले एक वर्षभित्र त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदनको एक प्रति र उद्योगको विवरण समेत मन्त्रालयमा पेस गरेमा यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मानिनेछ।

८. **समिति सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदनको सिफारिस सम्बन्धी कार्य गर्न मन्त्रालयको वा सम्बन्धित निकायको सचिव वा प्रमुख वा निजले तोकेको वातावरणीय अध्ययनसँग सम्बन्धित विषयको अनुभव भएको कम्तीमा नवौं तहको अधिकृतको संयोजकत्वमा तोकिए बमोजिमको एक वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायको प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत राख्नु पर्नेछ।

⊕(३) समितिले आवश्यक परेको जुनसुकै समयमा प्रचलित कानून बमोजिमको सुविधा प्राप्त गर्ने गरी बैठक सञ्चालन गर्न सक्नेछ।

९. **अध्ययन प्रतिवेदन स्वीकृत गर्ने:** (१) दफा ३ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा दफा ८ बमोजिमको समितिले प्राप्त प्रतिवेदनको आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप अध्ययन गर्नु पर्ने देखिएमा दफा ८ बमोजिमको समितिले प्रस्तावकलाई सङ्क्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न वा गराउन आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन मन्त्रालय वा सम्बन्धित निकाय समक्ष पेस गर्नु पर्नेछ।

---

⊕ पहिलो संशोधनबाट थपिएको

(४) प्राप्त प्रतिवेदनको कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा दफा ८ बमोजिमको समितिले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने सर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रस्ताव पेस भएको एक्काईस दिनभित्र स्वीकृतिको लागि मन्त्रालय वा सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालय वा सम्बन्धित निकायले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्न थप समय लाग्ने भएमा वा स्वीकृत गर्न नसकिने भएमा त्यसको आधार र कारण खोली थप लाग्ने समय उल्लेख गरी प्रस्तावकलाई तत्काल लिखित जानकारी गराउनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित प्रस्तावकको हुनेछ।

(८) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **वातावरणीय व्यवस्थापन योजना सम्बन्धी व्यवस्था:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय मध्ये कुन कुन उपाय उद्योग वा आयोजना निर्माणको क्रममा र कुन कुन उपाय उद्योग वा आयोजना कार्यान्वयनको क्रममा वा उद्योग वा आयोजना सम्पन्न भएपछि अवलम्बन गर्ने हो, सो समेत उल्लेख गरी वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गरी तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय प्रभावकारी भएको नदेखिएमा मन्त्रालय वा सम्बन्धित निकायले आधार र कारण खोली अन्य प्रभावकारी उपाय अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यसरी मन्त्रालय वा सम्बन्धित निकायले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले बेहोरा पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण उद्योग वा आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा मन्त्रालय वा सम्बन्धित निकाय समक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा वा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने स्थानीय स्तरमा वसोवास गर्ने समुदाय मार्फत् कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ।

✎(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन गर्नु नपर्ने उद्योग वा आयोजनाको हकमा मन्त्रालयले निर्धारण गरेको ढाँचामा सम्बन्धित उद्योग वा आयोजना सञ्चालकले वातावरणीय व्यवस्थापन योजना तयार गरी स्वीकृतिका लागि उद्योग दर्ता गर्ने वा आयोजना कार्यान्वयन गर्ने निकायमा पेस गर्नु पर्नेछ।

⊕(६) उपदफा (५) बमोजिम स्वीकृतिका लागि पेस भएको वातावरणीय व्यवस्थापन योजनालाई उद्योग दर्ता गर्ने वा आयोजना कार्यान्वयन गर्ने निकायले पन्ध्र दिनभित्र स्वीकृत गरी वा अस्वीकृत भएमा सोको कारण सहितको जानकारी मन्त्रालय र प्रस्तावकलाई दिनु पर्नेछ।

**११.** **पूरक वातावरणीय अध्ययन गर्नुपर्ने:** (१) दफा ९ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको कुनै उद्योग वा आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन वा परिवर्तन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा उद्योग वा आयोजनाको क्षमता वा पुँजी वृद्धि वा उद्देश्य थप गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले प्रस्तावको पूरक वातावरणीय अध्ययन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय अध्ययन गर्नको लागि प्रस्तावकले उद्योग वा आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने उल्लेखनीय प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याई सहित मन्त्रालय वा सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ।

तर मन्त्रालय वा सम्बन्धित निकायले प्रस्तावकलाई पूरक वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन।

---

✎ पहिलो संशोधनद्वारा संशोधित

⊕ पहिलो संशोधनबाट थपिएको

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनको जाँचबुझ गर्दा मनासिब देखिएमा मन्त्रालय वा सम्बन्धित निकायले प्रस्तावकले पूरक वातावरणीय अध्ययन प्रतिवेदन पेस गरेको एक्काइस दिनभित्र तोकिए बमोजिम पूरक वातावरणीय अध्ययनको लागि अनुमति दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूरक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी प्रस्तावको अनुमति दिन मनासिब नदेखिएमा सोको आधार र कारण खोली प्रस्तावकलाई अनुमति दिन नसकिने व्यहोराको लिखित जानकारी दिनु पर्नेछ।

(५) पूरक वातावरणीय अध्ययन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः** (१) मन्त्रालय वा सम्बन्धित निकायले प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको एक वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र र सङ्क्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको उल्लेखनीय प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको उल्लेखनीय प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा सुरु भएपछि दोस्रो पटक देखि अद्यावधिक गरिने वातावरणीय परीक्षण प्रतिवेदन अघिल्लो पटक वातावरणीय परीक्षण अद्यावधिक गरिएको मितिले तीन वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र गरिसक्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायसँग समन्वय गरी तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो उल्लेखनीय प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव कार्यान्वयनको क्रममा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित प्रभाव बाहेक थप वातावरणीय प्रभाव नहुने देखिएमा प्रस्तावक वा सञ्चालकले त्यस्तो प्रस्तावको वातावरणीय अध्ययन गर्नु नपर्नाको आधार र कारण खोली उपदफा (२) र (३) बमोजिमको अवधिमा वातावरणमा <u>उल्लेखनीय प्रतिकूल</u> प्रभाव नपरेको पुष्ट्याई गर्ने कागजात मन्त्रालय वा सम्बन्धित निकाय समक्ष पेस गर्नु पर्नेछ।

(६) मन्त्रालय वा सम्बन्धित निकायले उपदफा (५) बमोजिम पेस भएको कागजात र स्थलगत अनुगमनका क्रममा फरक देखेमा वातावरणीय अध्ययन अद्यावधिक गर्न आदेश दिन सक्नेछ।

१३. **<u>रोक लगाइने:</u>** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कार्यान्वयन गर्नु पर्ने <u>उद्योग वा आयोजना</u>को प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी <u>उद्योग वा आयोजना</u> कार्यान्वयन गरेमा मन्त्रालय वा सम्बन्धित निकायले आधार र कारण खोली त्यस्तो <u>उद्योग वा आयोजना</u> कार्यान्वयन नगर्न रोक लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम <u>उद्योग वा आयोजना</u> कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको <u>उद्योग वा आयोजना</u>को प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम <u>उद्योग वा आयोजना</u> कार्यान्वयनमा सुधार गरेको पाईएमा उपदफा (१) बमोजिम लगाएको रोक मन्त्रालय वा सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।

१४. **<u>वातावरणीय अध्ययन सम्बन्धी विशेष व्यवस्था:</u>** (१) प्रदेश सरकार आफैंले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा मन्त्रालय वा सम्बन्धित निकायले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा <u>उद्योग वा आयोजना</u> तथा त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त हुने कार्य सम्बन्धी विवरण तयार गरी अभिलेख व्यवस्थित राखु पर्नेछ।

(३) यस दफा बमोजिमको विवरण मन्त्रालय वा सम्बन्धित निकायले सार्वजनिक गर्नु पर्नेछ र कुनै पनि प्रस्ताव पेस वा कार्यान्वयन गर्दा सम्बन्धित प्रस्तावक निकाय तथा सरोकारवाला पक्षले सो अनुरुप गर्नु पर्नेछ।

## परिच्छेद-३

## प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

१५. **मापदण्ड निर्धारण गर्न सक्नेः** (१) प्रदेश सरकारले कुनै यान्त्रिक साधन, यन्त्र, उपकरण, उद्योग, सेवा प्रवाह, होटल, रेष्टुरेन्ट, स्वास्थ्य संस्था वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदुषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि नेपाल सरकारले तोकेको राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी प्रदेश मापदण्ड निर्धारण गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ।

तर प्रदेश मापदण्ड नबनेसम्म राष्ट्रिय मापदण्डलाई नै प्रादेशिक मापदण्डको रुपमा लिईनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको मापदण्डको पालनाको सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

१६. **प्रदूषण गर्न नहुनेः** (१) कुनै पनि व्यक्ति, संस्था वा समूहले कसैको जनजीवन, जीवजन्तु, वनस्पति, जनस्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी दफा १५ बमोजिम प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड विपरीत हुने गरी कुनै पनि प्रकारको प्रदूषण गर्ने वा गराउने कार्य गर्नु हुँदैन।

(२) हिमाल आरोहण, पदयात्रा, पर्यापर्यटन, दृष्यावलोकन वा अन्य कुनै प्रयोजनको लागि हिमालय वा उच्च पहाडी वा अन्य क्षेत्रमा जाने कुनै व्यक्ति, संस्था वा समूहले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड विपरीत हुने गरी प्रदूषण गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने कार्य गर्न वा गराउन हुँदैन।

१७. **रोक लगाउन सक्नेः** (१) दफा १६ विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा मन्त्रालय वा सम्बन्धित निकायले सम्वद्ध व्यक्ति, समूह वा संस्थाबाट प्रदूषण पीडितलाई क्षतिपूर्ति दिलाउन, त्यस्तो व्यक्ति, संस्था वा समूहलाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक सर्त तोक्न वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(२) कुनै किसिमको पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालय वा सम्बन्धित निकायले यस ऐन वा प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कारबाहीमा परेको व्यक्ति, संस्था वा समूहलाई त्यस्तो पदार्थ, औजार, इन्धन, यन्त्र वा उपकरणको प्रयोगमा वा त्यस्ता

सामग्रीको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **<u>जोखिमपूर्ण पदार्थको ओसारपसारः</u>** (१) कुनै पनि किसिमका जोखिमपूर्ण पदार्थ प्रदेशभित्र आयात गर्न रोक लगाइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मानव स्वास्थ्य, जीवजन्तु, वनस्पति र वातावरणमा <u>उल्लेखनीय प्रतिकूल</u> प्रभाव नपार्ने तर औषधीजन्य गुण भएका र व्यवस्थापकीय हिसावले आवश्यक पर्ने कुनै खास किसिमको जोखिमपूर्ण पदार्थ आयात गर्न सकिनेछ।

(३) जोखिमपूर्ण पदार्थ उत्पादनकर्ता वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम स्थापित संस्था वा समूहले मन्त्रालयको अनुमति लिई जोखिमपूर्ण पदार्थको निर्यात गर्न सक्नेछ।

(४) जोखिमपूर्ण पदार्थ ओसारपसारको आधार र मापदण्ड तथा सोसँग सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **<u>जोखिमपूर्ण पदार्थको व्यवस्थापनः</u>** (१) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन, भण्डार तथा ओसारपसार गर्ने व्यक्ति, संस्था वा समूहको हुनेछ।

(२) जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्बन्धित व्यक्ति, संस्था वा समूहले जनस्वास्थ्य, जीवजन्तु, वनस्पति र वातावरणमा <u>उल्लेखनीय प्रतिकूल</u> असर नपर्ने गरी तोकिए बमोजिम वर्गीकरण गरी तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति, संस्था वा समूहले आफ्नै खर्च वा स्थानीय तहसँगको सहकार्यमा गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्य गर्दा जनस्वास्थ्य वा वातावरणमा <u>उल्लेखनीय प्रतिकूल</u> असर परेमा सम्बन्धित पीडित पक्षलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराई यस ऐन र प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पर्ने छैन।

२०. **<u>प्रयोगशाला स्थापना गर्न सक्नेः</u>** (१) वातावरण संरक्षण वा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्न प्रदेश सरकारले आवश्यकता अनुसार प्रयोगशाला स्थापना गर्न वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **<u>वातावरणमैत्री योजना तयार गर्न सक्ने:</u>** सिमसार क्षेत्र, धार्मिक स्थल, सडक, टोल तथा अन्य सार्वजनिक स्थानमा हुने फोहोरमैला व्यवस्थापनका लागि मन्त्रालयले स्थानीय तहसँगको समन्वयमा जैविक उर्जा, प्राङ्गारिक मल उत्पादन, प्रविधिमा आधारित यन्त्रशाला, वृक्षारोपण लगायतका विषयलाई समावेश गरी वातावरणमैत्री योजना तयार गरी लागु गर्न सक्नेछ।

२२. **<u>एकीकृत प्रदूषण नियन्त्रण प्रणाली:</u>** (१) प्रदेशमा हुने वातावरणीय प्रदूषण नियन्त्रण एवम् रोकथामका लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रदेशका प्रमुख शहर, उद्योग तथा औद्योगिक क्षेत्र, कृषि फार्म तथा जोखिम रहेका क्षेत्रमा हुने विभिन्न प्रकारका प्रदूषण नियन्त्रणका लागि सङ्घ वा स्थानीय तह वा दुवैसँगको समन्वयमा एकीकृत प्रदूषण नियन्त्रण प्रणाली योजना बनाई लागु गर्न सक्नेछ।

(२) वन क्षेत्र बाहेक प्रदेशमा रहेका नदिनालाबाट उत्पादन गरिने नदिजन्य पदार्थको सङ्कलन र उपयोगका सम्बन्धमा नेपाल सरकार र स्थानीय तहको समन्वयमा प्रदेश सरकारले कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(३) नदीनालाबाट बगेर आएको नदीजन्य पदार्थ कसैको निजी जग्गामा बगेर आई जम्मा भएमा त्यस्तो नदीजन्य पदार्थको उत्खनन् गर्दा वातावरणमा <u>उल्लेखनीय प्रतिकूल</u> प्रभाव नपर्ने गरी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भए सो समेत गरी वा नपर्ने भए सम्बन्धित स्थानीय तहबाट <u>वातावरणीय व्यवस्थापन योजना</u> स्वीकृत गराई सम्बन्धित जग्गाधनीले बिक्री वितरण गर्न सक्नेछ र त्यसरी बिक्री वितरण गर्दा सम्बन्धित स्थानीय तहलाई बिक्री कर बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय तहले सङ्कलन गरेको बिक्री करको निश्चित प्रतिशत प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२३. **<u>वातावरणीय स्वच्छताका लागि हरियाली प्रवर्द्धन गर्न सक्ने:</u>** मन्त्रालय वा सम्बन्धित निकायले स्थानीय तह, स्थानीय समुदाय, गैरसरकारी संस्था, सामुदायिक संस्थासँगको सहयोग, समन्वय तथा साझेदारीमा भौतिक संरचनामा विचलन नआउने गरी प्रदेशका प्रमुख शहर, उद्योग तथा औद्योगिक क्षेत्र, नदी र सडक किनार, सार्वजनिक स्थल, विद्यालय, विश्वविद्यालय, स्वास्थ्य संस्था तथा अन्य स्थानमा वृक्षारोपण र पुष्पवाटिका निर्माण जस्ता हरियाली प्रवर्द्धनका कार्य गर्न सक्नेछ।

२४. **<u>नमूना सङ्कलन गर्न दिनुपर्ने:</u>** (१) मन्त्रालय वा सम्बन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन हुने वा

हुन सक्ने प्रदूषण तथा फोहोरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित धनी वा सम्बद्ध व्यक्तिसँग निजको उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरण आदिबाट उत्सर्जन भएको प्रदूषण तथा फोहोरमैलाको नमूना सङ्कलन गर्न अनुमति मागेमा सम्बन्धित धनी वा सम्बद्ध व्यक्तिले तत्काल त्यस्ता वस्तु वा पदार्थको नमूना सङ्कलन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमूना सङ्कलनको अनुमति माग भएमा नमूना सङ्कलन गर्न दिई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था, समूह वा सञ्चालकको कर्तव्य हुनेछ।

(३) कुनै व्यक्ति, संस्था, समूह वा प्रस्तावकले नमूना सङ्कलन गर्न अनुमति नदिएमा मन्त्रालय वा सम्बन्धित निकायले त्यस्ता उद्योग, कलकारखाना, यन्त्र वा सवारी साधन सञ्चालन गर्न रोक लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधनलाई सञ्चालनमा रोक लगाइएमा त्यस्तो उद्योग, कलकारखाना, यन्त्र वा सवारी साधनको स्वामित्व भएको प्रस्तावकले प्रचलित कानून बमोजिम मन्त्रालय समक्ष पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(५) नमूना सङ्कलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनसक्ने:** (१) मन्त्रालयले प्रदूषण नियन्त्रणमा योगदान गर्ने उद्योग, संस्था, समूह वा व्यक्तिलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ।

(२) प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **वातावरण निरीक्षक:** (१) दफा ९ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा प्रदेश सरकारको वन, वातावरण तथा जैविक विविधता सम्बन्धी विषयमा ज्ञान भएको अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोकी अनुगमन तथा निरीक्षणका लागि खटाउन सक्नेछ।

(३) वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्कासन गरे, नगरेको वा प्रदूषण गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) कुनै ठाउँबाट ध्वनि, धुँवा, ताप वा फोहरमैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ङ) दफा १३ वा दफा १७ बमोजिम रोक लगाइएको विषयको पालना भए नभएको सम्बन्धमा निरीक्षण गर्ने,

(च) कुनै कलकारखाना, उद्योग, सेवाजन्य उद्योग वा यस्तै कुनै पनि ठाउँमा वातावरणीय प्रदूषण भएको देखेमा तत्काल सम्बन्धित व्यक्ति वा संस्था वा समूहलाई प्रदूषण नियन्त्रण वा रोकथामका लागि निर्देशन दिई तत्काल सोको जानकारी मन्त्रालय वा सम्बन्धित निकायलाई गराउने,

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था, समूह वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी नदिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा

संस्थालाई वातावरण निरीक्षकले [✎]वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम जरिबाना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय समक्ष उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(६) वातावरण निरीक्षकले उपदफा (१) बमोजिम गरेको जाँचबुझ तथा निरीक्षण सम्बन्धी कामको प्रतिवेदन सम्बन्धित निकाय वा तोकिएको अधिकारी समक्ष पेस गर्नु पर्नेछ।

## परिच्छेद-४

## जलवायू परिवर्तन सम्बन्धी व्यवस्था

२८. **विवरण सङ्कलन तथा प्राथमिकीकरणः** (१) जलवायू परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको उल्लेखनीय प्रतिकूल असर तथा जोखिमको बारेमा मन्त्रालयले समय समयमा अध्ययन गरी विवरण अद्यावधिक गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको अध्ययन तथा जलवायू परिवर्तनबाट हुने उल्लेखनीय प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अवलम्वन गरिएका उपाय समेतका आधारमा प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन गरिने विकास आयोजना तर्जुमाको प्राथमिकता निर्धारण गर्न सक्नेछ।

२९. **अनुकूलन योजना बनाउन सक्नेः** (१) मन्त्रालयले जलवायू परिवर्तनको उल्लेखनीय प्रतिकूल असर र जोखिमबाट बच्नका लागि जलवायू परिवर्तनको असरबाट बढी जोखिममा रहेको क्षेत्रको पहिचान गरी सो क्षेत्रमा त्यसको असरबाट बढी प्रभावित हुने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकतामा राखी स्थानीय तहसँगको सहकार्यमा अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजनालाई जलवायू अनुकूलनमैत्री बनाउन योजना तयारी तथा कार्यान्वयनको क्रममा विपद् जोखिम व्यवस्थापन, पूर्वाधार विकास र यसबाट प्रत्यक्ष प्रभावित कृषि, जलस्रोत तथा उर्जा आदिमा उपयुक्त प्रविधिको पहिचान, संरक्षण र प्रवर्द्धनमा ध्यान दिनु पर्नेछ।

---

[✎] पहिलो संशोधनद्वारा संशोधित

(३) मन्त्रालयले समुदायमा आधारित वन वातावरणीय व्यवस्थापन योजनालाई कार्वन सञ्चिति र जलवायू परिवर्तन अनुकूलमैत्री बनाउन सम्बन्धित उपभोक्ता समूहसँगको सहकार्यमा विशेष योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

३०. **उत्सर्जनको आधार पहिचान गरी न्यूनीकरणका उपाय अवलम्बन गर्न सक्नेः** (१) प्रदेश सरकारले उत्सर्जनको ऐतिहासिक प्रवृत्ति तथा हरितगृह ग्याँस उत्सर्जन गर्ने यातायात, उद्योग, उर्जा, कृषि, वन तथा भू-उपयोग लगायत क्षेत्र र कारकहरूको आधार तह (रिफरेन्स लेभल) पहिचान गरी तिनलाई उत्सर्जनको मात्राका आधारमा वर्गीकरण गर्ने र उत्सर्जन मापनका आधारहरू तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान र वर्गीकरण भएको आधार तहको सम्बन्धमा मन्त्रालयले आवधिक रुपमा अनुगमन गरी अद्यावधिक गरिएको जानकारी सार्वजनिक गर्नेछ।

(३) न्यूनीकरणका लागि प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) मन्त्रालयले हरितगृह ग्याँस उत्सर्जनको मापन गर्न वा गराउन सक्नेछ।

(५) हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **मापदण्ड निर्धारण गर्न सक्नेः** (१) जलवायू परिवर्तनको उल्लेखनीय प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका सम्बन्धमा सहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयको प्राथमिकता निर्धारण गर्नको लागि प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तह समेतको सहभागितामा आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(२) जलवायू परिवर्तनको उल्लेखनीय प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न प्रदेश सरकारले आवश्यक नीतिगत र प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ।

३२. **कार्बन व्यापारमा भाग लिन सक्नेः** (१) प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यवसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्बन व्यापरमा भाग लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## राष्ट्रिय सम्पदा, जैविक विविधताको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

३३. **सम्पदाको संरक्षणः** (१) प्रदेशमा रहेका राष्ट्रिय सम्पदा तथा जैविक विविधताको संरक्षण गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) प्रदेशभित्रका राष्ट्रिय सम्पदा तथा जैविक विविधताको संरक्षण गर्ने प्रयोजनका लागि सरोकारवाला निकायले विश्व सम्पदा सूचीमा परेका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था समेतको अभिलेख तयार गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ।

३४. **वातावरण संरक्षण सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा धार्मिक वा सांस्कृतिक महत्वको स्थललाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा तथा उद्योग वा आयोजना सञ्चालन गर्दा सरोकारवालासँगको समन्वयमा सङ्घीय कानूनसँग नबाझिने गरी प्रदेश सरकारले कुनै क्षेत्र वा क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कायम गरिएको संरक्षण क्षेत्र वा उपदफा (२) बमोजिम तोकिएको खुला वा हरियाली क्षेत्रभित्र त्यस्तो क्षेत्रलाई हानी नोक्सानी हुने तोकिए बमोजिमको कुनै पनि काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य, जीवजन्तु, वनस्पति वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुनर्स्थापनाको लागि कुनै उपयुक्त आदेश दिन वा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(५) प्रदेश सरकारले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण

भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रको रुपमा कायम नराख्न सकिनेछ।

(७) वातावरण संरक्षणका लागि यस दफा बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको व्यवस्थापनमा स्थानीय तहलाई सहभागी गराउन सकिनेछ।

(८) उपदफा (७) बमोजिम संयुक्त रुपमा व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ।

## परिच्छेद-६

## वातावरण संरक्षण कोष तथा परिषद्को व्यवस्थापन सम्बन्धी व्यवस्था

३५. **कोषको स्थापना र सञ्चालनः** (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायू परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणको लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन प्रदेश आर्थिक कार्यविधि ऐन तथा आर्थिक कार्यविधि नियमावली बमोजिम हुनेछ।

३६. **परिषद् गठन गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा जलवायू परिवर्तन सम्बन्धी कार्यलाई प्रदेश स्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायू परिवर्तन व्यवस्थापन परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछनः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारको वातावरण हेर्ने मन्त्री - उपाध्यक्ष

(ग) प्रदेश योजना आयोगका उपाध्यक्ष - सदस्य

(घ) प्रदेश संसदको वातावरण संरक्षण सम्बन्धी विषय हेर्ने सभापति - सदस्य

(ङ) वन तथा वातावरण विज्ञानका प्राध्यापकहरू मध्येबाट अध्यक्षबाट मनोनित एकजना महिला सहित दुई जना - सदस्य

(च) वातावरण तथा जलवायूको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट एक जना महिला सहित अध्यक्षबाट मनोनित दुईजना - सदस्य

(छ) सचिव, मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

३७. **परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षमा कम्तीमा एक पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठचालिस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले अठचालिस घण्टा अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(५) परिषद्को निर्णय अध्यक्ष सहितको बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गर्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३८. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालिन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायू परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र सम्पदा संरक्षण प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायू परिवर्तन सम्बन्धी कार्यमा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) वातावरण संरक्षण र जलवायू परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजिकरण गर्ने,

(ङ) प्राकृतिक, साँस्कृतिक र भौतिक संसाधन एवम् सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने।

## परिच्छेद-७

## <u>कसूर र जरिबाना तथा क्षतिपूर्ति</u>

३९. **<u>कसूरः</u>** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा भएकोमा बाहेक देहायका काम कारबाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै कार्य गरेमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा,

(घ) कसैले खण्ड (क) बमोजिमको कसूर गर्दा मन्त्रालय वा सम्बन्धित निकायले सुधार गर्न आदेश दिँदा आदेश विपरीतको कार्य गरेमा,

(ङ) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड विपरीतको कुनै कार्य गरेमा,

(च) खण्ड (ङ) बमोजिमको कार्य गरेकोमा सो नगर्न आदेश दिँदा आदेश बमोजिमको कार्य नगरेमा,

(ज) नेपाल सरकार वा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै कार्य गरेमा,

(झ) कुनै सार्वजनिक निकाय, व्यक्ति, संस्था वा समूहले वातावरण प्रदूषण गर्ने खालका वस्तुको उत्सर्जन तथा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम उचित व्यवस्थापन नगरेमा,

(ञ) कुनै व्यक्ति वा संस्थाले दफा ५० बमोजिम जारी भएको आदेश उल्लङ्घन गरेमा।

४०. **जरिबानाः** (१) दफा ३९ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पाँच लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(२) दफा ३९ को खण्ड (ख) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई दश लाख रुपैयाँ सम्म जरिबाना हुनेछ।

(३) दफा ३९ को खण्ड (ग) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई पचास लाख रुपैयाँ सम्म जरिबाना हुनेछ।

(४) दफा ३९ को खण्ड (घ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्रमशः उपदफा (१), (२) र (३) बमोजिम हुने जरिबानाको तेब्बर जरिबाना हुनेछ।

(५) दफा ३९ को खण्ड (ङ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई सम्बन्धित निकायले त्यस्तो कार्यमा बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना

गरी दुई महिनाभित्र नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ।

(६) दफा ३९ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई उपदफा (५) बमोजिम हुने कसूरको जरिबानाको तेब्बर जरिबाना हुनेछ।

(७) दफा ३९ को खण्ड (ज) र (झ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई एक लाख रुपैयाँ सम्म जरिबाना हुनेछ।

(८) दफा ३९ को खण्ड (ञ) अन्तर्गतको कसूर गर्नेलाई एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

✎(९) यस ऐन बमोजिमको कसूरमा एक पटक जरिबाना भईसके पश्चात पुनः सोही प्रकृतिको कसूर गरेमा प्रत्येक पटकका लागि यस दफा बमोजिम हुने जरिबानाको दोब्बर जरिबाना हुनेछ।

४१. **कालोसूचीमा राख्न सक्ने:** ✎(१) दफा ३९ को खण्ड (घ) र (च) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा वा मापदण्ड पूरा गर्न तथा फोहोरमैलाको व्यवस्थापन गर्न आदेश दिदा आदेश बमोजिमको कार्य नगरेमा त्यस्तो व्यक्ति, संस्था वा समूहलाई मन्त्रालयले तोकिए बमोजिम एक बर्षदेखि पाँच बर्षसम्म कालोसूचीमा राख्ने निर्णय गरी सोको विवरण सार्वजनिक गर्नु पर्नेछ।

✎(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले दिएको आदेश कार्यान्वयन नभएको विषयमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी उपदफा (१) बमोजिमको कारवाही गर्नेछ।

(३) ✎उपदफा (१) बमोजिम त्यस्तो व्यक्ति, संस्था, समूह वा प्रस्तावकलाई कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति, संस्था, समूह वा प्रस्तावकले कालोसूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति, संस्था वा समूहसँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेस गर्न सक्ने छैन।

(४) यस परिच्छेद बमोजिम जरिबाना गर्नु अघि जरिबाना गर्न लागेको व्यक्ति, संस्था, समूह वा प्रस्तावकलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

४२. **निवेदन दिन सक्ने:** (१) कसैले यस ऐन विपरीत प्रारम्भिक वातावरणीय परीक्षण, सङ्क्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा कुनै पनि व्यक्ति, संस्था वा समूहले मन्त्रालय वा सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

---

✎ पहिलो संशोधनद्वारा संशोधित

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा समूहलाई कुनै हानी वा नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा समूहले आफूलाई पुग्न गएको क्षति बापत मन्त्रालय वा सम्बन्धित निकाय समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम परेको निवेदनका सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था, समूह वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराइ दिनु पर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको बिषयमा परेको निवेदनका सम्बन्धमा छानविन गर्न प्रदेश सरकारले मनोनयन गरेका तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) र (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>पुनरावेदनः</u> दफा ४० बमोजिम सम्बन्धित निकायबाट भएको जरिबाना र क्षतिपूर्ति उपर चित्त नबुझ्ने पक्षले मन्त्रालय समक्ष र मन्त्रालयले गरेको जरिबाना र क्षतिपूर्ति भए प्रचलित कानून बमोजिमको निकाय समक्ष पैतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-८
## विविध

४४. **क्षतिपूर्ति भराई दिनेः** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनि, ताप वा हानिकारक फोहोरमैलाको सृजना वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा समूहलाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति, संस्था वा समूहले आफूलाई पुग्न गएको क्षति बापत तोकिएको अधिकारी समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) कुनै पनि विकासका उद्योग वा आयोजना, योजना, कार्यक्रम र व्यवसाय सञ्चालन गर्दाका बखत निर्धारित समयमा काम सम्पन्न नगर्दा वा त्यसका कारण प्राकृतिक विपत्ति वा क्षति भएमा पीडितले सम्बन्धित अधिकारी समक्ष निवेदन

दिनु पर्नेछ। यसरी प्राप्त निवेदनको मूल्याङ्कन गरी त्यसको सञ्चालकबाट भए गरेको क्षतिको क्षतिपूर्ति दिलाई भराई गराउनु सम्बन्धित अधिकारीको जिम्मेवारी हुनेछ।

(३) उपदफा (१) बमोजिम परेको निवेदनका सम्बन्धमा तोकिएको अधिकारीले छानबिन तथा जाँचबुझ गर्दा हानी नोक्सानी भएको ठहऱ्याएमा क्षतिको यकिन गरी त्यसरी हानी नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था, समूह वा प्रस्तावकबाट पीडितलाई क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **वातावरण संरक्षण योजना तर्जुमा गर्न सक्नेः** (१) स्वच्छ र स्वस्थ वातावरण कायम गर्ने गरी वातावरण संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले वातावरण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना तर्जुमा गर्दा वातावरण संरक्षण, सम्बर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरूको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासलाई योजनामा समावेश गर्नु पर्नेछ।

४६. **व्यवसायिक सामाजिक जिम्मेवारीः** (१) कुनै पनि व्यक्ति, संस्था वा समूहले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने खालका कुनै पनि कार्यक्रम वा उद्योग वा आयोजना सञ्चालन तथा कार्यान्वयन गर्दा वार्षिक मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यवसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि छुट्याई सोको योजना तथा कार्यक्रम बनाई वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरण संरक्षणको क्षेत्रमा गरिएको खर्चको विवरण सहित सञ्चालन गरिएको कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित व्यक्ति, संस्था वा समूहले मन्त्रालय वा सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ।

४७. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन। तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार सम्बन्धित व्यक्तिमा रहनेछ।

४८. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय✂........ले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

---

✂ पहिलो संशोधनबाट झिकिएको

[✎](२) उपदफा (१) बमोजिम मन्त्रालयले अनुगमन गर्दा देहाय बमोजिमको संयोजक र सदस्यहरू रहने गरी अनुगमन टोली गठन गर्नु पर्नेछः-

(क) मन्त्रालयको वातावरण क्षेत्र हेर्ने महाशाखा प्रमुख -संयोजक

(ख) वातावरणीय अध्ययन मूल्याङ्कन तथा सिफारिस समितिका सदस्यहरू - सदस्य

(ग) प्रस्तावसँग सम्बन्धित निकायको अधिकृत प्रतिनिधि, - सदस्य

(घ) प्रस्ताव कार्यान्वयन भएको क्षेत्रको स्थानीय तहको महिला प्रतिनिधि - सदस्य

(ङ) वातावरण शाखाको शाखा प्रमुख -सदस्य सचिव

[✎](३) उपदफा (२) बमोजिमको अनुगमन टोलीले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन निरीक्षण गरेको सात दिनभित्रमा मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

[⊕](४) मन्त्रालयबाट गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **<u>वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेः</u>** (१) मन्त्रालयले प्रत्येक वर्ष देहायका विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) दफा ४८ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) मन्त्रालय वा मन्त्रालय मातहतका निकायबाट वातावरण संरक्षणका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमको प्रगति,

(ग) जलवायू परिवर्तन सम्बन्धमा भएको प्रादेशिक क्रियाकलाप सम्बन्धी विवरण,

(घ) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र परिषद् समक्ष पेस गर्नु पर्नेछ।

(३) परिषद्ले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् प्रदेश सभामा जानकारी गराउनु पर्नेछ।

५०. **<u>आदेश जारी गर्न सक्नेः</u>** (१) प्रदेश सरकारले जलवायू परिवर्तनको <u>उल्लेखनीय प्रतिकूल</u> असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानीय तह तथा अन्य सार्वजनिक निकाय एवम् नीजि क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा

---

[✎] पहिलो संशोधनद्वारा संशोधित

[⊕] पहिलो संशोधनद्वारा थपिएको

कार्ययोजनामा जलवायू परिवर्तनको उल्लेखनीय प्रतिकूल असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा तथा वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा प्रदेश सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ।

५१. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मन्त्रालय मातहतका निकाय, वातावरण निरीक्षक✎लाई र सम्बन्धित निकायले कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

५३. **मन्त्रालय वा सम्बन्धित निकायको अधिकारः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण सम्बन्धी सम्बन्धित स्थानीय तहको कानून नबनुन्जेलसम्म स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने सङ्क्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृति मन्त्रालय वा सम्बन्धित निकायबाट हुनेछ।

५४. **नियम बनाउने अधिकारः** यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

✎५५. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनका विभिन्न दफामा प्रदेश सरकारले जारी गर्ने भनी उल्लेख भएका विषयदेखि बाहेकका विषयमा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

५६. **बचाउः** यो ऐन प्रारम्भ हुनु अघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

---

✎ पहिलो संशोधनबाट संशोधित

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## प्रदेशको अधिकार क्षेत्र

1. प्रदेश सरकारले सञ्चालन गर्ने भौतिक पूर्वाधार निर्माण सम्बन्धी विकास उद्योग वा आयोजना वा परियोजना,
2. सङ्घीय सरकारले प्रदेश सरकार मार्फत् सञ्चालन गर्ने भौतिक पूर्वाधार निर्माण सम्बन्धी विकास उद्योग वा आयोजना वा परियोजना,
3. प्रदेश सरकारले स्थानीय तह मार्फत् सञ्चालन गर्ने भौतिक पूर्वाधार निर्माण सम्बन्धी विकास उद्योग वा आयोजना वा परियोजना,
4. प्रदेश सरकारबाट स्वीकृति र अनुमति लिनुपर्ने तोकिए बमोजिमको स्थिर पुँजी वा क्षमताभन्दा माथिका उद्योगहरू,
5. स्थानीय तहबाट व्यवस्थापन गरिने नदीजन्य पदार्थको उत्पादन वा उत्खनन् सम्बन्धी कार्य,
6. प्रादेशिक वन ऐन बमोजिम गरिने तोकिए बमोजिमका कार्य,
7. प्रचलित सङ्घीय वा प्रदेश कानून बमोजिमको अधिकार क्षेत्रभित्रका अन्य कार्य।

# कोशी प्रदेश प्रदेश वन ऐन, २०७७

**प्रमाणीकरण मितिः** २०७७।०४।१८

**केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ः** २०८२।०३।२९

**<u>प्रस्तावनाः</u>** वन व्यवस्थापन पद्धतिका माध्यमबाट प्रदेश भित्र रहेका राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण, व्यवस्थापन र सुदृढीकरण गरी मुलुकको समृद्धिमा योगदान गर्न नेपालको संविधानको अनुसूचीमा उल्लेखित सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा रहेको व्यवस्था तथा सङ्घीय वन ऐन समेतलाई मध्यनजर गरी प्रदेशस्तरमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"कोशी प्रदेश प्रदेश वन ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"उपभोक्ता समूह"** भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्न दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूह सम्झनु पर्छ।

(ख) **"आखेटोपहार"** भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्ग सम्झनु पर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउँछ।

(ग) **"कबुलियती वन"** भन्नाले दफा ३२ बमोजिम व्यवस्थापन गरिने प्रादेशिक वन सम्झनु पर्छ।

(घ) **"कार्ययोजना"** भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत वन सम्बन्धी कार्ययोजना सम्झनु पर्छ। सो शब्दले यो ऐन प्रारम्भ हुनु पूर्व

प्रचलित कानून बमोजिम स्वीकृत भई कार्यान्वयनमा रहेको कार्ययोजना समेतलाई जनाउँदछ।

(ङ) **"खनिजजन्य वन पैदावार"** भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भभित्र पाइने वा वन क्षेत्रभित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्याँस पदार्थ वाहेक चट्टान, माटो ढुङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयूक्त अप्राङ्गरिक पदार्थ सम्झनु पर्छ।

(च) **"गैरकाष्ठ वन पैदावार"** भन्नाले काठ र दाउरा वा काष्ठजन्य बाहेक वनमा रहेका, पाइएका वा वनक्षेत्रमा पाइने सबै जैविक उत्पत्तिका वन पैदावार सम्झनु पर्छ र सो शब्दले जडिबुटी समेतलाई जनाउनेछ।

(छ) **"चौपाया"** भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनु पर्छ।

(ज) **"जलाधार"** भन्नाले वर्षाको वा पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनु पर्छ र सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सोभन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ।

(झ) **"जैविक मार्ग"** भन्नाले वन्यजन्तु एक वासस्थानबाट अर्को वासस्थानमा आवतजावत गर्ने बाटो सम्झनु पर्छ।

(ञ) **"टाँचा"** भन्नाले काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ। सो शब्दले उक्त निशाना लगाउन प्रयोग गरिने निशाना अङ्कित फलामे घनलाई समेत जनाउँछ।

(ट) **"डिभिजन वन कार्यालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालय सम्झनु पर्छ।

(ठ) **"डिभिजनल वन अधिकृत"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ड) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) **"दरिया वुर्दी"** भन्नाले नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएको सबै काठ टाँचा निशानाहरू लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको

वा उडेको वा कुनै तरहबाट मेटिएको काठ वा टाँचा निशाना नलागेको काठ सम्झनु पर्छ।

(ण) **"धार्मिक वन"** भन्नाले दफा ३४ बमोजिम जिम्मा दिएको प्रादेशिक वन सम्झनु पर्छ।

(त) **"नदीजन्य पदार्थ"** भन्नाले राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्र भित्रको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो, दहत्तर, बहत्तर समेत सम्झनु पर्छ।

(थ) **"निजी वन"** भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ।

(द) **"निर्देशनालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतको वन निर्देशनालय सम्झनु पर्छ।

(ध) **"निर्देशक"** भन्नाले निर्देशनालयको प्रमुख भै काम गर्ने अधिकृत कर्मचारी सम्झनु पर्छ।

(न) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर एक सम्झनु पर्छ।

(प) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(फ) **"प्रादेशिक वन"** भन्नाले निजी वन तथा अन्तर प्रादेशिक वन बाहेक प्रदेश भित्रको वन सिमाना लगाइएको वा नलगाइएको सबै वन सम्झनु पर्दछ र सो शब्दले वनले घेरिएको वा वन क्षेत्रसँग जोडिएको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(ब) **"पर्यापर्यटन"** भन्नाले वन, वन्यजन्तु, वातावरण, सिमसार, पर्वतारोहण, ट्रेकिङ्ग लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई बुझ्नुपर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापलाई समेत जनाउँछ।

(भ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको वन तथा वातावरणसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(म) **"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(य) **"वन पैदावार"** भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा

(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फुल, भुवा, जरा, गानो, बोक्रा, गमरेजीन लोहवान र सवै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग, वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार।

(र) **"वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम वनक्षेत्रको रुपमा परिभाषित गरिएको क्षेत्र समेतलाई जनाउँछ।

(ल) **"वन संरक्षण क्षेत्र"** भन्नाले दफा १९ बमोजिम घोषणा गरिएको वन संरक्षण क्षेत्र सम्झनु पर्छ।

(व) **"वन सिमाना चिन्ह"** भन्नाले प्रादेशिक वनको सिमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुका खम्बा वा चिन्हपट सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्हलाई समेत जनाउँछ।

(श) **"वन व्यवस्थापन पद्धति"** भन्नाले प्रादेशिक वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वनलाई सम्झनु पर्छ।

(ष) **"वन्यजन्तु"** भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता जाति (एम्फिवियन्स) र कीरा फटयाङ्ग्रा (इन्सेक्ट्स) लाई सम्झनु पर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुल समेतलाई जनाउँछ।

(स) **"वातावरणीय परीक्षण"** भन्नाले प्रचलित सङ्घीय तथा प्रादेशिक कानून बमोजिम गरिने सङ्क्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ह) **"वातावरणीय सेवा"** भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्छः

(१) कार्बन सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य वस्तु, सेवा तथा लाभ।

(क्ष) "सरकारद्वारा **व्यवस्थित वन"** भन्नाले दफा १८ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय तथा प्रादेशिक वन सम्झनु पर्छ।

(त्र) **"सव-डिभिजन वन कार्यालय"** भन्नाले डिभिजन वन कार्यालय अन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(ज्ञ) **"साझेदारी वन"** भन्नाले दफा २० बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने प्रादेशिक वनको कुनै भाग सम्झनु पर्छ।

(ज्ञ१) **"सामुदायिक वन"** भन्नाले दफा २४ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको प्रादेशिक वन सम्झनु पर्छ।

(ज्ञ२) **"सिमसार क्षेत्र"** भन्नाले भूमिगत जलश्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराईन फल्डप्लेन), ताल (लेक), पोखरी

(पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ।

(ज्ञ३) "सङ्घीय **वन ऐन**" भन्नाले नेपाल सरकारको प्रचलित वन ऐनलाई सम्झनु पर्छ।

(ज्ञ४) "स्थानीय **तह**" भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रादेशिक वनको सीमा निर्धारण सम्बन्धी व्यवस्था

३. **सीमा निर्धारण सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण नगरेसम्म यस अघि प्रचलित कानून बमोजिम निर्धारण गरिएको वन सिमाना नै यस ऐन बमोजिमको वनको सिमाना हुनेछ।

(२) नेपाल सरकारको स्वीकृति लिई प्रदेश सरकारको अनुमतिमा वनक्षेत्र भित्र रहेको वा वनको सिमानासँग जोडिएको सार्वजनिक जग्गा वा सो जग्गामा बनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना समेत वनको सिमानाभित्र पारी डिभिजनल वन अधिकृतले सम्बन्धित स्थानीय तहको सहमतिमा नापी कार्यालयको आवश्यक सहयोग लिई छुट्याउन सक्नेछ।

(३) वनको सिमाना भित्र वा वनको सिमानासँग जोडिएको व्यक्तिको निजी जग्गा र त्यस्तो जग्गामा वनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना प्रदेश सरकारको स्वीकृतिमा वनको सिमाना भित्र पारी डिभिजनल वन अधिकृतले छुट्याउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको प्रयोजनका लागि प्रादेशिक वनको सिमाना छुट्याउँदा सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घर दैलो, स्थानीय तह र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँसगरी सार्वजनिक सञ्चार माध्यममा समेत प्रकाशित गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस वा प्रकाशित भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस वा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक पैंतिस दिनभित्र निर्देशक समक्ष उजूरी दिन सक्नेछ र निर्देशकको निर्णय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय विरुद्ध निर्णय भएको जानकारी पाएको मितिले पैंतिस दिनभित्रमा प्रचलित कानून बमोजिम न्यायिक निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ।

४. **मुआब्जा, क्षतिपूर्ति तथा निजी जग्गाको लगत काट्नेः** (१) प्रादेशिक वनको सिमाना छुट्याउँदा वनको सिमाना भित्र पारिएको कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा

वनेको घर, छाप्रो, टहरो, रुख र खडा अन्नबाली वा अन्य भौतिक संरचना समेत जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गरी सोको क्षतिपूर्ति वा मुआब्जा सम्बन्धित जग्गावालालाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यक्तिको निजी जग्गा प्रादेशिक वन भित्र पारिएमा सो जग्गाको क्षेत्रफल, कित्ता नं. तथा सिमाना सम्बन्धी विवरण खोली डिभिजनल वन अधिकृतले मालपोत कार्यालय एवम् सम्बन्धित स्थानीय तहमा लगत कट्टाको लागि लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्बन्धित स्थानीय तहले त्यस्तो जग्गाको करको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा भएको विवरण डिभिजन वन कार्यालयले सङ्घीय वन मन्त्रालय, मन्त्रालय र निर्देशनालयमा पठाउनु पर्नेछ।

५. **<u>बल प्रयोग गर्न सक्ने:</u>** डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम वन क्षेत्रसँग जोडिएको सार्वजनिक जग्गा वा त्यस्तो जग्गामा बनेको संरचना वनको सिमाना भित्र पार्दा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कारबाही गर्न र घर, छाप्रो, टहरो, जग्गा कब्जामा लिन सक्नेछ।

६. **<u>वन क्षेत्रको जग्गा दर्ता गर्न नहुने:</u>** (१) राष्ट्रिय तथा प्रादेशिक वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन।

(२) यो ऐन प्रारम्भ भएपछि वा यो ऐन प्रारम्भ हुनु अघि कसैले राष्ट्रिय तथा प्रादेशिक वनभित्रको जग्गा गैरकानूनी रुपमा दर्ता गरे गराएको पाइएमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ र त्यस्तो दर्ता गर्ने गराउने व्यक्ति वा सार्वजनिक पदाधिकारी माथि प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) उपदफा (२) वमोजिम दर्ता बदर भएको जग्गाको लगतकट्टा गर्न डिभिजनल वन अधिकृतले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न सम्बन्धित स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएमा सात दिनभित्र मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्बन्धित स्थानीय तहले सो जग्गाको करको लगतकट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ र डिभिजन वन कार्यालयले मन्त्रालय र सङ्घीय वन मन्त्रालयमा सोको जानकारी पठाई कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

७. **वन क्षेत्र भित्र बसोबास र बस्ती स्थानान्तरण सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि किसिमको वन क्षेत्र बसोबासका लागि प्रयोग गरिने छैन।

(२) राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षणका लागि कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाई स्थानान्तरण गर्न सक्नेछ।

तर बस्ती स्थानान्तरण गर्दा सम्बन्धित पक्षसँग सहमती लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राखु पर्ने भएमा प्रदेश सरकारले स्थानान्तरण हुने समुदाय र नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ।

८. **कुनै व्यक्तिलाई छुट वा सहुलियत प्राप्त नहुनेः** (१) नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम डिभिजन वन कार्यालयबाट पट्टा, पूर्जि वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारको छुट वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय तथा प्रादेशिक वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बमोजिम डिभिजनल वन अधिकृतको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम प्रादेशिक वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छाडी दिनु हुदैन।

९. **प्रवेश निषेध सम्बन्धी व्यवस्थाः** (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना प्रकाशन गरी राष्ट्रिय तथा प्रादेशिक वनको पूरै वा केही भागमा निश्चित समयका लागि वा सँधैका लागि प्रवेश निषेध गर्न सक्नेछ।

तर यसरी निषेध गर्दा परम्परागत रहेको बाटो, पानीघाटमा आवतजावत र उपयोग गर्न बन्देज लगाउने छैन।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही डिभिजनल वन अधिकृतले आवतजावत गर्नको लागि बाटो छुट्याउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रवेश निषेध गरिएको वन क्षेत्रमा डिभिजनल वन अधिकृतको अनुमति बेगर कुनै पनि प्रकारको घरपालुवा चौपाया प्रवेश गराउन पाइने छैन।

(४) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा नेपाल सरकारबाट अनुमति प्राप्त आयोजना सञ्चालकको हकमा सङ्घीय वन ऐनमा तोकिए बमोजिम प्रवेश नियमनको व्यवस्था गरिनेछ।

१०. **राष्ट्रिय तथा प्रादेशिक वनको व्यवस्थापनः** (१) प्रदेश सरकारसँगको परामर्शमा नेपाल सरकार र प्रदेश सरकारले आफैंले वनाएको एकीकृत वा प्रदेशगत रणनीतिक योजना अनुरुप प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वन, प्रादेशिक वन र अन्तर प्रादेशिक रुपमा फैलिएको वनको संरक्षण, विकास र सदुपयोग गर्न आवश्यक व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि डिभिजनल वन अधिकृतले प्रदेश सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, राष्ट्रिय वन व्यवस्थापन पद्धति अवलम्बन गरिने छ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा एउटा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको राष्ट्रिय तथा प्रादेशिक वनको केहि भाग वा पूरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ र त्यसरी अपनाईने व्यवस्थापन पद्धति कार्यान्वयन गर्दा सम्बन्धित सरोकारवालासँग पनि परामर्श गर्न सकिनेछ।

तर त्यसरी वन व्यवस्थापन पद्धतिमा परिणत गर्नु पूर्व सो को ठोस आधार र कारण उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम राष्ट्रिय तथा प्रादेशिक वनको व्यवस्थापन गर्दा सङ्घीय रणनीतिक योजनासँग नवाझिने गरी डिभिजनल वन अधिकृतले सहभागितामूलक रुपमा आफ्नो क्षेत्र भित्रको प्रादेशिक वनको रणनीतिक योजना तयार गरी तोकिए बमोजिम स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम वन व्यवस्थापन गर्दा वन्यजन्तुको आहारा, आवतजावत, वासस्थान समेतका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

तर राष्ट्रिय वनभित्रको कुनै क्षेत्रलाई नेपाल सरकारले वन सम्बन्धी राष्ट्रिय आयोजनाको रुपमा व्यवस्थापन गरेको हकमा सङ्घीय वन ऐन बमोजिम हुनेछ।

११. **वन पैदावारको विक्री वितरणः** (१) प्रदेश सरकारले वन पैदावार (काठ र दाउरा) को विक्री वितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी व्यवस्थापन गर्नेछ।

(२) प्रदेश सरकारले तोकिए बमोजिमको वन पैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ।

(३) वन पैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न तोकिएको निकाय वा अधिकारीलाई डिभिजनल वन अधिकृतले तोकिए बमोजिम इजाजतका लागि अख्तियारी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) वन क्षेत्र नभएका स्थानीय तहमा सामुदायिक वन वा साझेदारी वन वा प्रादेशिक वनबाट एक-एक काठ दाउरा बिक्री डिपो राख्न सकिनेछ।

१२. **<u>वन क्षेत्रभित्र संरचना निर्माण गर्न नहुने:</u>** पर्यापर्यटन कार्यका लागि स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक र यस ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियमावलीमा भएको व्यवस्था देखि बाहेक राष्ट्रिय तथा प्रादेशिक वनको क्षेत्रभित्र मन्त्रालयको स्वीकृति बिना कुनै पनि प्रकारको सडक, खेलमैदान, हाटबजार, अनावश्यक टावर, पिलर, कन्क्रिटाइजेन जस्ता संरचना निर्माण गर्न पाइने छैन।

१३. **<u>अध्ययन, अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्ने:</u>** (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनी गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेको अनुसन्धान गर्ने निकाय, बिश्वबिद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माग गरेमा तोकिए बमोजिमको प्रक्रियाको आधारमा मन्त्रालयले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी वन, जंगल वा वन्यजन्तु वा वन पैदावारलाई प्रतिकूल असर नपर्ने गरी प्रादेशिक वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न चाहने ब्यक्ति वा संस्थाले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मन्त्रालयबाट अनुमति लिनु पर्नेछ र मन्त्रालयले दिएको अनुमतिको जानकारी सङ्घीय वन मन्त्रालय, निर्देशनालय, सम्बन्धित डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम वनक्षेत्र उपलब्ध गराउँदा लिईने तोकिए बमोजिमको दस्तुर तथा नमूना सङ्कलन गर्न चाहने ब्यक्तिले बुझाएको तोकिए बमोजिमको दस्तुर प्रदेश सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ।

१४. **<u>अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिने:</u>** (१) प्रदेश सरकारले दुर्लभ, लोपोन्मुख, रैथाने, संकटापन्न वनस्पतिको संरक्षण तथा जडिबुटीजन्य वनस्पतिको अध्ययन, अनुसन्धान, प्रदर्शनी, व्यवसायीक खेती प्रवर्द्धनका लागि हर्वेरियम र प्रयोगशाला सहितको जडिबुटी अनुसन्धान केन्द्र वा वनस्पति उद्यान स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने जडिबुटी अनुसन्धान केन्द्रको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (३) बमोजिम स्थापना हुने बनस्पति उद्यानको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम सम्बन्धित निकाय वा सार्वजनिक निजी साझेदारीबाट गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम जडिबुटी अनुसन्धान केन्द्र वा उपदफा (३) बमोजिम वनस्पति उद्यान स्थापना भएमा सोको जानकारी नेपाल सरकार तथा सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

१५. **साझेदारीमा जडिबुटी खेती गर्न सकिनेः** (१) प्रदेश सरकारले तोकिए बमोजिम सार्वजनिक निजी साझेदारीमा *बोटबिरुवाजन्य फलफुल र जडिबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवम् बजार प्रवर्द्धन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा गरिने *बोटबिरुवाजन्य फलफुल र जडिबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा फाट्टफुट्ट रुख भएको राष्ट्रिय वा प्रादेशिक वनको कुनै भाग कुनै ब्यक्ति, फर्म, कम्पनी वा समुदायलाई उपलब्ध गराउन सक्नेछ।

⁂तर त्यसरी उपलब्ध गराउँदा सर्त तोकी सम्झौता गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि फाट्टफुट्ट रुख भन्नाले बिस प्रतिशत भन्दा कम छत्र घनत्व (क्राउन कभर) भएको वन क्षेत्रलाई सम्झनु पर्छ।

१६. **स्थानीय तहलाई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न दिन सकिनेः** (१) कुनै स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न र त्यस्तो वन पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखी प्रदेश सरकार समक्ष निवेदन दिएमा प्रदेश सरकारले निर्देशकको सिफारिसमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहलाई अवधी तोकी सहमति दिन सक्नेछ।

तर त्यसरी सहमति दिंदा वनक्षेत्रको प्राकृतिक स्वरुप र रुख विरुवा र बन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा सहमती दिंदा त्यस्तो क्षेत्र स्पष्ट देखिने नक्सा, बोटविरुवा, ताल, पोखरीको स्थिति वा अन्य सो ठाउँमा भएको प्राकृतिक सम्पदाको अभिलेख राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सहमती दिनु पूर्व त्यहाँ रहेको रुख, बिरुवा काट्नु हटाउनु परेमा सम्बन्धित स्थानीय तहले सहमती दिने निकाय समक्ष काटेको हटाएको सङ्ख्याको दोब्बर रुख बिरुवा रोपी हुर्काउने सुनिश्चित गर्नुपर्नेछ।

(४) यो ऐन लागु हुनुभन्दा अघि नै वन क्षेत्रमा सञ्चालित पर्यापर्यटन कार्यक्रमका लागि यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिमको सहमती लिनु पर्नेछ।

---

* केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको

⁂ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित

(५) उपदफा (१) बमोजिम स्थानीय तहले माग गरेको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिनु पर्नेछ।

(६) स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा वा सहकार्य गरी सामुदायिक वनमा आधारित दीगो विकासको अवधारणा अनुरुप पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१७. **जोखिमयुक्त रुख हटाउने सम्बन्धी व्यवस्था**: (१) वन व्यवस्थापन गरिने क्षेत्र भन्दा बाहिर रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका रुख नहटाएमा अन्य भौतिक संरचना तथा मानवीय हिसावले जोखिममा रहेको पाइएमा निर्देशकको सहमति लिई डिभिजन वन कार्यालयले हटाउन सक्नेछ।

(२) जोखिमयुक्त रुख हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

१८. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः** (१) वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन तथा कबुलियती वन बाहेकका अन्य राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भागलाई डिभिजनल वन अधिकृतले सिमाङ्कन गरी नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत एकीकृत वा प्रदेशगत रणनीतिक योजनाको अधीनमा रही सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतले सहभागिता मूलक रुपमा आफ्नो कार्य क्षेत्र भित्रको प्रादेशिक वनको वन व्यवस्थापन कार्ययोजना वनाई स्वीकृतिका लागि निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना सुझाव सहित डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित निर्देशनालयमा पठाएपछि त्यस्तो कार्ययोजना निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ।

(४) सरकारद्वारा व्यवस्थित वनमा लागु गरिएको रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्य बाहेक अन्य कुनै कार्य गर्न पाइने छैन।

तर मन्त्रालयबाट लागु गरिएको रणनीतिक योजनाको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन।

(५) सरकारद्वारा व्यवस्थित वनको वनपैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

(६) सरकारद्वारा व्यवस्थित वनको संरक्षण, विकास र सदुपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

१९. **वन संरक्षण क्षेत्रको व्यवस्थापन:** (१) नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा वनेको एकीकृत वा प्रदेश सरकारले आफै वनाएको प्रदेशगत रणनीतिक योजना बमोजिम प्रादेशिक वनको कुनै भागलाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा भएको संरक्षण क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेस गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।

(४) वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँड सङ्घीय वन ऐनको दफा १६ को उपदफा (३) बमोजिम हुनेछ।

(५) यो ऐन प्रारम्भ हुँदाका वखत प्रदेशभित्र कायम रहेका संरक्षित वनहरू यो ऐन प्रारम्भ भएपछि स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ र त्यसरी वन संरक्षण क्षेत्र रुपान्तरण हुँदा यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन।

(६) वन संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था सङ्घीय वन ऐन तथा एकीकृत वा प्रादेशिक रणनीतिक योजनामा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## साझेदारी वन सम्बन्धी व्यवस्था

२०. **साझेदारी वन:** प्रदेश सरकारले देहायका उद्देश्यको लागि डिभिजनल वन अधिकृतको सिफारिसमा सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गर्न सक्नेछः

(क) वनको विकास र दीगो व्यवस्थापन गरी स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा टेवा पुऱ्याउन,

(ख) वन क्षेत्रबाट टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्न,

(ङ) स्थानीय जनताको जिविकोपार्जनमा सुधार ल्याउन।

२१. **साझेदारी वनको कार्ययोजनाः** (१) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेस गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको कार्ययोजना लागु गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा २२ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ।

(३) उपदफा (१) बमोजिमका साझेदारले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने सर्तहरू पालना नगरेमा डिभिजनल वन अधिकृतको सिफारिसमा निर्देशनालयले त्यस्तो साझेदारी वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो वन स्वतः सरकारद्वारा व्यवस्थित वनको रुपमा रुपान्तरित हुनेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि उपभोक्ता समूहलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिइनेछ।

(४) उपदफा (३) बमोजिम निर्देशकले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ। मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(५) उपदफा (३) बमोजिम कुनै साझेदारी वन फिर्ता लिने गरी भएको निर्णय उपर उपदफा (४) बमोजिम उजुरी परी मन्त्रालयबाट त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै साझेदारी उपभोक्ता समूहमध्येबाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

२२. **उपभोक्ता समूह गठन गरिनेः** (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्थापन गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई

प्राप्त हुने वन पैदावारको व्यवस्थापन र उपयोग गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् र त्यस्तो उपभोक्ता समूहको गठन, काम, कर्तव्य र अधिकार तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वनको संरक्षण तथा व्यवस्थापन गर्न प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयका आधारमा थप आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) कार्ययोजनामा व्यवस्था गरी समूहले साझेदारी वन क्षेत्रमा तोकिए बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२३. **<u>साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरणः</u>** (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा र गैह्रकाष्ठ वन पैदावारको बाँडफाड तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूहबाहिर पठाउने गरी छुट्याउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको वन पैदावार आन्तरिक खपत र समूह वाहिर पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तीमा चालिस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको क्षेत्रभित्र सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समुदायको हितमा खर्च गर्न सकिनेछ।

## परिच्छेद-६

## <u>सामुदायिक वन सम्बन्धी व्यवस्था</u>

२४. **<u>सामुदायिक वनको व्यवस्थापनः</u>** (१) वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी विक्री वितरण गर्न पाउने गरी राष्ट्रिय तथा प्रादेशिक वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न चाहेमा दफा ३८ बमोजिम गठन भएको उपभोक्ता समूहले कार्ययोजना र विधान वनाई सम्बन्धित स्थानीय तहको वा वडाको सिफारिस सहित डिभिजनल वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले पेस गरेको कार्ययोजना र विधान उपयुक्त देखिएमा डिभिजनल वन अधिकृतले स्वीकृत गरी तोकिए बमोजिमको ढाँचामा वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र दिनु पर्नेछ र स्वीकृत कार्ययोजनाको एक एक प्रति सम्बन्धित समूह, स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

(३) वन हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) को प्रयोजनको लागि डिभिजनल वन कार्यालयले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवम् अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक वनको कार्ययोजनाको अवधि वनको अवस्था हेरी कम्तीमा पाँच बर्ष र बढीमा दश बर्षको हुनेछ।

(६) प्रत्येक सामुदायिक वनमा सम्बन्धित पालिकाका वडाका वडाध्यक्ष वा सम्बन्धित पालिकाले तोकेको प्रतिनिधि सल्लाहकार रहने छ।

२५. **कार्ययोजनामा संशोधनः** (१) उपभोक्ता समूहको चाहाना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। त्यसरी संशोधन गरेको कार्ययोजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समूहले डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्ययोजनाको अवधि दुई वर्ष नपुगी संशोधन गरिने छैन।

तर विशेष अवस्थामा निर्देशकको सहमति लिई दुई वर्ष अगावै कार्ययोजना संशोधन गर्न वाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम उपभोक्ता समूहले बनाएको कार्ययोजना वा त्यस्तो कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो कार्ययोजना वा त्यस्तो संशोधनको जानकारी पाएको मितिले तिस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो कार्ययोजना वा संशोधन लागु नगर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम डिभिजनल वन अधिकृतले दिएको निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिमको कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले अनुरोध गरेमा डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२६. **सामुदायिक वन फिर्ता लिन सकिने:** (१) दफा २४ बमोजिम व्यवस्थापन गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा वा पालन गर्नु पर्ने सर्तहरू पालन नगरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजूरी परेमा निर्देशकले तीन महिनाभित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर सोही उपदफा (२) बमोजिम उजुरी परी उपदफा (३) बमोजिम निर्देशकले निर्णय गर्दा त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै उपभोक्ता समूह मध्येबाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको निर्णय उपर उपदफा (२) बमोजिम उजुर नपरेमा वा त्यस्तो उजुर परी सो निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा २४ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्न यो दफाले कुनै बाधा पर्ने छैन।

२७. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजाय:** (१) सामुदायिक वनको उपभोक्ता समूहका पदाधिकारीले समुदायको हितका नाममा विधान र कार्ययोजना विपरीत हुने कुनै काम कारबाही गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले विधान र कार्ययोजना बमोजिम जरिबाना गर्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गरिने छ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैंले कारबाही गर्न नसकेमा सो समूहले कारबाहीको लागि डिभिजनल वन अधिकृत समक्ष सिफारिस

गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचवुझ गरी त्यस्तो जरिबाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम जरिबाना गरेको कारणले मात्र त्यस्तो समूहको पदाधिकारीलाई प्रचलित कानून बमोजिम अन्य कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन।

२८. **सामुदायिक वनको आम्दानीको व्यवस्थापनः** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तीमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास सिपमुलक र आयआर्जन मुलक तालिम सञ्चालन कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समूहको हितका लागि गरिने सामाजिक वा भौतिक विकासको कार्यमा प्रयोग गरिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनले प्राप्त गरेको आम्दानीमा प्रचलित कानून बमोजिम कर, शुल्क, दस्तुर लाग्नेछ।

२९. **सहयोग लिन सक्नेः** यस परिच्छेद बमोजिमको कार्य गर्नका लागि उपभोक्ता समूहले सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन सक्नेछन् तर त्यस्तो सहयोग लिनु पूर्व डिभिजनल वन अधिकृतको स्वीकृति लिनुपर्नेछ।

३०. **सामुदायिक वनको चाक्लाबन्दी व्यवस्थापनः** (१) दुई वा दुई भन्दा बढी सामुदायिक वनलाई उपभोक्ता समूहको सहमतिमा एकत्रित गरी संयुक्त वन कार्ययोजना बनाई वन सम्वर्द्धन प्रणालीमा आधारित रहेर चाक्लाबन्दी रुपमा व्यवस्थापन गर्न सकिनेछ।

(२) ठूलो वन क्षेत्र र छरिएको वस्तीका कारण व्यवस्थापन गर्न कठिन भएका सात सय पचास हेक्टर भन्दा बढी क्षेत्रफल भएका सामुदायिक वनलाई स्थानीय समुदायको अनुरोधमा टुक्रयाउन सकिनेछ।

(३) सामुदायिक वनको चाक्लाबन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कबुलियती वन सम्बन्धी व्यवस्था

३१. **व्यवसायिक कबुलियती वन सम्बन्धी व्यवस्था:** व्यवसायिक कबुलियती वन सम्बन्धी व्यवस्था सङ्घीय वन ऐन र तोकिए बमोजिम हुनेछ।

३२. **कबुलियती वन प्रदान गर्ने:** (१) डिभिजनल वन अधिकृतले राष्ट्रिय वा प्रादेशिक वनको कुनै भाग आय आर्जन हुने तथा वनको संरक्षण र विकास हुने कार्यक्रमहरू सञ्चालन गरी गरिबीका रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणका लागि निश्चित कार्ययोजनाका आधारमा तोकिए बमोजिम सम्झौता गरी तोकिए बमोजिमको अवधिको लागि कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दाका बखत रहेका रुखहरूको स्वामित्व प्रदेश सरकारको हुनेछ र त्यस्तो रुखहरूको संरक्षण गरे वापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ।

(३) कबुलियती वन प्राप्त गरेपछि कार्ययोजना बमोजिम गर्न लगाई हुर्काएको रुखहरूको स्वामित्व समूहको हुनेछ र कार्ययोजनामा उल्लेख गरे बमोजिम उपयोग गर्न सक्नेछ।

३३. **कबुलियती वन फिर्ता लिन सक्ने:** (१) यस ऐन बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौताको पक्ष वा अन्य कसैले कार्ययोजना विपरीतका कुनै काम गरेमा वा वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा डिभिजनल वन अधिकृतले त्यस्तो कबुलियती वन तोकिए बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ र त्यस्तो हानी नोक्सानी जस्ता कार्य गर्ने व्यक्ति, सङ्घसंस्था वा समुदायलाई अन्य राष्ट्रिय वनमा कसूर गरे सरह सजायको लागि सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनेछ।

तर त्यसरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिइनेछ।

(२) दफा ३२ बमोजिम प्रदान गरिएको कबुलियती वन डिभिजनल वन अधिकृतले फिर्ता लिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको पैंतिस दिनभित्रमा निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजुरीको सम्वन्धमा निर्देशकले तीन महिनाभित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय वन ऐन बमोजिम प्रदान गरिएको कबुलियती वन फिर्ता लिने सम्बन्धी व्यवस्था सङ्घीय वन ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ।

## परिच्छेद-८

## धार्मिक वन सम्बन्धी व्यवस्था

३४. **धार्मिक वन सुम्पन सकिने:** (१) डिभिजनल वन अधिकृतले परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय तथा प्रादेशिक वन दफा ३५ बमोजिमको कार्ययोजना स्वीकृत गरी धार्मिक वनको रुपमा संरक्षण गर्नको लागि जिम्मा दिन सक्नेछ।

तर यस उपदफा बमोजिम जिम्मा दिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम धार्मिक वन सुम्पदा उपभोक्ताको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले सुम्पिएको वन वा त्यसको कुनै भाग धार्मिक निकाय, समूह वा समुदायले पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पन पाइने छैन।

३५. **धार्मिक वनको कार्ययोजना:** (१) यस ऐन बमोजिमको प्रयोजनका लागि कानून बमोजिम दर्ता भएको कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलेको कार्ययोजनासहित डिभिजन वन कार्यालयमा पेस गर्नुपर्नेछ।

(२) धार्मिक वनमा कार्ययोजनामा उल्लेखित बाहेक कुनै पनि कार्य गर्न पाइने छैन। साथै धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका धार्मिक धरोहर तथा सम्पदाको मर्मत, सम्भार र जिर्णोदार गर्न र धार्मिक वनको संरक्षणको लागि आबश्यक बाहेक कुनै पनि किसिमको भौतिक संरचना निर्माण गर्न पाइने छैन र त्यसरी कुनै कारणवस भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ।

३६. **धार्मिक वनको वन पैदावारको उपयोगः** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

तर धार्मिक, पुरातात्विक तथा ऐतिहासिक महत्वका धार्मिक धरोहर तथा सम्पदाको मर्मत तथा सम्भार जिर्णोदार गर्न भने रोकिने छैन।

(३) धार्मिक वन क्षेत्रमा कुनै विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा सङ्कलन भएको वन पैदावार वा कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रुखहरू सुकेमा वा ढलेमा सम्बन्धित धार्मिक निकाय, संस्था, समूह र स्थानीय तहसँग समन्वय गरी डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरू सङ्कलन गरी आएका वनपैदावारमध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वनपैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वनपैदावार तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

(४) धार्मिक वन क्षेत्रमा उपदफा (३) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजन वन कार्यालय सम्बन्धित धार्मिक निकाय, संस्था वा समूह र सम्बन्धित स्थानीय तहको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ र त्यसरी बिक्री वितरणबाट प्राप्त आम्दानी प्रदेश सञ्चितकोषमा जम्मा गरिनेछ।

३७. **<u>धार्मिक वन फिर्ता लिन सकिने:</u>** (१) दफा ३४ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ३६ मा उल्लेख भए विपरीतको कार्य गरेमा वा स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्त पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्नसक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नवुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले पैतिस दिनभित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजूरीमा निर्देशकले तीन महिनाभित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-९

## <u>उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था</u>

३८. **<u>उपभोक्ता समूहको गठन:</u>** (१) सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि विधान तयार गर्न उपभोक्ता समूहबाट माग भई आएमा डिभिजनल वन अधिकृतले सहयोगका लागि प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(३) उपभोक्ता समूहका पदाधिकारी प्रचलित कानून बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ।

३९. **उपभोक्ता समूहको दर्ता:** (१) दफा ३८ बमोजिम गठन गरिएको वन उपभोक्ता समूह दर्ता गर्न समूहको विधान तथा कार्ययोजना र सम्बन्धित स्थानीय तहको सिफारिस सहित डिभिजनल वन कार्यालय समक्ष तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम र यस अघि वन ऐन, २०४९ अन्तर्गत दर्ता भएका समूहहरूको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले अद्यावधिक गरी निर्देशनालय र सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ र त्यस्तो उपभोक्ता समूहको अद्यावधिक गर्दा अपनाउने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको उपभोक्ता समूहमा तोकिएको वन क्षेत्र नजिक रही अन्य वनको उपभोक्ता समूहमा सदस्य नरहेका ब्यक्तिले सदस्यता लिन चाहेमा यो ऐन, नियमावली र कार्ययोजना बमोजिमको प्रक्रिया पुरा गरी सदस्य हुन पाउने छ।

४०. **उपभोक्ता समूह सङ्गठित संस्था हुने:** (१) दफा ३८ बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र गैह्रनाफामूलक सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

४१. **उपभोक्ता समूहको कोष:** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिबानाबाट प्राप्त रकम,

(ङ) कार्ययोजना बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ।

(५) उपभोक्ता समूहले उपदफा (१) बमोजिमको कोषबाट गर्ने आर्थिक कारोवारमा प्रति महिना रु. पचास हजार भन्दा माथिको कारोवार बैङ्किङ्ग प्रणालीबाट मात्र गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

४२. **<u>वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** (१) उपभोक्ता समूहले तोकिए बमोजिमको प्रक्रिया अबलम्वन गरी मन्त्रालयले तोकिदिएको स्वीकृत मापदण्डका आधारमा वनको क्षमता निर्धारण गरी बनाएको कार्ययोजना डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहले स्थानीय तह वा सङ्घसंस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारी गर्न सक्नेछ।

तर यस उपदफामा उल्लेखित कार्यक्रम साझेदारीमा सञ्चालन गरेका कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनबाट उत्पादित वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमको मापदण्ड पुरा गरी उपभोक्ता समूहको तोकिए बमोजिमको क्षेत्र भित्र आवश्यक वातावरणीय अध्ययन गराउनु पर्ने देखिएमा सो समेत गराई वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वन क्षेत्रको भू उपयोग परिवर्तन गर्ने, गराउने समूह वा सङ्घसंस्थालाई यस ऐन वा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(५) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखामुनिका उपभोक्ताको समूहलाई कार्ययोजना वनाई सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी कवुलियती वनको रुपमा दिन सक्नेछ। त्यस्तो कार्ययोजना कार्यान्वयन गर्नु अघि सम्बन्धित स्थानीय तहको सहमतीमा डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(६) वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनको लागि इजाजत दिने तथा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>**प्रतिवेदन दिनु पर्नेः**</u> (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरूको आधारमा सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिनेछ।

## परिच्छेद-१०

## निजी तथा सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था

४४. <u>**निजी वनको दर्ता तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः**</u> (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेमा आवश्यक जाँचवुझ गरी सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ र सम्बन्धित स्थानीय तहले डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयमा दर्ता गरेको निजी वनको तोकिए बमोजिमको विवरण समेत पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गरेको निजी वनको विवरण सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) यसअघि प्रचलित कानून बमोजिम दर्ता भएको निजी वन धनीले पनि यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम निवेदन दिनु पर्नेछ।

(४) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(५) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा विवाद परेमा सम्बन्धित स्थानीय तहको न्यायीक समितिले प्रचलित कानून बमोजिमको प्रक्रिया अपनाई निरुपण गर्नेछ।

(६) कसैले आफ्नो निजी वनको नाममा प्रादेशिक वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रुपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

४५. **निजी वनको वन पैदावार ओसारपसार र व्यवस्थापन:** (१) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) व्यवसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सङ्कलन वा ओसारपसार गर्न चाहेको काठको प्रजाति र परिणामको विवरण खुल्ने गरी सम्बन्धित डिभिजन वा सव डिभिजन वन कार्यालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ र त्यसरी निवेदन परेको पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी सम्बन्धित डिभिजन/सव डिभिजन वन कार्यालयले स्वीकृति दिनु पर्नेछ।

(३) घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन वा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन/सव डिभिजन वन कार्यालयमा तोकिए बमोजिम निवेदन दिनुपर्नेछ र त्यस्तो निवेदन परेपछि आवश्यक जाँचबुझ गरी पन्ध्र दिनभित्र सम्बन्धित डिभिजन/सव डिभिजन वन कार्यालयले स्वीकृति दिनु पर्नेछ।

तर एउटै स्थानीय तहभित्र निजी नम्बरी जग्गा वा निजी वनबाट फलफुल र अन्य तोकिए बमोजिमको जातको रुखबाट उत्पादित काठ दाउरा घरायसी प्रयोजनको लागि कटान, मुछान, ओसारपसार, चिरान र प्रयोगमा कुनै पनि निकायबाट कटान आदेश वा चिरान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन।

त्यसरी उत्पादित काठ दाउरा गैह्र कानूनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको भनी उजूरी परेमा सम्बन्धित सव-डिभिजन वन कार्यालयले जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निजी नम्बरी जग्गा वा निजी वनबाट नै उत्पादन गरेको ठहरेमा यही विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।

(४) निजी वनको धनीलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम प्रदेश सरकारले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (२) बमोजिम व्यवसायिक प्रयोजनका लागि निजी वनपैदावार बिक्री गर्दा प्रचलित कानून वा तोकिए बमोजिम कर, दस्तुर लाग्नेछ।

(६) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले निजी नम्बरी जग्गा वा निजी वनभित्र प्रचलित कानून बमोजिम कृषी वन वा जडिवुटी खेती गर्नु परेमा सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा तोकिए बमोजिम निवेदन दिई अनुमति लिनुपर्नेछ र त्यस्तो अनुमति प्राप्त गरेको तिस दिनभित्र सम्पूर्ण विवरण सहित सम्बन्धित स्थानीय तह र डिभिजन/सव डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम डिभिजन/सव डिभिजन वन कार्यालयमा पेस गरेको विवरणका आधारमा निजी वन धनीले गरेको त्यस्तो कार्य गैरकानूनी देखिएमा डिभिजन/सव डिभिजन वन कार्यालयले रोक्न आदेश दिन सक्नेछ।

४६. **निजी वन धनीलाई सहुलियतः** (१) निजी वनका धनीलाई निजी वन लगाउन, हुर्काउन, सिंचाईको व्यवस्थापन गर्न, रोग, किरा आदिको उपचार गर्न लाग्ने खर्चमा प्रदेश सरकारले उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा, छुट, विमा लगायतका तोकिए बमोजिमको आर्थिक र प्राविधिक सहुलियत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहुलितयका लागि प्रदेश सरकारले सहकारी, सङ्घसंस्था, निजी क्षेत्र, वित्तिय संस्था तथा स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ।

४७. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले यस ऐनको अधीनमा रही कुनै सरकारी वा गैरसरकारी निकाय वा व्यक्तिसँगको साझेदारीमा सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वनपैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा सम्बन्धित डिभिजन वा सव-डिभिजन वन कार्यालयलाई तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ।

(३) डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले स्थानीय तहलाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) सडक, नहर र बाटो किनारामा लगाइएको तथा बाटोमा छहारी परी प्रतिकूल असर पार्ने रुख र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुख तोकिए बमोजिमको कार्यविधि पूरा गरी स्थानीय तहले काट्न वा हटाउन सक्नेछ र त्यसरी हटाइएमा तोकिए बमोजिम डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयलाई सोको जानकारी गराउनु पर्नेछ।

४८. **सहरी वनको विकास र व्यवस्थापनः** (१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै सङ्घ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

## परिच्छेद-११

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

४९. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्ने :** (१) नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएका सबै काठ टाँचा निशानाहरू लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५०. **हकदावी उपर कारबाहीः** (१) दफा ४९ बमोजिमको बेबारिसी वा दरिया बुर्दी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित कसैले डिभिजनल वन कार्यालय समक्ष माग गरेमा र सो सम्वन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ निजलाई हस्तान्तरण गरिनेछ र सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ।

(२) बेबारिसी वा दरिया बुर्दी काठको हकदाबी तथा सो उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२

## विकास आयोजना सम्बन्धी व्यवस्था

५१. **वन क्षेत्रको प्रयोग सम्बन्धी व्यवस्थाः** (१) सङ्घ, प्रदेश वा स्थानीय तहले राष्ट्रिय प्राथमिकता प्राप्त कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा आयोजना सञ्चालन गर्न वन क्षेत्रको जग्गा प्राप्त गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोधमा प्रदेश सरकार मार्फत नेपाल सरकारबाट जग्गा प्राप्त गर्ने स्वीकृति प्राप्त भएमा आयोजना सञ्चालकले त्यस्तो वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम वन क्षेत्रको जग्गा उपयोग गर्न दिए वापत आयोजना सञ्चालकबाट प्राप्त रकम सङ्घीय वन ऐन बमोजिम स्थापित वन कोषमा जम्मा हुनेछ।

(४) उपदफा (१) बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिदिनु पर्नेछ।

*५१क. **वन क्षेत्रको प्रयोगमा रूख कटान सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले सम्बन्धित डिभिजन वन कार्यालयलाई काटिनु पर्ने रुखको संख्या र जात यकिन गरी सम्बन्धित मन्त्रालयलाई पठाउन निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशन प्राप्त भएको मितिले बढीमा तीन महिनाभित्र काटिने रुखको संख्या, जात र स्थान लगायतका सबै विवरण सम्बन्धित मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष विस्तृत प्रतिवेदन पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भए पश्चात प्रदेश सरकारले तत्काल आवश्यक निर्णय गर्नेछ।

(४) उपदफा (१) बमोजिम रुख कटानको लागि वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानी नोक्सानी हुने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिदिनु पर्नेछ।

---

*** केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०८२ ले थपिएको**

**५२. खनिज पदार्थको अध्ययन, अन्वेषण कार्यका लागि वन क्षेत्र प्रयोग गर्न सक्नेः** (१) प्रादेशिक वनभित्र खनिज पदार्थ भए नभएको खोजतलास गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

तर राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र सङ्घीय वन ऐनमा तोकिएको खनिज पदार्थ बाहेक वनक्षेत्रबाट अन्य खनिजजन्य वन पैदावार अन्वेषणबाट पत्ता लागे पनि उत्खनन् गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम वन क्षेत्रको प्रयोग गर्न स्वीकृति दिँदा कुनै ब्यक्ति वा समुदाय वा वातावरणलाई हानी नोक्सानी हुने भएमा अन्वेषण वा उत्खनन् वा व्यवस्थापन कर्ताले तत्सम्वन्धमा उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

(३) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्रको खनिज पदार्थको अध्ययन अन्वेषणको अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१३

## वन्यजन्तु, चराचुरुङ्गी संरक्षण तथा वनस्पति सम्बन्धी व्यवस्था

**५३. जैविक मार्ग तोक्न सक्नेः** (१) प्रदेश सरकारले आवश्यक ठानेमा प्रादेशिक वनको कुनै क्षेत्रलाई सार्वजनिक सूचना प्रकाशित गरी जैविक मार्ग घोषणा गर्नसक्नेछ।

(२) जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५४. कृषिका निमित्त द्वन्द्वग्रस्त वन्यजन्तु घोषणा गर्न सकिनेः** (१) नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित प्रादेशिक निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु, चराचुरुङ्गी तथा पंक्षीलाई सार्वजनिक सुचना प्रकाशित गरी कृषिको निमित्त समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी समस्याग्रस्त घोषणा गरिएका वन्यजन्तु तथा पंक्षीहरूलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारीमा विना अनुमति लखेट्न, धपाउन, पक्रन सकिनेछ। त्यस्ता वन्यजन्तुहरूलाई मार्न वा अन्य आवश्यक व्यवस्था गर्नु परेमा तोकिए बमोजिम प्रदेश सरकारको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको वा प्रदेश सरकारको अनुमतिमा मारिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ।

**५५. चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिनेः** (१) कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण तथा

अध्ययन, अनुसन्धानका लागि तथा उद्धार गरिएका वन्यजन्तुहरूको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि तोकिए बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा विशेष आरक्षण गरिने वन्यजन्तु राख्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा प्राप्त वन्यजन्तुको संरक्षण हुन सक्ने बासस्थान, आहार र उपचारको ग्यारेण्टी भएको हुनु पर्नेछ।

(४) यस दफा बमोजिम अनुमति नलिई चिडियाखानाको रुपमा सञ्चालन गरेका चिडियाखाना वा प्राणी उद्यानले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको न्युनतम मापदण्ड समेत पूरा गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको अनुमति नलिई वा उपदफा (५) बमोजिमको न्युनतम मापदण्ड पूरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ।

**५६.** **वन्यजन्तुबाट हुने क्षति वापत राहत दिइने:** प्रदेशभित्रको प्रादेशिक वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

**५७.** **वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिने:** (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने नाममा कुनै पनि व्यक्ति वा निकायले अन्य वन्यजन्तुको प्रचलित कानून विपरीत राख्ने वा अवैध व्यापार गर्न पाइने छैन। यसरी सो कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५८.** **वनस्पति अनुसन्धान केन्द्र स्थापना गर्न सकिने:** (१) प्रादेशिक तथा राष्ट्रिय वन क्षेत्रमा प्रदेश सरकारले वनस्पति अनुसन्धान केन्द्र घोषणा गरी वनस्पतिको अध्ययन र अनुसन्धान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको वनस्पति अनुसन्धान क्षेत्रको व्यवस्थापन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## जलाधार व्यवस्थापन सम्बन्धी व्यवस्था

५९. **जलाधार क्षेत्रको वर्गीकरण गर्नेः** (१) जलाधारको अवस्थिति, उचाई, भिरालोपन, भू-क्षयको सम्वेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, जनसङ्ख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको श्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई निर्देशनालयले तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

६०. **संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेः** (१) प्रादेशिक वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा प्रदेश सरकारले स्थानीय तह र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक सूचना प्रकाशित गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्ययोजना मन्त्रालयबाट स्वीकृत गराई लागु गराउनु पर्नेछ।

(५) कसैले पनि संरक्षित जलाधार क्षेत्रमा उपदफा (३) बमोजिम संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन पाउने छैन।

## परिच्छेद-१५

## बिशेष व्यवस्था

६१. **सिमसार र तालतलैया सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम प्रादेशिक वन क्षेत्रभित्र पर्ने सिमसार क्षेत्र र तालतलैयामा पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, सिमसार र तालतलैया क्षेत्रमा रहेको श्रोतमाथिको मानवीय चाप र प्राकृतिक रुपमा उक्त क्षेत्रको संरक्षण र सम्बर्द्धनको आवश्यकतालाई मध्यनजर गरी त्यस्ता क्षेत्रलाई निर्देशनालयले तोकिए बमोजिम वर्गीकरण गर्न सक्नेछ।

(२) डिभिजन वन कार्यालयले उपदफा (१) बमोजिम वर्गीकृत सिमसार र तालतलैया क्षेत्रको वन पैदावार, पानी र अन्य प्राकृतिक रुपमा संरक्षण गर्न आवश्यक चिज, बस्तु र पदार्थमा आधारित तोकिए बमोजिमको व्यवस्थापन योजना तयार गरी निर्देशनालयको स्वीकृति लिई कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटन कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ।

६२. **संरक्षित सिमसार र तालतलैया क्षेत्र घोषित गर्न सक्नेः** (१) प्रादेशिक वन सहितको कुनै क्षेत्र सिमसार र तालतलैया संरक्षणका लागि आवश्यक देखेमा मन्त्रालयले स्थानीय तह र स्थानीय समुदायसँगको समन्वय तथा सहकार्यमा सार्वजनिक सूचना प्रकाशन गरी चार किल्ला खुलाई त्यहाँ रहेका रुख विरुवाको विवरण समेत तयार गरी सिमसार वा तालतलैया क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित सिमसार र तालतलैया क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर गर्न सक्नेछ।

(३) संरक्षित सिमसार र तालतलैया क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित सिमसार र तालतलैया क्षेत्रको कार्ययोजना तयार गरी गराई मन्त्रालयबाट स्वीकृति गराई डिभिजन वन कार्यालय मार्फत लागु गर्नु गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित सिमसार र तालतलैया क्षेत्रमा संरक्षण र व्यवस्थापन गर्दा रुख विरुवा तथा वन्यजन्तु नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन।

६३. **नदीजन्य पदार्थको व्यवस्थापनः** (१) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रबाट नदीजन्य पदार्थले वातावरण, वस्ती, खेतिपातिमा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भएमा वा वन क्षेत्रभित्रको खोलानालाबाट नदीजन्य पदार्थको सङ्कलन गर्दा एकद्वार प्रणालीबाट गरिनेछ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थको सङ्कलन गर्न तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन डिभिजन वन कार्यालयको सिफारिसमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले स्वीकृत गर्नेछ र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा औंल्याएका सुझाव कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(३) राष्ट्रिय वा प्रादेशिक वन क्षेत्रबाट नदीजन्य पदार्थको सङ्कलन वा बिक्री वितरण गर्नु पर्दा डिभिजन वन कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त हुनुभन्दा दुई महिना अगावै प्रचलित कानून बमोजिम वातावरणीय परीक्षण गराई सम्बन्धित डिभिजन वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थको उत्खनन् गर्ने नदीको दुवै तर्फ पच्चिस प्रतिशत भाग छोडी बिच भागबाट मात्र उत्खनन् गर्नु पर्नेछ।

(४) सङ्कलित नदीजन्य पदार्थको बिक्री वितरणको लागि लिइने शुल्क तोकिए बमोजिम हुनेछ र त्यस्तो आय डिभिजन वन कार्यालय मार्फत प्रदेश सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ।

(५) वन क्षेत्रको नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. **वन स्थापना र वृक्षारोपण सम्बन्धी व्यवस्थाः**(१) प्रदेश भित्रका शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा कम वनक्षेत्र रहेका स्थानमा वन स्थापना गराई वनक्षेत्र वृद्धि गराउन प्रदेश सरकारले तोकिए बमोजिम कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गर्ने कार्यक्रममा प्रदेश सरकारले लगानी, पुँजी, सिप र प्रविधिका क्षेत्रमा निजी क्षेत्र तथा स्थानीय तहसँग सहकार्य गर्न सक्नेछ।

६५. **राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र प्रचारप्रसार सामाग्रीको प्रयोगः** (१) वन क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले भौतिक वस्तुको प्रचारप्रसार सामग्री प्रयोग गर्दा निर्देशनालयको पूर्व स्वीकृति लिनुपर्नेछ।

(२) यो ऐन जारी हुनुअघि वन क्षेत्रमा राखिएका प्रचारप्रसार सामग्रीको हकमा ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्रमा निर्देशनालयमा जानकारी गराई तोकिएको अवधिभित्र तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

६६. **वनक्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्बन्धी व्यवस्थाः** राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र सञ्चालनमा रहेको राजमार्ग र अन्य सडकहरूमा सडक दुर्घटनामा परी वन्यजन्तुहरूको मृत्यु हुने दरलाई न्यूनीकरण गर्न मन्त्रालयले सवारी साधनको गति सिमित गर्ने गरी सम्बन्धित निकाय मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ।

६७. **वनक्षेत्रभित्र फोहोर फाल्न प्रतिबन्धः** (१) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिक वा प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन क्षेत्रमा हुन सक्ने फोहोरको व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तह, सम्बन्धित वन क्षेत्रको उपभोक्ता समूहसँग सहकार्य गरी डिभिजन वन कार्यालयले ठाउँ ठाउँमा आवश्यक व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद-१६

## कसूर र सजाय तथा कसूरको जाँचबुझ र कार्यविधि सम्बन्धी व्यवस्था

६८. **कसूरः** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिको कसूर गरेको मानिनेछः

(क) तोकिएको प्रक्रिया पूरा नगरी जडिबुटी अनुसन्धान केन्द्र स्थापना गराएमा,

(ख) पर्यापर्यटनको कार्यक्रम सञ्चालन गर्दा, मन्त्रालयको स्वीकृति लिई वन क्षेत्रमा अध्ययन अनुसन्धान गर्दा प्राकृतिक स्वरुप, रुख विरुवा र वन्यजन्तुलाई प्रतिकूल प्रभाव पारेमा तथा साझेदारीमा जडिवुटी खेती गर्दा सम्झौतामा उल्लेख गरे बमोजिमको रुख रोप्ने र हुर्काउने कार्य नगरेमा,

(ग) ऐनको दफा १२ विपरीतको कार्य गरेमा,

(घ) कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको धार्मिक वन वा वनको कुनै भाग पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएमा,

(ङ) उपभोक्ता समूहले तोकिएको अवधिमा वार्षिक प्रतिवेदन सम्बन्धित निकायलाई नबुझाएमा,

(च) अधिकार प्राप्त अधिकारीको अनुमति नलिई चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेमा,

(छ) कसैले संरक्षित वा लोपोन्मुख भनि किटान गरिएका वन्यजन्तु तथा पंक्षीलाई लखेट्ने, धपाउने, पक्रने, मार्ने गरेमा,
तर जीउ धनको रक्षाका लागि तत्काल घटीत घटना भएमा दण्डनीय हुने छैन।

(ज) दफा ५७ बमोजिम स्थापित उद्धार केन्द्रको वन्यजन्तु तथा पंक्षी मार्ने, घाइते पार्ने वा कसैले अवैध ब्यापार गरेमा,

(झ) संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नासे, मासे, विगारे वा हेरफेर गरेमा,

(ञ) राष्ट्रिय तथा प्रादेशिक वन फाँड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज कार्य उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(ट) राष्ट्रिय वा प्रादेशिक वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा,

(ठ) निषेध गरिएको वन क्षेत्रभित्र चौपाया प्रवेश गराएमा वा चराएमा

(ड) दफा ९ बमोजिम निषेध गरिएको क्षेत्रमा प्रवेश गरेमा,

(ढ) राष्ट्रिय तथा प्रादेशिक वनक्षेत्रबाट वन पैदावार हटाउने, ओसारपसार वा विक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(ण) राष्ट्रिय तथा प्रादेशिक वन क्षेत्रको रुख वा बिरुवा काट्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गरेमा,

(त) इजाजत प्राप्त राष्ट्रिय तथा प्रादेशिक वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(थ) विना अनुमति वनक्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थ निकाल्ने, गोल वा चून पोल्ने वा यी वस्तुहरूबाट अरु तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने तथा विक्री वितरण गर्ने काम गरेमा,

(द) वन पैदावार लिन पाएको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ध) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गरेमा वा विदेश निकासी गर्ने उद्योग गरेमा,

(न) वन सिमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(प) टाँचा वा निसाना कीर्ते गर्ने वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(फ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका विरुवा काट्ने, भाँच्ने, उखेल्ने वा अरु कुनै प्रकारले नोक्सान गरेमा,

(ब) नर्सरी वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका वार वा त्यस्ता अरु सम्पत्ति बिगारे वा चोरी गरेमा,

(भ) शिकार खेल्ने, वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गरेमा,

(म) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरीत वन पैदावार राखेमा,

(य) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने र त्यस्तो समूहको विधान तथा कार्ययोजना विपरीत कुनै कार्य गरेमा,

(र) मन्त्रालयको अनुमति नलिई कुनै पनि विदेशी नागरिकले वन क्षेत्रलाई अध्ययन अनुसन्धानको लागि प्रयोग गरेमा,

(ल) निर्देशनालयको स्वीकृति नलिई वनक्षेत्रभित्र प्रचारप्रसार सामग्रीको प्रयोग गरेमा,

(व) वनक्षेत्रभित्र तोकिए भन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(श) वनक्षेत्रभित्र प्रतिवन्धित फोहोर जथाभावी फालेमा,

(ष) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा,

(स) सङ्घीय वन ऐनको दफा ५१, ५२, ५३, ५४ र ५५ बमोजिमका कसूर गरेमा।

६९. **सजायः** दफा ६८ बमोजिम तोकिएको कसुर गर्ने वा गराउने व्यक्तिलाई पहिलो पटकका लागि देहाय बमोजिमको सजाय हुनेः

(क) दफा ६८ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिलाई छ महिनासम्म कैद वा छ हजार रुपैयाँ मात्र जरिबाना वा दुवै सजाय गरी स्थापित संरचना रद्द गरिनेछ।

(ख) दफा ६८ को खण्ड (ख), र (च) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको बिगो असूल गरी एक महिनासम्म कैद वा एक हजार रुपैयाँ मात्र जरिबाना वा दुवै सजाय हुनेछ।

(ग) दफा ६८ को खण्ड (ग) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई क्षति भएको बिगो बमोजिमको जरीवाना गरी एक महिनासम्म कैद सजाय र दश हजार रुपैयाँ जरिबाना हुनेछ।

(घ) दफा ६८ को खण्ड (घ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँ जरिबाना वा दुवै सजाय हुनेछ।

(ङ) दफा ६८ को खण्ड (ङ) अन्तर्गतको कसूर गर्ने वा गराउनेलाई दश हजार रुपैयाँ जरिबाना हुनेछ।

(च) दफा ६८ को खण्ड (छ) र (ज) अन्तर्गतको कसूर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(छ) दफा ६८ को खण्ड (झ) अन्तर्गतको कसूर गर्नेलाई जलाधार सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(ज) दफा ६८ को खण्ड (ञ) अन्तर्गतको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा वनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ। त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ।

(झ) दफा ६८ को खण्ड (ट) अन्तर्गतको कसूर गर्नेलाई क्षति भएको बिगो असूल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ञ) दफा ६८ को खण्ड (ठ) अन्तर्गतको कसूर गर्नेलाई प्रत्येक चौपायाको लागि देहायको दरले जरिबाना हुनेछः

(१) भेडा, बाख्रा जातको भए रु. एक सय मात्र,

(२) हात्ती भए रु. तीन हजार मात्र,

(३) अन्य चौपाया भए रु. पाँच सय मात्र।

(ट) दफा ६८ को खण्ड (ड) अन्तर्गतको कसूर गर्नेलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ठ) दफा ६८ को खण्ड (ढ), (ण), (त), (थ) वा (द) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः

(१) एक हजार रुपैयाँसम्मको बिगो भए एक हजार रुपैयाँसम्म जरिबाना,

(२) एक हजार रुपैयाँ देखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए एक महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(३) पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्मको बिगो भए तीन महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(४) पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्मको बिगो भए छ महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(५) एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्मको बिगो भए एक बर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(६) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई बर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै।

(ड) दफा ६८ को खण्ड (ध) अन्तर्गतको कसूर गर्नेलाई कसूरसँग सम्बन्धित वन पैदावार जफत गरी तीन बर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै सजाय हुनेछ।

(ढ) दफा ६८ को खण्ड (न) वा (प) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(ण) दफा ६८ को खण्ड (फ) अन्तर्गतको कसूर गर्नेलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ र सोही कसूर पुनः गर्नेलाई कसूरको मात्रा अनुसार प्रत्येक पटक एक बर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(त) दफा ६८ को खण्ड (ब) अन्तर्गतको कसूर गर्नेलाई बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(थ) दफा ६८ को खण्ड (भ) अन्तर्गतको कसूर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(द) दफा ६८ को खण्ड (म) अन्तर्गतको कसूर गर्नेलाई त्यस्तो कसूरमा हुने सजायमा थप दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(ध) दफा ६८ को खण्ड (य) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी एक वर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(न) दफा ६८ को खण्ड (र) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(प) दफा ६८ को खण्ड (ल) र (व) अन्तर्गतको कसूर गर्नेलाई एक वर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(फ) दफा ६८ को खण्ड (श) अन्तर्गतको कसूर गर्नेलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(ब) दफा ६८ को खण्ड (ष) अन्तर्गतको कसूर गर्नेलाई बिगो भए बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(भ) दफा ६८ को खण्ड (स) अन्तर्गतको कसूरमा सङ्घीय वन ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ।

(म) माथि जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६८ बमोजिम तोकिएको कसुर पुनः गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटकका लागि कैद सजाय भए एक बर्षसम्म कैद र जरिबाना भए प्रत्येक पटकका लागि तोकेको जरिबानाको दोब्बर जरिबाना वा दुबै सजाय हुनेछ।

७०. **कसूरको जाँचबुझ र कार्यविधिः** (१) यो ऐन बमोजिम हुने कसूरको जाँचबुझ, अनुसन्धान, तहकिकात र सो सम्बन्धी कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्षसम्म कैद सजाय हुने कसूर सम्बन्धी मुद्दाको जाँचबुझ, अनुसन्धान तथा तहकिकात प्रदेश सरकारको वन सेवामा कार्यरत डिभिजनल वन अधिकृतभन्दा एक तह मुनीको कर्मचारी देखि कम्तीमा पाँचौ तहको कर्मचारीसम्मले गर्नेछ र त्यस्तो अधिकृत सम्बन्धित जिल्लाको डिभिजनल वन अधिकृतले तोक्नेछ।

७१. **प्रदेश सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ।

७२. **मुद्दा हेर्ने अधिकारीः** यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिबाना हुने मुद्दा डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछ।

७३. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा ७२ बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

७४. **कानूनी राय सल्लाह लिन सक्नेः** यो ऐन बमोजिम कसूरको जाँचबुझ, अनुसन्धान तथा तहकिकात गर्दा आवश्यक परेका बखत अनुसन्धानकर्ता तथा मुद्दा हेर्ने अधिकारीले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय सल्लाह लिन सक्नेछ।

## परिच्छेद-१७
## विविध

७५. **वन विकास कोष सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण र सम्वर्द्धन गर्न एवम् अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले एक कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **समन्वय र सहकार्यः** (१) अन्तरप्रादेशिक वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनको लागि अन्य प्रदेश सरकार, नेपाल सरकार र स्थानीय तह लगायत अन्य प्रमुख सरोकारवालाहरूसँग गरिने समन्वय र सहकार्य आवश्यकता अनुसार निर्देशनालय र मन्त्रालयले गर्नेछ।

(२) डिभिजन वन कार्यालयले निर्देशनालय र निर्देशनालयले मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

७७. **वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्नेः** (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा उत्पादन गर्ने वस्तु र सेवाको बारेमा बार्षिक रुपमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीका आधारमा डिभिजनल वन अधिकृतले वन पैदावारमा आधारित उद्योगहरूको आर्थिक योगदान देखिने गरी अभिलेख राखी सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

७८. **अभिलेख व्यवस्थित गर्नुपर्नेः** (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने प्रादेशिक वन र वन व्यवस्थापनसँग सम्बन्धित तोकिए बमोजिमको विषयको अभिलेखीकरण तोकिए बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थित गरिएको अभिलेखको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

७९. **वन बिउ उद्यान सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले प्रादेशिक वनको कुनै भागलाई वन बिउ उद्यान घोषणा गर्न सक्नेछ र नेपाल सरकारले घोषणा गरेको वन बिउ उद्यानमा सहकार्य गरी व्यवस्थापन र सञ्चालन समेत गर्न सक्नेछ।

८०. **कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेः** वन क्षेत्रको जग्गामा भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेछ।

८१. **पूरानो घरको पूरानो काठ ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) पुरानो घरमा प्रयोग भएको पूरानो काठको ओसारपसार गर्न मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित समयका लागि खुला गर्न सक्नेछ।

तर स्थानीय तह, प्रदेश वा सङ्घीय निर्वाचन हुनुभन्दा छ महिना अगाडिको अवधिमा पूरानो घरको पूरानो काठ ओसारपसार गर्न मन्त्रालयले प्रस्ताव पेस गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले सूचना प्रकाशन गरेमा सम्बन्धित घरधनीले तोकिए बमोजिमको कागजात सहित सम्बन्धित डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा निर्देशकको अनुमति लिई सम्बन्धित डिभिजन वन कार्यालयले स्थानान्तरण इजाजत दिन सक्नेछ।

(४) पूरानो घरको पूरानो काठको ओसारपसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि पूरानो घरको पूरानो काठ भन्नाले कम्तीमा दश वर्ष पूरानो घरमा प्रयोग भएको काठलाई सम्झनु पर्छ।

८२. **काठमा आधारित कागज बनाउने उद्योगको लागि कच्चा पदार्थ आपूर्ति सम्बन्धमाः** (१) निजी नम्बरी जग्गा वा निजी वनमा उत्पादित मसला, पोपलर र अन्य तोकिएका जातका काठ दाउरा काठमा आधारित कागज बनाउने नेपालमा स्थापित उद्योगसम्म निर्वाध रुपमा ओसारपसार गर्न पाइनेछ।

(२) उपदफा (१) बमोजिमको काठ दाउरा काठमा आधारित कागज वनाउने नेपालमा स्थापित उद्योगसम्म काठ दाउरा कटान, मुछान, ओसारपसार र प्रयोग गर्दा कुनै पनि निकायबाट कटान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन।

तर त्यसरी उत्पादित काठ दाउरा ओसारपसार गर्नुभन्दा तीन दिन अघि सोको जानकारी सम्बन्धित सव डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(३) कच्चा पदार्थ आपूर्ति तथा ओसारपसार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८३. **प्राविधिक सहयोग दिनेः** कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित डिभिजनल वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

८४. **प्रतिबन्ध लगाउन सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा सार्वजनिक सूचना मार्फत जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएका वनपैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्नेछ।

८५. **राहत सम्बन्धी व्यवस्था:** वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाईते भएमा तोकिए बमोजिम प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ।

८६. **वातावरणीय सेवाको व्यवस्थापन:** (१) वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग, तथा लाभाङ्श वितरण सम्बन्धी व्यवस्था सङ्घीय वन ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वन कार्यालयले आफ्नो बार्षिक कार्यक्रममा व्यवस्था गरी वातावरणीय सेवा बोलपत्र (इन्भाइरोमेन्टल सर्भिसेज टेण्डर) आह्वान गरी तोकिएका शर्त पूरा गरी वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीलाई अनुदान वा अन्य प्रकारको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

८७. **सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था:** नेपाल सरकारले प्रादेशिक वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन सङ्घीय वन ऐनमा तोकिए बमोजिम सञ्चालन गर्नेछ।

८८. **ड्रेस कोड सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारले वन सेवामा कार्यरत कर्मचारीको पहिचान र विशिष्टताका लागि तोकिए बमोजिमको पोशाकको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम लागु गर्ने ड्रेस कोड मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

८९. **सुराकीलाई पुरस्कार दिने:** (१) यस ऐन बमोजिम कसूर हुन लागेको वा भैरहेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिबानाको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९०. **असल नियतले काम गरेकोमा बचाउ:** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन।

तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार त्यस्तो कर्मचारीमा हुनेछ।

९१. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस ऐन वमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा निर्देशनालयले चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले जिल्लाभित्र विभिन्न वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भएका वनको प्रत्येक महिना अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत प्रदेश तथा सङ्घीय मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(३) डिभिजनल वन अधिकृतले वन पैदावारमा आधारित उद्योगहरूको त्रैमासिक रुपमा अनुगमन समेत गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९२. **अधिकार प्रत्यायोजनः** कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा कम्तीमा प्रदेश सरकारको छैटौं तहको अधिकृतस्तर कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्नु पर्नेछ।

९३. **नियम बनाउने अधिकारः** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

९४. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

९५. **यस ऐन बमोजिम हुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित सङ्घीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ।

९६. **बचाउः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वन ऐन, २०४९, उक्त ऐन बमोजिम बनेको नियम वा जारी भएको आदेश बमोजिम प्रदेश सरकार वा मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) प्रचलित सङ्घीय वन ऐन बमोजिम भएका र प्रदेश सरकार अन्तर्गत कार्य सम्पादन गर्ने गरी सङ्घीय सरकारबाट हस्तान्तरण भए गरेका कार्यको हकमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# प्रदेश सार्वजनिक सडक ऐन, २०७७

**प्रमाणीकरण मितिः** २०७७।०४।२५

**प्रस्तावनाः** सर्वसाधारण जनतालाई सडकको सहज पहुँच, सुविधामा अभिवृद्धि गर्न तथा सन्तुलित आर्थिक विकासका लागि प्रदेश भित्रका प्रादेशिक सार्वजनिक सडकहरूको वर्गीकरण गरी सडकको निर्माण, सम्भार, विस्तार तथा सुधार गर्न समेत वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश सार्वजनिक सडक ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनम,-

(क) **"अधिकारी"** भन्नाले प्रदेश सरकारले तोकेको सडक क्षेत्रसँग सम्बन्धित अधिकारीलाई सम्झनु पर्दछ।

(ख) **"जग्गा"** भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख, इत्यादि र सोसँग स्थायी रूपले जोडिएको चिज वस्तुलाई समेत सम्झनु पर्दछ।

(ग) **"झोलुङ्गे पुल"** भन्नाले पद मार्गमा पर्ने खोलानाला र नदी तर्ने सुविधाको लागि निर्माण गरिएको स्थायी भौतिक संरचनालाई जनाउँछ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ङ) **"पदमार्ग"** भन्नाले सडक सञ्जाल नरहेको स्थानहरूमा आवातजावातको लागि उपयोग हुने वैकल्पिक, पर्यटकीय वा परम्परागत रुपमा सञ्चालन वा उपयोग हुँदै आएको पैदल मार्ग सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्दछ।

(छ) **"सडक कार्यालय"** भन्नाले प्रदेश सरकारको सडक सम्बन्धी कार्य गर्ने प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात

पूर्वाधार निर्देशनालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय एवम् सडकसँग सम्बन्धित निकाय सम्झनु पर्दछ।

(ज) **"सडक सीमा"** भन्नाले सडक केन्द्र रेखाको दायाँबायाँ दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्दछ।

(झ) **"समिति"** भन्नाले ऐनको दफा १८ बमोजिमको समिति सम्झनु पर्छ।

(ञ) **"सार्वजनिक सडक"** भन्नाले कसैको निजी भोगचलनमा नरहेको प्रादेशिक सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साईकल मार्ग र पैदल मार्गलाई समेत जनाउँछ।

## परिच्छेद-२

## प्रदेशको सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

३. **पहिचान, वर्गीकरण तथा सडक सीमाः** (१) प्रादेशिक सार्वजनिक सडकहरूको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) सङ्घको र स्थानीय तहको अधिकार क्षेत्र बाहेकको प्रदेशको पूर्व सीमा देखि पश्चिम सीमासम्म तथा उत्तर सीमा देखि दक्षिण सीमासम्म जोड्ने सडक प्रदेश लोकमार्गको रुपमा रहनेछ,

(ख) राष्ट्रिय लोकमार्ग वा प्रादेशिक लोकमार्गबाट शुरु भई प्रदेशका प्रमुख व्यापारीक केन्द्र, जिल्लाका केन्द्र, सेवाकेन्द्र, ठूला भौतिक संरचना तथा विद्युत विकासका क्षेत्र, दुई वा दुई भन्दा बढी राष्ट्रिय लोकमार्ग जोड्ने र धार्मिक तथा पर्यटन क्षेत्रहरू जोड्ने सडक प्रादेशिक सहायक लोकमार्गको रुपमा रहनेछ,

(ग) राष्ट्रिय लोकमार्ग, प्रादेशिक लोकमार्ग, प्रादेशिक सहायक लोकमार्ग देखि स्थानीय तहको केन्द्रसम्म वा एक स्थानीय तहको केन्द्र देखि अर्को स्थानीय तहको केन्द्र जोडने सडक प्रादेशिक मार्गको रुपमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सडकहरूको वर्गीकरण प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वर्गीकरण गर्नेछ र वर्गीकृत सडकको नाम र क्षेत्र घोषणा गर्नेछ।

(३) उपदफा (२) बमोजिमको वर्गीकरण गर्दा सडकको मध्ये (केन्द्र भाग) रेखा देखि दायाँबायाँ दुवैतिर देहाय बमोजिम सडक सीमा तोक्नु पर्नेछः

(क) प्रादेशिक लोकमार्गको हकमा तराईमा बाह्र दशमलव पाँच मिटर र तीन मिटर सेट ब्याक र पहाडमा दश मिटर र दुई मिटर सेट ब्याक,

(ख) प्रादेशिक सहायक लोकमार्गको हकमा तराईमा दश मिटर र दुई मिटर सेट ब्याक तथा पहाडमा आठ मिटर र दुई मिटर सेट ब्याक,

(ग) प्रादेशिक मार्गको हकमा तराईमा आठ मिटर र एक दशमलव पाँच मिटर सेट ब्याक तथा पहाडमा छ मिटर र एक दशमलव पाँच मिटर सेट ब्याक।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक सीमा तोक्दा मानव बस्ती, पर्यटकीय एवम् धार्मिक सम्पदा, ऐतिहासिक स्थान लगायतका कारणबाट सीमा हेरफेर गर्नु परेमा हेरफेर गर्नुको आधार र कारण खोली प्रदेश सरकारले निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय सार्वजनिक सूचना मार्फत सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (२) र (३) मा उल्लेख गरिएको बाहेक स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने सडकहरूको सीमाको हकमा उपदफा (३) मा उल्लेख भए बमोजिम सीमा नघटाई सडक सीमा तोक्न सक्नेछ र पदमार्ग तथा झोलुङ्गे पुलको हकमा पुल संरचना क्षेत्रको सीमा सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(६) पुल रहने सडकको प्रकार, पुलको लम्बाई, पुलको चौडाई र पुलमा चल्न सक्ने यातायातका साधनहरूको प्रकार, भारवहन क्षमता एवम् सङ्ख्याको आधारमा पुलको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(७) झोलुङ्गे पुलको हकमा झोलुङ्गे पुलको वर्गीकरण प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## स्थायी संरचना आदि बनाउन रोक्न र अन्य आवश्यक घर तथा जग्गा प्राप्त गर्न सक्ने सम्बन्धी व्यवस्था

४. **स्थायी संरचना बनाउन रोक्न सकिने:** (१) दफा (३) को उपदफा (३) बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमा क्षेत्रभित्र र सडक सीमा नतोकिएकोमा सडकको किनारबाट तीन मिटरमा नबढ्ने गरी तोकेको सीमा भित्र प्रदेश सरकारले

प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पर्खाल बाहेकका अन्य कुनै किसिमको स्थायी संरचना निर्माण गर्न रोक्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाईएको सीमाभित्र कसैले सूचना प्राप्त गरिसके पछि कुनै किसिमको स्थायी संरचना निर्माण गरेमा त्यस्तो संरचना सडक कार्यालयको आदेशले भत्काउन सक्नेछ र सडक कार्यालयले त्यस्तो संरचना भत्काउँदा लागेको खर्च समेत सम्बन्धित संरचना निर्माण गर्ने व्यक्तिबाट प्रचलित कानून बमोजिम र तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

५. **<u>सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने:</u>** सडकको निर्माण विस्तार वा सुधार गर्न वा सडक सीमाको कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

६. **<u>सडक निर्माण विस्तार वा सुधार गर्दा अरु जग्गा प्राप्त गर्न सकिने:</u>** (१) सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य पुरा नभएसम्म देहायको कामका लागि सडक निर्माणसँग सम्बन्धित कार्यालय मार्फत प्रदेश सरकारले कुनै जग्गा अस्थायी रुपले प्राप्त गर्न सक्नेछ र त्यसरी प्राप्त गर्दा सम्बन्धित जग्गा धनीसँग प्रचलित कानून बमोजिम सम्झौता गर्न सक्नेछः

(क) सडकको निर्माण, विस्तार वा सुधार गर्ने निर्माणका आवश्यक सामान, उपकरण राख्न वा निर्माण विस्तार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू वस्ने घर, भण्डार वा कटेरो बनाउन,

(ख) सडकको निर्माण विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकमा हुने आवागमन चालु राख्न वा निर्माण पुरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसारपसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन।

(२) उपदफा (१) बमोजिमको कामको लागि काबुबाहिरको परिस्थितिमा बाहेक देहाय बमोजिमको घर जग्गा प्राप्त हुदैनः

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी रहेको घर, टहरा वा कटेरो,

(ख) देवस्थल, विद्यालय, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भईरहेको जग्गा।

(३) उपदफा (१) बमोजिम प्राप्त गरेको घर वा जग्गा जुन कार्यको निमित्त प्राप्त गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको सबैभन्दा नजिकको हकवालालाई सम्झौता बमोजिम जग्गा प्राप्त गर्दाकै अवस्थामा तोकिए बमोजिम फिर्ता गरिदिनु पर्नेछ।

७. **<u>घर तथा जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारण:</u>** (१) दफा (६) बमोजिम कुनै जग्गा प्राप्त गर्दा देहाय बमोजिमको घर तथा जग्गाको क्षतिपूर्ति उपदफा (२) बमोजिमको समितिले प्रचलित कानून बमोजिम निर्धारण गरे बमोजिम उपलब्ध गराउनेछः

(क) कुनै घर, टहरा वा कटेरो, गोदाम सहित कुनै जग्गा प्राप्त गरेकोमा त्यस्तो घर, टहरा वा कटेरोको धनीले सो घर, टहरा वा कटेरो उपभोग गर्न नपाए वापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा प्राप्त गरिएको खण्डमा त्यस्तो बालीनाली लगाउन नपाए वापत सम्बन्धित जग्गा धनीले ब्यहोर्नु परेको नोक्सानी बमोजिमको रकम,

(ग) प्राप्त गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सामाग्री वा उपकरण राखे वापत सो जग्गा धनीलाई पुग्न गएको क्षति र सो जग्गालाई साविकको स्थितिमा ल्याउन जग्गा धनीले ब्यहोर्नु पर्ने बराबरको रकम।

(२) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | जिल्ला प्रशासन कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत | -संयोजक |
| (ख) | सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | -सदस्य |
| (ग) | सम्बन्धित मालपोत कार्यालयको प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (घ) | सम्बन्धित नापी कार्यालयको प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (ङ) | सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| (च) | सडक कार्यालयको प्रमुख | -सदस्य सचिव |

## परिच्छेद-४

## सडकको रेखदेख सम्भार र अन्य व्यवस्था

८. **सडकको दायाँबायाँ रुख लगाउने र त्यसको रेखदेख गर्ने:** (१) सम्बन्धित सडक कार्यालयले आवश्यकता अनुसार सार्वजनिक सडकको दायाँ बाँया रुख लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईएका रुखको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्बन्धित सडक कार्यालय र स्थानीय तहको हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईएको रुखले आवातजावातमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने कार्य सडक कार्यालयको हुनेछ र त्यस्तो कार्यका लागि सडक कार्यालयले सम्बन्धित स्थानीय तह, वन कार्यालय, उपभोक्ता वा सरोकारवालासँग आवश्यक समन्वय गर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सडक कार्यालयले उपदफा (१) र (२) मा उल्लिखित कार्यहरू तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा समेत गराउन सक्नेछ।

९. **संरचनाको संरक्षण र वजनको हद निर्धारण गर्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सार्वजनिक सूचना प्रकाशित गरी कुनै सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो सार्वजनिक सडकमा त्यसरी तोकिएको हदभन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

१०. **आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने:** (१) सार्वजनिक सडक पुल तथा झोलुङ्गे पुलको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा सडक कार्यालयको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा प्रचलित कानून बमोजिम उपयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली, रुख विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी र त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन ब्यहोर्नु पर्ने जति रकम समेत प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै भौतिक संरचनाको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित संरचनाको स्वामित्व प्राप्त व्यक्ति वा निकाएको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन पाईने छैन।

११. **सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउन नपाउने:** (१) कसैले सार्वजनिक सडकमा कुनै मालसामान, वस्तु वा घरपालुवा दोपाया चौपाया छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याउन पाईने छैन।

(२) उपदफा (१) बमोजिम बाधा पुऱ्याउने मालवस्तु वा घरपालुवा दोपाया चौपाया तुरुन्त सडक कार्यालयले हटाउने वा मुनासिव माफिकको अवधि तोकि हटाउनका लागि सम्बन्धित मालवस्तु वा घरपालुवा दोपाया चौपाया धनी वा स्वामित्व हुने संस्थाको नाउँमा आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश प्राप्त भएपछि सडकमा छाडिएको मालवस्तु वा घरपालुवा दोपाया चौपाया हटाउने दायित्व स्वामित्ववालाको हुनेछ। नहटाएमा दण्डनीय हुनेछ।

(३) उपदफा (२) बमोजिम जारी भएको आदेश बमोजिमको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको मालवस्तुलाई सम्बन्धित सडक कार्यालयले दण्ड गरी जफत गर्नेछ।

(४) उपदफा (२) मा उल्लिखित मालवस्तु बाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकतर्फ निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै संरचना, वस्तु, ढोका, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध पुगेको भएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा सम्बन्धित सडक कार्यालयले तोकिए बमोजिम तत्काल आदेश जारी गर्न सक्नेछ।

तर यो ऐन लागु हुनु पूर्व प्रचलित कानून बमोजिम बनेका वा रहेका कुनै संरचना हटाउन पर्ने भएमा त्यस बापतको क्षतिपूर्ति दिई र केहि फेरबदलसम्म गर्नुपर्ने भएमा त्यस बापत लाग्ने खर्च प्रचलित कानून बमोजिम सडक कार्यालयले बेहोर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली सम्बन्धित सडक कार्यालयमा तोकिए बमोजिम निवदेन दिन सक्नेछ र त्यस्तो निवेदन परेमा कार्यालयले एक पटकसम्म उचित समयावधि तोकि तोकिए बमोजिम म्याद बढाई दिन सक्नेछ।

(६) उपदफा (२) बमोजिम तोकिएको म्याद वा उपदफा (४) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिए बमोजिमको काम नगरेमा कार्यालयले आफ्नो कर्मचारी, प्रदेश प्रहरी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो

आदेशमा उल्लिखित काम कारबाही गराउन सक्नेछ। त्यसरी काम गराउँदा व्यक्तिको कुनै क्षति हुन गएमा त्यस्तो क्षति वापतको कुनै हर्जाना दिईने छैन।

१२. **स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुनेः** (१) सम्बन्धित सडक कार्यालयको स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर, टहरो वा छाप्रो, गेट वा स्मारक बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै प्रकारका अन्य कुनै कार्य गर्न हुँदैन।

(२) कसैले सडक कार्यालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा सडक कार्यालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारबाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरो वा छाप्रो वा गेट वा स्मारक भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा तोकिए बमोजिमको आदेश जारी गर्न सक्नेछ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो वा गेट भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट सडक कार्यालयले प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी लिन सक्नेछ।

(४) सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको कार्य गर्न नहुने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकारः** (१) कसैले कुनै कामको निमित्त सार्वजानिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सडक कार्यालयको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माग गरेमा सडक कार्यालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने सार्वजनिक सडक वा सडक सीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्च बापतको रकमको दोब्बर रकम तोकिए बमोजिम धरौटी लिई स्वीकृति प्रधान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिंदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन

कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालना गर्नु पर्ने अन्य शर्तहरू सडक कार्यालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालना गर्नेछु भनी स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउनु आवश्यक देखेमा सडक कार्यालयले सो समेत गराई लिन सक्नेछ।

(३) सडक खन्ने, भत्काउने र पुनःमर्मत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **<u>सडक कार्यालयले खर्च भराउन सक्नेः</u>** (१) दफा (११) को उपदफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (३) बमोजिम कुनै काम कारबाही गर्दा कार्यालयले गरेको खर्चको रकम र निजले तिर्नुपर्ने दण्डको रकम सरोकारवाला व्यक्तिबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ।

(२) सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छोडेको वा राखेको कुनै मालवस्तुलाई सडक कार्यालयले आफनो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छाउँदा वा अन्यत्र लैजाँदा सो कार्यालयले ब्यहोर्नु परेको खर्च असुलउपर नभएमा त्यस्तो खर्च असूलउपर गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## <u>सडक निर्माण सम्बन्धी व्यवस्था</u>

१५. **<u>सडक व्यवस्थापन, निर्माण, सम्भार एवम् सञ्चालनः</u>** (१) प्रादेशिक सडकको निर्माण, सम्भार, सञ्चालन र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको सडक कार्यालयको हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा प्रदेश सरकारले प्रचलित कानून बमोजिम योजनाबद्ध ढङ्गले गर्नेछ र सडक निर्माण गर्दा सडक छेउ, तल वा माथि अवस्थित पहिले नै निर्माण भई उपयोगमा रहेका झोलुङ्गे पुल वा अन्य साँस्कृतिक, ऐतिहासिक, भौतिक संरचना, व्यक्तिगत संरचना, प्राकृतिक सम्पदा र वातावरणलाई समेत सम्भव भएसम्म संरक्षण गरिनेछ। संरक्षित हुने अवस्था नआएमा ती संरचनाको क्षतिपूर्ति वा उपयुक्त स्थानमा संरचना पुनः निर्माण गर्नु पर्नेछ।

(३) प्रदेश सरकारले सडक निर्माण तथा व्यवस्थापनमा सुशासन तथा जवाफदेहितालाई स्थापित गर्ने उद्देश्यले सडक डिजाईन, निर्माण तथा अनुगमनको कार्य तोकिए बमोजिमको व्यवस्था बमोजिम गराउन सक्नेछ। त्यसरी डिजाईन, निर्माण तथा अनुगमन गर्दा योजनास्थलसँग सम्बन्धित रहेका अन्य योजनाको सम्बन्धित कार्यालयसँग सहकार्य र समन्वय गरी योजना तर्जुमा गरिनेछ।

(४) प्रदेश सरकारले सार्वजानिक सडक निर्माण तथा व्यवस्थापनमा सुशासन तथा जवाफदेहितालाई संस्थागत गर्न सरकारी तथा गैर-सरकारी निकाय, अन्तर्राष्ट्रिय दातृ निकाय वा अन्य सङ्घ संस्थासँग तोकिए बमोजिम आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

१६. **साझेदारीमा कार्य गर्न सक्ने:** (१) प्रदेश सरकारले प्रदेशमा सार्वजनिक सडकका अतिरिक्त विशेष मार्ग, पुल, सुरुङ्ग मार्ग, केवलकार, जल यातायात जस्ता सडक तथा यातायातसँग सम्बन्धित निर्माणका लागि गैर-सरकारी क्षेत्र वा निजी क्षेत्रसँग सार्वजानिक निजी साझेदारीका (पब्लिक-प्राईभेट-पार्टनरसिप) आधारमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी कार्य गर्न सक्नेछ र त्यस्तो निर्माण सम्बन्धी व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

(२) सार्वजानिक निजी साझेदारीमा निजी क्षेत्रबाट लगानी गर्न चाहेमा तोकिए बमोजिमको सुविधा दिने गरी र तोकिए बमोजिमको अवधिभर तोकिए बमोजिमको दस्तुर लगाउन सक्ने गरी निर्माण, सञ्चाल्लन र हस्तान्तरण सम्बन्धी कार्यका लागि अनुमति दिईनेछ।

(३) उपदफा (२) बमोजिमको अनुमति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

१७. **सडक खन्नु परेमा सूचना दिनु पर्ने:** (१) कुनै पनि सार्वजनिक निकायले कुनै कामको लागि सडक वा सडक सीमा खन्नु पर्दा सडक कार्यालयलाई अन्तिम पूर्व सूचना दिई तोकिए बमोजिमको शर्तको अधिनमा रही खन्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सडक सीमा खन्नु पर्दा सार्वजनिक यातायात सेवामा अवरोध नहुने गरी खन्नु पर्नेछ।

## परिच्छेद-६

## सडक विकास समन्वय समिति

१८. **सडक विकास समन्वय समितिको गठन:** सडक तथा पुलको निर्माण तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्नको लागि देहाय बमोजिमको एक सडक विकास समन्वय समितिको गठन गरिनेछ:

(क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको

कार्यालय -सदस्य

(ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(च) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन निर्देशनालयको प्रतिनिधि -सदस्य

(ज) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(झ) प्रदेश सरकारले मनोनयन गरेको विज्ञहरू मध्येबाट १ जना विज्ञ -सदस्य

(ञ) प्रदेश सरकारले मनोनयन गरेको यातायात व्यवसायीहरूका संस्थाहरूमध्येबाट एक जना प्रतिनिधि -सदस्य

(ट) सडक महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य सचिव

१९. **समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा १८ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रादेशिक सार्वजनिक सडक निर्माण, विकास, सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति तयार गर्ने,

(ख) प्रादेशिक सार्वजनिक सडक निर्माण, विकास, सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक समन्वय गर्ने,

(ग) सडक निर्माण र सञ्चालनमा देखिएका समस्या र तिनको समाधान सम्बन्धी आवश्यक योजना तयार गर्ने,

(घ) प्रादेशिक सार्वजनिक सडकको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारलाई आवश्यक सुझाव दिने।

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-७

## सजाय र पुनरावेदन

२०. **सजायः** (१) कसैले दफा ८ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा, दफा ९ विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १० र ११ को बर्खिलाप हुने गरी काम गरेमा दश हजार देखि बीस हजार रुपैयाँ सम्म जरिबाना हुनेछ।

(२) यस ऐन बमोजिमको कुनै निर्णय कार्यान्वयन गर्दा वा कुनै सूचना टाँस गर्दा बाधा विरोध गरेमा वा हुलहुज्जत गरेमा पच्चिस हजार देखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले दफा १२ को उपदफा (१), (२) र (३) विपरीतको कार्य गरेमा पचास हजार देखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) यस ऐन बमोजिम हुने सजाय र जरिबाना सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२१. **सजाय तोक्ने अधिकारी र सजायको छानबिन, दायरी र निर्णयः** (१) दफा २० बमोजिम हुने सजायको निर्धारण गर्ने कार्य सम्बन्धित सडक कार्यालय प्रमुखको हुनेछ र त्यस्तो कार्यालय प्रमुख कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी हुनु पर्नेछ।

तर कार्यालय प्रमुख राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको भन्दा तल्लो श्रेणीको कर्मचारी भएमा माथिल्लो निकायमा कार्यालयको राय सहित सजाय निर्धारणको लागि पेश गर्नु पर्नेछ।

(२) दफा २० बमोजिम हुने सजायको अनुसन्धानको तथा छानबिन कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारीले गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्ने कर्मचारीले प्रचलित कानून र तोकिए बमोजिमको प्रक्रिया अपनाई छानबिन गर्नु पर्नेछ र त्यस्तो छानबिनबाट प्राप्त प्रतिवेदन उपदफा (१) बमोजिमको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भएपछि कारण र आधार समेत उल्लेख गरी उपदफा (१) बमोजिमको अधिकारीले यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ।

तर त्यसरी सजाय गर्नु पूर्व निजलाई आफ्नो सफाई पेश गर्न मुनासिब मौकाबाट बञ्चित गरिने छैन।

२२. **सजाय उपरको पुनरावेदनः** (१) दफा २१ बमोजिम तोकिएको अधिकारीले सजाय सम्बन्धी निर्णय गरेमा सो निर्णय उपर चित्त नवुझ्ने पक्षले जानकारी पाएको तिस दिन भित्र मन्त्रालयको सचिव समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी परेकोमा मन्त्रालयको सचिवले पैंतिस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको लागि मन्त्रालयलको सचिवले आवश्यक राय प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-८

## विविध

२३. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम सडक कार्यालयलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार प्रदेश सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२४. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमावली बनाउन सक्नेछ।

२५. **बचाउः** यो ऐन प्रारम्भ हुनु भन्दा अघि यसै ऐन बमोजिम गर्नुपर्ने कार्य गरेको भए यसै ऐन बमोजिम गरेको मानिनेछ।

२६. **वाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा ऐनको व्यवस्थाको अधिनमा रही प्रदेश सरकारले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

# कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७

**प्रमाणीकरण मितिः** २०७७।०४।२५

**प्रस्तावनाः** आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा पाउने नागरिकको हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी तथा गुणस्तरीय तुल्याई नागरिकको पहुँच स्थापित गर्नको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "**कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

(३) यो ऐन कोशी प्रदेश भर लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनु पर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ।

(ख) **"आधारभूत स्वास्थ्य सेवा"** भन्नाले दफा ३ को उपदफा (३) बमोजिम सुलभ रुपमा निःशुल्क उपलव्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पूनर्स्थापनात्मक सेवा सम्झनु पर्छ।

(ग) **"चिकित्सक"** भन्नाले प्रचलित कानून बमोजिमको निकायमा चिकित्सकको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(घ) "तोकिएको **वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(छ) "**महिला** स्वास्थ्य **स्वयंसेविका**" भन्नाले स्वास्थ्य क्षेत्रमा परिचालन हुँदै आएका महिला स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ।

(ज) "**समिति**" भन्नाले दफा २९ बमोजिमको प्रदेश जनस्वास्थ्य समिति सम्झनु पर्छ।

(झ) "**सरकारी अस्पताल**" भन्नाले प्रदेश सरकार मातहतका अस्पताल, आयुर्वेद चिकित्सालय र आयुर्वेद स्वास्थ्य केन्द्र सम्झनु पर्छ।

(ञ) "**सामाजिक संस्था**" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको संस्था सम्झनु पर्छ।

(ट) "सामाजिक **वा निजी स्वास्थ्य संस्था**" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई स्थापित सामाजिक संस्था, सहकारी, निजी वा सामुदायिक स्वास्थ्य संस्था समेतलाई जनाउँछ।

(ठ) "**सेवाग्राही**" भन्नाले स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(ड) "**स्वास्थ्यकर्मी**" भन्नाले प्रचलित कानून बमोजिमको निकायमा स्वास्थ्यकर्मीको रुपमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ढ) "**स्वास्थ्य सेवा**" भन्नाले आधुनिक चिकित्सा (एलोपेथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपञ्चर सेवा, सोवारिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटीभ) सेवा सम्झनु पर्छ।

(ण) "**स्वास्थ्य संस्था**" भन्नाले सरकारी, सामाजिक वा निजी स्वास्थ्य संस्था र स्वास्थ्य प्रयोगशालालाई समेत सम्झनु पर्छ।

(त) "**स्थानीय तह**" भन्नाले प्रदेशमा रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(थ) "**इजाजत दिने अधिकारी**" भन्नाले दफा १३ बमोजिम स्वास्थ्य संस्था सञ्चालन इजाजत जारी गर्ने अधिकार प्राप्त अधिकृत सम्झनु पर्दछ।

(द) "**नागरिक स्वास्थ्य सूचना सहायता प्रणाली**" भन्नाले दफा २४ बमोजिम मन्त्रालयबाट स्थापना तथा सञ्चालन नागरिक स्वास्थ्य सूचना सहायता प्रणाली सम्झनु पर्छ।

(ध) "**अस्पताल व्यवस्थापन समिति**" भन्नाले दफा ३१ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व

३. **स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितताः** (१) प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गत तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछः

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(ट) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा।

(२) उपदफा (१) बमोजिमको आधारभूत स्वास्थ्य सेवामा स्थानीय तहले आवश्यकता अनुसार थप गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमका थप गरिएका सेवाको आर्थिक व्ययभार सम्बन्धित स्थानीय तहले व्यहोर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमका सेवाहरूको विवरण सेवा, प्रवाह तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम तोके अनुसारको आधारभूत स्वास्थ्य सेवामा आवश्यकता अनुसार मन्त्रालय र स्थानीय तहले थप गर्न सक्नेछ।

(६) प्रदेश सरकारले तोके अनुसारको आधारभूत स्वास्थ्य सेवा सामाजिक संस्था वा निजी स्वास्थ्य संस्था, स्वास्थ्य शिक्षण अस्पताल वा सामाजिक संस्थासँगको साझेदारीमा स्थानीय तहले प्रदान गर्न सक्नेछ।

(७ आधारभूत स्वास्थ्य सेवा बाहेकका सेवाको हकमा प्रदेश सरकार र स्थानीय तहले आवश्यकता अनुसार निःशुल्क व्यवस्था गर्न सक्नेछ।

४. **आकस्मिक स्वास्थ्य सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न अत्यावश्यक जीवन रक्षक औषधिको भण्डारणको व्यवस्था गर्नु र त्यस्तो सेवा उपलव्ध गराउनु प्रत्येक स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलव्ध हुन नसकेमा त्यस्तो स्वास्थ्य संस्थाले सो संस्थाबाट उपलव्ध हुने उपचार तत्काल उपलव्ध गराई थप उपचारको लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण (रेफर) गर्नु पर्नेछ।

तर सेवाग्राहीलाई आर्थिक अभावको कारणले कुनै पनि आकस्मिक उपचार सेवाबाट बञ्चित गराउन पाइने छैन।

(४) आकस्मिक उपचारको लागि आएका सेवाग्राहीलाई रकम डिपोजिट नगरेको र प्रहरी रिपोर्ट लगायतका अन्य कागजात पेस नगरेको भएतापनि उपचार गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम उपचार गर्दा लागेको खर्च सम्बन्धित व्यक्तिको स्वास्थ्य बीमा भएकोमा सो बाट र स्वास्थ्य बीमा नभएकोमा वा स्वास्थ्य बीमाको रकमले नपुग हुने भएमा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ।

तर आधारभूत स्वास्थ्य सेवा अन्तर्गत पर्ने सबै सेवा स्वास्थ्य संस्थाले निःशुल्क उपलव्ध गराउनु पर्नेछ।

(६) यस दफा बमोजिम आकस्मिक उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई उपचार शुरु गरिसके पछि मात्र त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नुपर्ने प्रक्रिया अवलम्बन गर्न लगाउनु पर्नेछ।

(७) आकस्मिक उपचार सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **विशेषज्ञ सेवाः** (१) प्रदेश सरकारले सेवाको प्रकृति, भौगोलिक अवस्था तथा रोगको प्रकोप र आवश्यकता अनुसार राष्ट्रिय मापदण्डको आधारमा संस्थागत वा घुम्ती स्वास्थ्य शिविर मार्फत विशेषज्ञ सेवा उपलव्ध गराउनेछ।

(२) सामाजिक संस्था निजी स्वास्थ्य संस्था र शिक्षण अस्पतालले समेत मन्त्रालयले तोकेको निकायबाट अनुमति लिई स्थानीय तहको समन्वयमा घुम्ती शिविर मार्फत आधारभूत तथा विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(३) विशेषज्ञ सेवा तथा घुम्ती स्वास्थ्य शिविर मार्फत सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **प्रेषण (रेफरल) सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारका लागि आएका सेवाग्राहीलाई उपलब्ध संरचना उपकरण र विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणबाट उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो संस्थामा उपलब्ध हुने सेवा प्रदान गरी थप उपचारको लागि त्यस्तो उपचार प्रदान गर्न सक्ने अर्को स्वास्थ्य संस्थामा तुरुन्त प्रेषण गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिमका प्रेषण प्रणाली विधि र प्रक्रिया पूरा गर्नुपर्नेछ।

(३) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा आफूसँग रहेका न्यूनतम स्वास्थ्य सम्बन्धी उपकरण एवम् उपलब्ध स्वास्थ्य सुबिधा सहित प्रेषण गर्नु पर्नेछ।

(४) विशेषज्ञ सेवा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था बीच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन मन्त्रालयले स्थानीय तह र स्वास्थ्य संस्थासँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(५) सेवाग्राही वा निजको परिवार वा आफन्त वा संरक्षकत्व प्रदान गर्नेले माग गरेको अवस्थामा बाहेक आफ्नो संस्थामा उपयुक्त सेवा र सेवा प्रदायक हुँदाहुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाइने छैन।

७. **स्वास्थ्य सेवाको गुणस्तरः** (१) प्रदेश सरकारले तोकेको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने दायित्व सम्बन्धित स्वास्थ्य संस्थाको हुनेछ।

(२) प्रदेश सरकारले नेपाल सरकार, स्थानीय तह र स्वास्थ्य संस्थासँग सहकार्य गरी उपलव्ध स्रोत साधनको आधारमा नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न देहायका कार्यहरू गर्नेछः

(क) नागरिकको स्वास्थ्यको संरक्षण र सम्बर्द्धनका लागि नीति निर्धारण गर्ने,

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरी समतामूलक तवरबाट सेवा उपलव्ध गराउने,

(ग) तोकिएको मापदण्ड बमोजिम स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्तो संस्थामा आवश्यक जनशक्ति, प्रविधि र उपकरण, भौतिक पूर्वाधार र साधनस्रोतको व्यवस्था मिलाउने,

(घ) स्वस्थ शहर, गाउँ र वस्ती निर्माण गर्न सरोकारवालासँग सहकार्य गर्ने,

(ङ) नयाँ प्रविधिको पहुँच र विस्तारका लागि सबै स्वास्थ्य संस्थाले दिने सेवाको एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गर्ने,

(च) विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने,

(छ) आयुर्वेद, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत अन्य सेवालाई समेत समेटी गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने।

८. **<u>सेवाग्राहीको कर्तव्य</u>**: स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसँग सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछः

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने, योग तथा शारीरिक व्यायाम गर्ने तथा नियमित स्वास्थ्य परीक्षण गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने र स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवा उपभोग गर्ने,

(ग) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्य अवस्थासँग सम्बन्धित यथार्थ जानकारी उपलव्ध गराउने र स्वास्थ्य सेवा लिंदा स्वास्थ्यकर्मीलाई सहयोग गर्ने,

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने,

(ङ) स्वास्थ्यकर्मीप्रति शारीरिक, मानसिक वा लैंगिक हिंसा हुने काम नगर्ने,

(च) सिफारिस गरिएको आंशिक वा पूरा उपचार लिन अस्वीकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरी हस्ताक्षर गर्ने,

(छ) दफा ६ को अधीनमा रही स्वास्थ्य संस्थाले प्रेषण गरेको स्वास्थ्य संस्थामा गई सेवा लिने,

(ज) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी वा औषधी व्यवसायी वा एम्बुलेन्स चालक वा ती संस्थामा आवद्ध कर्मचारी वा व्यवसायका संचालकले आफू वा आफ्नो स्वास्थ्यमा खेलवाड गर्ने मनसायबाट सेवाग्राहीको स्वतन्त्रतापूर्वक सेवाको छनोटमा व्यवधान खडा गरी उनीहरूले भनेका स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा सेवा लिन बाध्य पारेको आशंका लागेमा सम्बन्धित निकायमा उजुरी गर्ने।

९. **स्वास्थ्यकर्मीको कर्तव्यः** (१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवाग्राहीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(३) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाले सम्बन्धित परिषद्ले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नुपर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "सम्बन्धित परिषद्" भन्नाले स्वास्थ्यकर्मीलाई व्यवसायिक वा पेशागत काम गर्न अनुमति दिने प्रचलित कानून बमोजिम स्थापना गरिएका संस्था सम्झनु पर्छ।

(४) कुनै चिकित्सक वा स्वास्थ्यकर्मीले सेवाग्राहीको स्वास्थ्यमा खेलवाड गर्ने मनसायबाट सेवाग्राहीको स्वतन्त्रतापूर्वक सेवाको छनोटमा व्यवधान खडा गर्नु गराउनु हुँदैन।

१०. **स्वास्थ्य संस्थाको दायित्वः** (१) प्रत्येक स्वास्थ्य संस्थाको दायित्व देहाय बमोजिम हुनेछः

(क) योग्य सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्ने,

(ख) प्रत्येक सेवाग्राहीलाई प्रष्ट र पूर्णरुपमा लेखिएको विरामी पुर्जा उपलब्ध गराउने,

(ग) कुनै पनि रोगको संक्रमण नहुने, स्वास्थ्य संस्थाबाट उत्पन्न हुने फोहोर व्यवस्थापन र संक्रमण रोक्नेतर्फ आवश्यक सुरक्षात्मक उपायको अवलम्बन गर्ने,

(घ) कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, भाषा, जात, जाती, लिङ्ग, पेशा, यौनिक तथा लैंगिक पहिचान, शारीरिक वा स्वास्थ्य

अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचार, सेवा वा शुल्कमा भेदभाव नगर्ने,

(ङ) सेवाग्राही प्रति शारीरिक, मानसिक वा लैंगिक हिंसा हुने कार्य नगर्ने,

(च) आफ्नो संस्थामा उपलव्ध सेवाको प्रकृति, सेवा प्राप्त गर्न लाग्ने अनुमानित समय र लागत, सेवाको कार्यसञ्चालन तालिका, सेवा प्रदान गर्ने चिकित्सक वा स्वास्थ्यकर्मीको नाम, प्रमाणपत्र नम्बर, समय तालिका, सेवामा पहुँच स्थापित गर्ने कार्यविधि तथा गुनासो व्यवस्थापन कार्यविधि बारेको सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्ने,

(छ) उपचार गराइरहेका सेवाग्राहीलाई डिस्चार्ज गर्दा तोकिए बमोजिमको डिस्चार्ज सारांश दिने,

(ज) प्रचलित कानून बमोजिम सेवाग्राहीको गोपनियता कायम राख्ने,

(झ) उपचार गराई रहेका सेवाग्राहीको स्वास्थ्य अवस्था बारे अनिवार्य रुपमा दिनमा कम्तीमा दुई पटक सूचना लिने साथै सेवाग्राहीको स्वास्थ्य अवस्था बारेको सूचना अनिवार्य रुपमा दिनमा कम्तीमा एक पटक सेवाग्राही वा निजको परिवारलाई दिने,

(ञ) नागरिक वडापत्र सेवाग्राहीले सजिलै देख्ने स्थानमा अनिवार्य राख्नुपर्ने,

(ट) तोकिए बमोजिम गुनासो व्यवस्थापन एकाइको व्यवस्था गर्ने,

(ठ) डिजिटल नोटिसबोर्ड तथा वेबसाइटमा आफूले प्रदान गर्ने सम्पूर्ण सेवा सम्बन्धी सूचना नियमित रुपमा अद्यावधिक गर्ने,

(ड) आपत्कालीन स्वास्थ्य सेवाको व्यवस्थापनका समयमा वा जनस्वास्थ्य विपद् घोषणा गरिएका स्थानका निजी तथा सामुदायिक स्वास्थ्यहरूले प्रदेश सरकारसँग समन्वय र सहकार्यमा मन्त्रालयले तोकिदिएको कार्यहरू गर्ने,

(ढ) दफा २४ बमोजिमको नागरिक स्वास्थ्य सूचना सहायता सूचना प्रणालीमा आवद्ध हुने ।

(ण) सेवाग्राही र सेवा प्रदायकको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी निर्माण र सेवाको सुनिश्चितता गर्नुपर्ने,

(२) सामाजिक संस्था वा निजी स्वास्थ्य संस्थाले गरीब र विपन्न नागरिकलाई तोकिए बमोजिम निःशुल्क स्वास्थ्य सेवा प्रदान गरी त्यस्तो स्वास्थ्य सेवा प्राप्त गर्ने सेवाग्राहीको नाम र प्रदान गरिएको सेवाको प्रकृति सम्बन्धी विवरण मासिक रुपमा मन्त्रालयले तोकेको निकाय समक्ष पेस गर्नुपर्ने।

११. **<u>सरकारी निकायलाई जानकारी गराउने</u>:** (१) कसैले दुर्घटना वा अन्य कुनै कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफुसँग भएसम्मको उपचारको सेवा प्रदान गर्नु पर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल स्थानीय तह, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिंदा उपचार गरिएको व्यक्ति र निजसँग सम्बन्धित उपलव्ध भएसम्मको अन्य जानकारी समेत दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त गर्ने सरकारी निकायले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ।

१२. **<u>उजुरी गर्न सक्ने</u>:** यस ऐनको विपरित हुने गरी कसैले कुनै कार्य गरेमा सो कार्यबाट पीडित वा मर्का पर्ने पक्षले तोकिए बमोजिम स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशनालय वा मन्त्रालय समक्ष उजुरी गर्न सक्नेछ।

## परिच्छेद-३

## <u>स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन सम्बन्धी</u>

१३. **<u>स्वास्थ्य संस्थाको सञ्चालन र नियमन</u>:** (१) स्वास्थ्य संस्था सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(२) निजी तथा गैरसरकारी संस्थाले तोकिए बमोजिमको इजाजत पत्र लिएर मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने छ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत इजाजतपत्र नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नगरेको भएमा मापदण्ड जारी भएको मितिले जनशक्ति, उपकरण र सेवाको हकमा तीन महिना भित्र तथा जग्गा र भवनको हकमा तीन वर्ष भित्र मापदण्ड पूरा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले यस ऐन बमोजिम कारबाही गर्नसक्नेछ।

(५) एक पटक इजजात लिएका स्वास्थ्य संस्थाले सेवा विस्तार गर्न चाहेमा प्रचलित कानून बमोजिम तोकिएको निकायबाट स्वीकृत लिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम तोकिएको मापदण्ड तथा उपदफा (२) बमोजिम इजाजत नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू बन्द गरिनेछ।

१४. **<u>मानव स्रोतको व्यवस्थापन र विकासः</u>** प्रदेश सरकारले स्वास्थ्य सेवाको मानव स्रोतको विकास, वितरण र उपयोग सम्बन्धी नीति एवम् मापदण्ड तयार गरी लागु गर्नेछ।

१५. **<u>नियमन, गुणस्तर मापन तथा अनुगमनः</u>** (१) स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुप गुणस्तर कायम गरे नगरेको सम्बन्धमा नियमन, निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) मन्त्रालयले उपदफा (१) मा उल्लेख भएको विषयमा प्रतिकूल असर नपर्ने गरी निर्देशिका वा मापदण्ड पालना भए नभएको विषयमा निरीक्षण र अनुगमन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गरीने निरीक्षण वा अनुगमनका क्रममा मन्त्रालयले कुनै पनि कागजात, अभिलेख वा सूचना माग गर्न सक्नेछ र त्यसरी माग गरिएको कागजात, अभिलेख वा सूचना तत्कालै उपलव्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(४) अनुसन्धान, इजाजत सिफारिस, नियमन, गुणस्तर मापन, अनुगमन तथा मूल्याङ्कन गर्न देहाय बमोजिमको अनुगमन संयन्त्र रहनेछः

| | | |
|---|---|---|
| (क) | इजाजत दिने अधिकारी वा निजले तोकेको अधिकृत | -संयोजक |
| (ख) | रेडियोलोजिष्ट | -सदस्य |
| (ग) | मेडिकल अधिकृत | -सदस्य |
| (घ) | प्याथोलोजिष्ट | -सदस्य |
| (ङ) | नर्सिङ अधिकृत | -सदस्य |
| (च) | जनस्वास्थ्य अधिकृत | -सदस्य सचिव |

(५) उपदफा (४) को खण्ड (क), (ग), (घ) र (ङ) बमोजिमको सदस्यहरू तत्काल उपलब्ध नभएको अवस्थामा सम्बन्धित विषयमा योग्यता पुगी सम्बन्धित परिषद् बाट अनुमति प्राप्त गरेका अन्य स्वास्थ्यकर्मी वा सरकारी सेवामा सो भन्दा मुनिका पदमा कार्यरत स्वास्थ्यकर्मीलाई इजाजतपत्र दिने अधिकारीले सदस्यका रुपमा तोक्न सक्ने छ।

(६) उपदफा (४) बमोजिमको संयन्त्रमा इजाजत पत्र दिने अधिकारीले स्वास्थ्य संस्थाको विशिष्टता आधारमा आवश्यकता अनुसार अन्य विशेषज्ञलाई आमन्त्रण गर्न सक्ने छ।

(७) उपदफा (४) बमोजिम संयन्त्रले तोकिएको अवधिभित्रमा इजाजतपत्र दिने निकाय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ।

(८) यस दफा बमोजिम गरिएको निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजा अनुसार कुनै स्वास्थ्य संस्थाले उल्लेखित मापदण्ड र निर्देशनहरूको पालना नगरेको कारण जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने देखिएमा मन्त्रालयले यस ऐन बमोजिम त्यस्ता संस्थालाई कारबाही गर्न सक्नेछ।

(९) नियमन, गुणस्तर मापन तथा अनुगमन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

(१०) यस दफा बमोजिम नियमन, निरीक्षण र अनुगमन गर्ने अधिकारीले तोकिएको अवधि भित्रमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

१६. **नागरिक स्वास्थ्य बीमा**ः (१) नागरिकको स्वास्थ्य बीमा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेश सरकारले प्रचलित कानून बमोजिम नियमन तथा व्यवस्थापन गर्न सक्नेछ।

१७. **औषधीको मूल्य, फार्मेसी र निःशुल्क औषधी सम्बन्धी व्यवस्थाः** (१) प्रदेशमा कसैले औषधीको बिक्री वितरण गर्न चाहेमा प्रचलित कानून बमोजिम इजाजत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त औषधी बिक्रेताले सरकारले निर्धारण गरेको भन्दा महँगो मूल्यमा औषधी बिक्री गरेको, गुणस्तरहीन औषधी बिक्री गरेको, औषधी बिक्री गर्दा अत्यधिक मुनाफा लिएको, इजाजतपत्र नलिई औषधीको कारोबार गरेको वा इजाजतपत्रमा उल्लेखित शर्त विपरीत औषधीको कारोबार गरेको भनी कुनै औषधी बिक्रेताको विरुद्धमा उजुरी परेमा वा कुनै स्रोतबाट मन्त्रालयलाई जानकारी प्राप्त भएमा मन्त्रालयले प्रचलित कानून बमोजिम आवश्यक कारबाहीको लागि लेखी पठाउन सक्नेछ।

(३) सरकारी अस्पतालले तोकिए बमोजिमका निःशुल्क औषधीहरू अनिवार्य रुपमा भण्डारण गरी चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिश बमोजिम उपलव्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइएको निःशुल्क औषधीको विवरण मन्त्रालयले तोकेको निकायमा तोकिए बमोजिम पठाउनु पर्नेछ।

(५) मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायले औषधी खरिद, ढुवानी, भण्डारण वा वितरण गर्दा औषधीको म्याद गुज्रन नदिने र गुणस्तरको सुनिश्चितता कायम गर्नु पर्नेछ।

१८. **कोष स्थापना गर्न सक्ने:**(१)प्रदेश सरकारले गरीब तथा असहाय, घर ठेगाना पत्ता नलागेको व्यक्ति, जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च बेहोर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई उपचारको व्यवस्था गर्न एक आकस्मिक स्वास्थ्य उपचार कोष स्थापना गर्न सक्ने छ।

(२) प्रदेश सरकारले महिला स्वास्थ्य स्वयंसेविकाको हकहितका लागि महिला स्वास्थ्य स्वयंसेविका कोष स्थापना गर्न सक्नेछ।

(३) प्रदेश सरकारले खोप सेवालाई नियमित र प्रभावकारी बनाउन खोप कोषको व्यवस्था गर्न सक्नेछ।

(४) प्रदेश सरकारले आपत्कालीन स्वास्थ्य व्यवस्थापन कोष स्थापना गर्न सक्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमको रकम रहने छः

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,
(ग) स्थानीय तहबाट प्राप्त हुने रकम,
(घ) स्वदेशी व्यक्ति, सङ्घ संस्थाबाट प्राप्त हुने रकम,
(ङ) नेपाल सरकारको स्वीकृती लिई विदेशी व्यक्ति, सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,
(च) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(६) उपदफा (१), (२), (३) र (४) बमोजिम स्थापना हुने कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **अन्यत्र सेवा गर्न नपाइने व्यवस्था:** (१) सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले सम्बन्धित निकायले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन।

(२) उपदाफा (१) मा उल्लेखित समय बाहिरको समयमा कुनै चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीले सम्बन्धित अन्यत्र सेवा गर्न चाहेमा सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ।

२०. **आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन:** (१) प्रदेश सरकारले आपत्कालीन स्वास्थ्य सेवाको लागि आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह रहनेछ।

(३) उपदफा (२) बमोजिमको द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूहको गठन, काम, कर्तव्य, अधिकार, बजेट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) कानून बमोजिम जनस्वास्थ्य विपद् घोषणा गरिएका स्थानमा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीले निशर्त रूपमा प्रदेश सरकारको निर्देशन बमोजिम कार्य गर्नु पर्नेछ।

(५) जनस्वास्थ्य विपद् घोषणा गरिएका स्थानमा अधिकार प्राप्त व्यक्तिले आवश्यक निरीक्षण र चेकजाँच गर्न सक्नेछ।

(६) जनस्वास्थ्य विपद् घोषणा गरिएका स्थानमा नागरिकको हित अनुकुल हुने गरी प्रदेश सरकारले जारी गरेको निर्देशनको पालना गर्नु सर्वसाधारणको कर्तव्य हुनेछ।

(७) जनस्वास्थ्य विपद् घोषणा गरिएका स्थानमा मौजुदा स्वास्थ्यकर्मीको परिचालनबाट आपत्कालीन अवस्था नियन्त्रण गर्न असम्भव हुने भएमा मन्त्रालयले तोकेको निकायले आपत्कालीन अवस्था अवधिभरको लागि अस्थायी स्वास्थ्यकर्मी वा स्वयंसेवक नियुक्त गरी सो स्थानमा परिचालन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिमका स्वास्थ्यकर्मी वा स्वयंसेवकको नियुक्ती, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(९) महामारी नियन्त्रण, आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापनमा खटिएका चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको प्रोत्साहनका सम्बन्धमा प्रदेश सरकारले निर्णय गरी विशेष व्यवस्था गर्न सक्नेछ।

(१०) महामारी नियन्त्रण, आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन गर्न मन्त्रालयले तोकिए बमोजिम निजी स्वास्थ्य संस्थाहरूलाई पनि परिचालन गर्न सक्नेछ।

२१. **स्वास्थ्य प्रयोगशाला सम्बन्धी व्यवस्थाः** (१) निदानात्मक सेवा सम्बन्धी मूल्य, गुणस्तर, सञ्चालन अनुमति र नवीकरण सम्बन्धी कार्य गर्न प्रदेश सरकारले प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थापना गर्नेछ।

(२) प्रदेश जनस्वास्थ्य प्रयोगशालाले तोकिए बमोजिम प्रदेश भित्रका सरकारी, सामाजिक सङ्घ संस्था वा निजी स्वास्थ्य प्रयोगशाला शुल्क निर्धारणको मापदण्ड र गुणस्तर निर्धारण, अनुगमन, निरीक्षण गर्नेछ।

(३) सामाजिक संस्था वा निजी स्वास्थ्य प्रयोगशालाको दर्ता, नवीकरण र नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्ने:** सम्बन्धित स्वास्थ्य संस्थाले कुनै अर्को स्वास्थ्य संस्थाबाट प्रेषण भै आएका व्यक्तिको सम्बन्धमा गरिएको परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्नेछ।

तर पुनः परीक्षण गर्नु पर्ने भएमा उपयुक्त आधार र कारण खुलाउनु पर्नेछ।

२३. **एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन सम्बन्धी व्यवस्था:** (१) प्रत्येक एम्बुलेन्स सेवा प्रदायक संस्थाले यस ऐन बमोजिम एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालनका लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी अनुमति लिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत अनुमति नलिई सञ्चालनमा रहेका एम्बुलेन्स तथा शव वाहन सेवा प्रदायक संस्थाले मन्त्रालयले तोकेको अवधिभित्र उपदफा (१) बमोजिम अनुमति नलिएमा स्वतः खारेज भएको मानिनेछ।

(३) हाल सञ्चालनमा रहेका एम्बुलेन्स तथा शव वाहन सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नगरेको भएमा मापदण्ड जारी भएको मितिले एक वर्षभित्र मापदण्ड पूरा गरी अनुमति दिने निकायमा अद्यावधिक गर्नुपर्नेछ।

(४) प्रत्येक एम्बुलेन्स तथा शव वाहन सेवा प्रदायक संस्थाहरूले दफा २४ बमोजिमको नागरिक स्वास्थ्य सूचना सहायता प्रणालीमा आवद्ध हुनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मापदण्ड तथा उपदफा (४) बमोजिम नागरिक स्वास्थ्य सूचना सहायता प्रणालीमा आवद्ध नभएका एम्बुलेन्स सेवा प्रदायक संस्थालाई कारबाही हुनेछ।

(६) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **नागरिक स्वास्थ्य सूचना सहायता प्रणाली सम्बन्धी व्यवस्था:** (१) प्रदेश भरका स्वास्थ्य संस्था तथा स्वास्थ्य संस्थामा उपलब्ध चिकित्सक तथा स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा तथा सोको शुल्क, सेवा प्रवाहको प्रक्रिया, एम्बुलेन्स तथा शव वाहन सेवा प्रदायक संस्था तथा तिनले उपलब्ध गराउने सेवा तथा सोको शुल्क आदिका सम्बन्धमा तत्काल जानकारी गराउन मन्त्रालयले नागरिक स्वास्थ्य सूचना प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने छ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रणाली स्थापना तथा सञ्चालनका सम्बन्धमा मन्त्रालयले निर्देशिका जारी गरी लागु गर्नेछ ।

२५. **<u>जनस्वास्थ्य प्रमाणपत्र सम्बन्धी व्यवस्था</u>**: (१) प्रदेश सरकारले फोहोरमैला व्यवस्थापन, सरसफाई, खानेपानी शुद्धता, ध्वनी र वायु प्रदुषण मापन र शौचालयको सरसफाई, भौतिक संरचना र सुविधा सम्बन्धमा मापदण्ड जारी गरी सोको आधारमा तोकिए बमोजिम जनस्वास्थ्य प्रमाणपत्र जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पालना भए नभएको सम्बन्धमा मन्त्रालयले तोकेको निकाय वा अधिकारीले अनुगमन गरी आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

२६. **<u>पोषण सेवा</u>**: प्रदेश सरकारले पोषण सम्बन्धी मापदण्ड जारी गरी लागु गर्नेछ।

२७. **<u>अनुसन्धान गर्न र कार्यदल गठन गर्न सकिने</u>**: (१) प्रदेशमा स्वास्थ्यको सम्बन्धमा अवलम्बन गरिनु पर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा सुझाव दिन मन्त्रालयले आवश्यकता अनुसार अनुसन्धान गर्न गराउन वा विशेषज्ञ चिकित्सक, मनोविद्, मनोविमर्शकर्ता, कानूनविद्, मानसिक स्वास्थ्यको क्षेत्रका सामाजिक अभियन्ता, सञ्चारकर्मी सहितको कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको विषयवस्तु पहिचान, अनुसन्धानकर्ता छनौट, अनुसन्धानकर्ताको कार्य विवरण र पारिश्रमिक मन्त्रालयले तय गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने कार्यदलको कार्य अवधि, काम, कर्तव्य र अधिकार मन्त्रालयले तोके बमोजिम हुनेछ।

२८. **<u>अभिलेख राख्ने</u>**: (१) स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउनु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख मन्त्रालयले तोकेको निकायमा पठाउनु पर्नेछ।

## परिच्छेद-४

## <u>संरचनात्मक व्यवस्था</u>

२९. **<u>प्रदेश जनस्वास्थ्य समिति</u>**: (१) प्रदेशमा स्वास्थ्य क्षेत्रको नीति तथा कार्यक्रम सम्बन्धमा नीतिगत सुझाव दिन प्रदेश जनस्वास्थ्य समितिको गठन गरिनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) मन्त्री, स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोग (स्वास्थ्य सम्बन्धी विषय हेर्ने) -सदस्य

(ग) प्रदेश स्तरमा सञ्चालित मेडिकल कलेजबाट अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(घ) स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयका सचिव -सदस्य

(ङ) सचिव, अर्थ सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय -सदस्य

(च) सचिव, खानेपानी तथा सरसफाई सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय -सदस्य

(छ) सचिव, आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय -सदस्य

(ज) आधुनिक चिकित्सा (एलोपेथी), आयुर्वेद चिकित्सा, होमीयोप्याथीक चिकित्सा लगायत अन्य चिकित्सा पद्धतीसँग सम्बन्धित स्वास्थ्य विज्ञहरू मध्येबाट अध्यक्षबाट मनोनित दुई जना -सदस्य

(झ) निजी स्वास्थ्य संस्थाका सञ्चालकहरू मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(ञ) अध्यक्षले मनोनित गरेको स्वास्थ्य प्रयोगशाला विज्ञ एक जना -सदस्य

(ट) उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थाका पदाधिकारी मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(ठ) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) समितिले आवश्यकता अनुसार अन्य विज्ञहरूलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(५) समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नेछ।

(६) समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३०. <u>**समितिको काम, कर्तव्य र अधिकार:**</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशको स्वास्थ्य सम्बन्धी नीति र योजना निर्माण गर्न मार्ग निर्देशन दिने,

(ख) प्रदेश सरकारका अन्य सबै नीतिमा स्वास्थ्य नीति अवलम्वन गर्ने गराउने,

(ग) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा बहुक्षेत्रीय लक्ष्य एवम् प्राथमिकता निर्धारण गर्ने,

(घ) प्रदेशमा स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी समन्वयको व्यवस्था गर्ने, गराउने,

(ङ) जनस्वास्थ्यसँग सम्बन्धित योजना कार्यान्वयन गर्न आवश्यक सहकार्य, समन्वय तथा अनुगमन गर्ने, गराउने,

(च) प्रदेश सरकारले तोकिए बमोजिम अन्य कार्य गर्ने।

(२) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

**३१. <u>अस्पताल व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकारः</u>** (१) सरकारी अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न देहाय बमोजिम एक अस्पताल व्यवस्थापन समितिको गठन हुनेछः

| | | |
|---|---|---|
| (क) | सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख | -अध्यक्ष |
| (ख) | सम्बन्धित स्थानीय तहको प्रमुख | -सदस्य |
| (ग) | प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (घ) | जिल्ला प्रहरी प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ङ) | स्वास्थ्य कार्यालयको सम्बन्धित जिल्लाको प्रमुख | -सदस्य |
| (च) | उद्योग वाणिज्य सङ्घको जिल्ला प्रमुख | -सदस्य |
| (छ) | जिल्ला रेडक्रस सोसाईटीको प्रमुख | -सदस्य |
| (ज) | स्थानीय समाजसेवीमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई महिलासहित पाँच जना | -सदस्य |
| (झ) | सम्बन्धित अस्पतालको प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमका सदस्यको पदावधि तीन वर्ष हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) अस्पताल व्यवस्थापन र सञ्चालनका लागि आवश्यक साधन र स्रोत जुटाउने,

(ग) अस्पतालको वार्षिक योजना तथा कार्यक्रम तयार गरी मन्त्रालय समक्ष पेस गर्ने,

(घ) अस्पताल व्यवस्थापनको लागि तत्कालिन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने गराउने,

(ङ) अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(च) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(छ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण गर्ने गराउने,

(ज) अस्पतालको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्ने,

(झ) मन्त्रालयले तोकेका अन्य कार्य गर्ने गराउने।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक अध्यक्षले तोके बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको नाममा छुट्टा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहाय बमोजिमका रकम रहनेछः

(क) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ख) नेपाल सरकार र स्थानीय तहबाट प्राप्त हुने रकम,

(ग) अस्पतालले प्रदान गरेको सेवा वापत प्राप्त हुने रकम,

(घ) स्वदेशी व्यक्ति, सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(ङ) नेपाल सरकारको स्वीकृति लिइ विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(च) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(६) उपदफा (१) बमोजिम समितिको कोषको सञ्चालन अस्पतालका मेडिकल सुपरीटेण्डेन्ट र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(७) अस्पतालको मेडिकल सुपरीटेण्डेन्ट उपदफा (१) बमोजिमको समितिको प्रशासकीय प्रमुख हुनेछ।

(८) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार कर्मचारी नियुक्त हुन सक्नेछ र कर्मचारीको नियुक्ति, सेवा र शर्त तोकिए बमोजिम हुनेछ।

(९) उपदफा (१) बमोजिम समिति गठन भएपछि हाल कायम रहेको अस्पताल व्यवस्थापन समिति स्वतः विघटन हुनेछ।

(१०) व्यवस्थापन समितिको गठन, काम, कर्तव्य तथा अधिकार, कोष सञ्चालन, बैठक तथा कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **जनस्वास्थ्य निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) सरूवा रोग र नसर्ने रोगको रोकथाम तथा नियन्त्रण, खानेपानी तथा सरसफाई, पेशागत स्वास्थ्य सुरक्षा, फोहोरमैला व्यवस्थापन लगायत जनस्वास्थ्यका विविध पक्षको समुदायस्तरमा निरन्तर निगरानी, अनुगमन, नियमन, निरीक्षण र व्यवस्थापन गर्नका लागि प्रदेश सरकार र स्थानीय तहले आवश्यक प्रबन्ध गर्नेछ।

(२) उपदफा (१) बमोजिम निगरानी अनुगमन नियमन निरीक्षण र व्यवस्थापन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ५

## कसुर दण्डसजाय सम्बन्धी व्यवस्था

३३. **जरिबाना गरिनेः** कसैले यस ऐनको विपरीत कुनै कार्य गरेमा देहाय बमोजिम जरिबाना हुन सक्नेछः

(क) दफा १० को उपदफा (१) को खण्ड (ग) बमोजिमको दायित्व पूरा नगरेमा बिस हजार रूपैयाँसम्म जरिबाना हुनेछ,

(ख) दफा १३ को उपदफा (३) को पालना नगरेमा पहिलो पटकका लागि लिखित रुपमा सचेत गराइने, दोस्रो पटक तिस हजार रूपैयाँ जरिबाना गरी तीन महिनाको समय थप गर्ने र तेस्रो तथा अन्तिम पटक त्यस्तो स्वास्थ्य संस्था बन्द गरिनेछ,

(ग) दफा १५ बमोजिम तोकिएको मापदण्ड अनुरुप गुणस्तर कायम नगर्ने सामुदायिक सहकारी र निजी स्वास्थ्य संस्थालाई तिस हजार रुपैयाँसम्म जरिबाना हुनेछ,

(घ) दफा १९ बमोजिम सम्बन्धित निकायको पूर्वस्वीकृति नलिई अन्यत्र काम गरेमा चिकित्सक र अन्य स्वास्थ्यकर्मीलाई विभागीय कारबाहीका लागि सिफारिस गरिनेछ भने त्यस्ता चिकित्सक, स्वास्थ्यकर्मी वा कर्मचारीलाई काममा लगाउने स्वास्थ्य संस्थालाई पचास हजार रुपैयाँसम्म जरिबाना गरिनेछ,

(ङ) दफा २३ को पालना नगर्ने एम्बुलेन्स तथा शव वाहन प्रदायक संस्थाले मापदण्ड पूरा नगरेमा बिस हजार रूपैयाँसम्म जरिबाना गरिनेछ।

३४. **<u>जरिबाना तथा कारबाही गर्ने अधिकारीः</u>** (१) दफा ३३ बमोजिमको जरिबाना र कारबाही गर्ने अधिकार तोकिए बमोजिमको इजाजत दिने सम्बन्धित अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको जरिबाना र कारबाही गर्नु अघि सम्बन्धित अधिकारीले तोकिए बमोजिम छानबिन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको जरिबाना तथा कारबाही उपर चित्त नबुझ्नेले मन्त्रालयका सचिव समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेमा १५ दिनभित्र मन्त्रालयका सचिवले तोकिए बमोजिम निर्णय गर्नेछ।

३५. **<u>प्रचलित कानून बमोजिम सजाय हुन सक्नेः</u>** यस ऐन बमोजिम सजाय हुने कुनै कसूरमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुनसक्ने रहेछ भने त्यस्तो कानून बमोजिम सजाय गर्न यस ऐनको कुनै कुराले बाधा पुगेको मानिने छैन।

३६. **<u>आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा सम्बन्धी व्यवस्थाः</u>** (१) आयुर्वेद तथा वैकल्पिक चिकित्साको गुणस्तर अभिवृद्धि गर्न प्रदेश सरकारले तोकिए बमोजिम विशेष व्यवस्था गर्न सक्नेछ।

(२) परम्परागत ज्ञान सिप भएका उपचारकर्मीहरूको सूचीकरण गरी उनीहरूको ज्ञान सिप तथा क्षमतालाई सिर्जनशील उपयोग गर्न मन्त्रालयले तोकिए बमोजिम विशेष व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-६

## <u>विविध</u>

३७. **<u>सूचना दिनुपर्ने</u>**ः नयाँ तथा संक्रामक रोगबारे जानकारी भएमा सम्बन्धित स्वास्थ्य संस्थाले मन्त्रालयले तोकेको निकायमा सूचना दिनु पर्नेछ।

३८. **<u>खोप सम्बन्धी अनुसन्धान गर्ने</u>**ः प्रदेश सरकारले खोपद्वारा नियन्त्रण, उन्मुलन तथा निवारण गर्न सकिने रोग विरुद्ध प्रयोग भइरहेका खोपको पहुँच बढाउने र त्यस्ता रोगको अनुसन्धानको लागि आवश्यक व्यवस्थापन गर्नेछ।

३९. **<u>रोक लगाउन सक्ने</u>**ः जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने वस्तुको विज्ञापन गर्न तथा बिक्री वितरणमा आवश्यक परेमा प्रदेश सरकारले रोक लगाउन सक्नेछ।

४०. **<u>अन्य निकायसँग समन्वय गर्न सकिने</u>**ः मन्त्रालयले देहायका विषयमा अन्य सरकारी निकाय, स्थानीय तह वा स्वास्थ्य संस्थासँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछः

(क) संक्रामक रोगको व्यवस्थापन सम्बन्धी व्यवस्था सम्बन्धमा,

(ख) जनावरबाट मानिसमा सर्न सक्ने रोग सम्बन्धमा,

(ग) सवारी दुर्घटना तथा कार्यस्थलमा हुने दुर्घटना कम गर्ने सम्बन्धमा,

(घ) जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य र सुरक्षा सम्बन्धमा,

(ङ) जनस्वास्थ्य सरोकारका विषयमा नागरिकलाई निरन्तर स्वास्थ्य शिक्षा, चेतना अभिबृद्धि र सचेतना कार्य सञ्चालन गर्ने सम्बन्धमा,

(च) नसर्ने रोग विरुद्धमा समुदायमा आधारित रोकथाम तथा नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा,

(छ) तोकिए बमोजिम अन्य विषयका सम्बन्धमा।

**४१.** **<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**४२.** **<u>अधिकार प्रत्यायोजन</u>:** अधिकार प्राप्त अधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये तोकिए बमोजिमका अधिकार आफु मातहतका निकाय वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**४३.** **<u>बाधा अड्काउ फुकाउन</u>**: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन यस ऐन तथा प्रचलित कानूनको विपरीत नहुने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना जारी गरी आदेश जारी गर्न सक्नेछ।

**४४.** **<u>नियम बनाउने अधिकार</u>:** यो ऐन कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**४५.** **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार</u>:** मन्त्रालयले यस ऐन वा ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

४६. **<u>बचाउ</u>:** यस ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम मन्त्रालय तथा मातहतका निकायबाट गरिएका नियमनकारी कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

**कोशी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**विराटनगर, नेपाल**

Ph.No. : 021-472044, 472653
Email : info.moial@koshi.gov.np
Website : moial.koshi.gov.np